


अग्नि गर्भमा माझिएका शद्धेय येशूभक्तहरु

# अग्नि गर्भमा माझिएका श्रद्धेय येशूभक्तहरू

प्रथम् भाग

लेखक

**फ्रेडरिक सी. जील**

अनुवादक

**भजुराम श्रेष्ठ**

प्रकाशक

भजुराम श्रेष्ठ
काठमाडौं, नेपाल ०१ ५५२७८३०
*bhajupurna@gmail.com*
© प्रकाशकमा सुरक्षित (२०७१, ई.स. २०१४)
प्रथम संस्करण (२०७१, ई.स. २०१४)

प्रकाशन सहयोगी

अमर पोते

कम्प्यूटर लेआउट तथा आवरण चित्र

सुजीत कुमार साह

## प्रस्तावना

इसाई भन्ने शब्द अत्यन्त गरिमामय शब्द हो। इसाई अर्थात् क्रिश्चियन त्यसलाई भनिन्छ जसले येशूको अनुकरणीय उदाहरणलाई ढुक्क भएर आफूले अनुसरण गर्न सकेको दाबी गर्दछ। जबसम्म त्यो स्थितिमा कोही पुग्न सक्दैन त्यसले आफू इसाई हुँ भन्न सुहाउँदैन। यद्यपि, येशूमाथि आस्था राखेर कतिपय मानिसहरू हिँडेका पाइन्छन्। ती मानिसहरू येशूले पहिल्याउनु भएको स्तरमा पुग्न नसके तापनि वा पुग्न पवित्र आत्माको अगुवाइमा प्रयास गरिरहेका हुन्छन्। तिनीहरूको जीवनले येशूलाई पूरै रूपमा प्रतिबिम्ब गर्न नसकेतापनि तिनीहरूले उहाँप्रति सहृदयसाथ बफादारी प्रकट गरिरहेका हुन्छन्। तिनीहरूलाई येशूभक्त वा येशूका अनुयायी भन्नचाहिँ सुहाउँछ। कोही मानिस येशूलाई विश्वास गर्ने वित्तिकै वा बप्तिस्मा लिने बित्तिकै त्यो मानिस परिपक्व वा पाकेको विश्वासी भन्न सकिन्न किनकि येशूभक्तको जीवन क्रमिक रूपमा बढ्दै जाने जीवन हो। येशूभक्तको जीवनले बालक, पुरुष, महिला आदि भन्दैन। उमेर पुगेका मानिस हुन् वा साना बालबालिका हुन्, यदि उनका हृदयमा येशूप्रति अगाध प्रेम छ भने परमेश्वरका अगाडि ती व्यक्ति आँखाको नानी हुन जान्छन्। परमेश्वरको राज्य सम्प्रदाय हुँदैन। जो कोही येशूलाई व्यक्तिगत रूपमा स्वीकार गर्दछ र उहाँको इच्छा र आशामा हिँड्दछ त्यो व्यक्ति परमेश्वरको राज्यमा सहभागी हुन योग्य हुन जान्छ। कुनै सम्प्रदाय वा

डिनोमिनेशनको बिल्ला लगाउँदैमा त्यो व्यक्ति स्वर्गको आनन्द अहिले र पछि पाउँछ भन्ने प्रत्याभूति दिइएको छैन।

येशूभक्तको जीवन संघर्षमय जीवन हो भनेर प्रत्येक विश्वासीले महशूस गर्नुपर्दछ। प्रत्येक येशूभक्तले आफ्नै क्रुस बोकेर उहाँलाई पछ्याउनुपर्दछ भनेर येशू आफैंले भन्नुभएको छ। कतिपय मानिसहरू क्षणिक लाभले गर्दा येशूलाई पछ्याउँदछन्। हो, परमेश्वरको इच्छा हो कि सबै जना सम्पन्न हुन्, कुशल हुन्, खुशी हुन्, सुखी हुन्, बिना अवरोध जीवन धानून् आदि। येशूलाई विश्वास गरेपछि कतिपय मानिसहरूले परमेश्वरको आशीषले ती सबै कुराहरू पाएका छन् भन्ने दाबी गर्न सक्दैन भन्ने छैन। यद्यपि, येशूका जनहरू यस संसारमा पाहुना वा यात्रुका रूपमा रहने हुनाले तिनीहरूले अनेकन् अवरोधहरूको सामना गर्नुपर्नेहुन्छ। येशूले भन्नु भयो, “म भोकाएको थिएँ, तिर्खाएको थिएँ, परदेशी वा अपरिचित व्यक्ति थिएँ, नाङ्गो थिएँ, बिमारी थिएँ, कैदमा थिएँ।" (मत्ती २५:३५,३६)। अर्थात्, येशूलाई विश्वास गऱ्यो भन्दैमा जीवनका सबै पक्षहरूमा उसको पुगिसरी हुन्छ भन्ने छैन- त्यो व्यक्ति गरिबको कारणले भोकले रन्थनिन सक्दछ, आफूले लगाउने कपडा किन्न एक कौडी पनि नहुन सक्छ कारण किन भने त्यो बेरोजगार भएकोले, प्रशस्त पानी नहुँदा तिर्खाउने अवस्थामा पनि पुग्न सक्दछ, उहाँलाई विश्वास गरियो भन्दैमा सबैले मित्रवत वा माया गर्नुपर्छ भन्ने छैन अझ आफ्नै देश वा परिवारमा पनि ऊ अपरिचित हुन्न सक्छ, सधैं

स्वस्थ रहोस् भन्ने परमेश्वरको चाहनाका बावजुद पनि (३ यूहन्ना २) र बिमार निको भएर येशूलाई विश्वास गर्न पुगे तापनि येशूभक्त बिमार नै हुनेछैन भन्ने छैन, येशूलाई विश्वास गर्दा अनेक लाञ्छनाको सामना गर्नु पर्ने पनि हुन्छ वा झूटो अभियोग लगाएर उसको विरुद्धमा मुद्दा चलाएर उसलाई झ्यालखानमा पनि हाल्न सक्दछ। तर येशूले सराहना त्यस व्यक्तिलाई गर्नुहुन्छ जसले ती सबै भौतिक, मानसिक वा शारीरिक कष्टका बावजुद पनि चट्टानमा बनेको घर जस्तै उहाँमाथि बफादार भइरहन्छ।

प्रथम शताब्दीदेखिको इसाई इतिहासमा चार करोडभन्दा बेसी इसाईहरू शहीद भएका थिए र हुने क्रम पनि जारी नै छ। अझ दुःखलाग्दो कुरो त यो छ इसाईहरूलाई शहीद बनाउने, दुःख दिने, यातना दिने मानिसहरूमा इसाई भनाउँदाहरूले नै अग्रपङति ओगटेको पाइन्छ। धर्म तथा सम्प्रदायको नाउँमा अतिवादी भएर हुन्छकि, सरकार र धर्मलाई वैवाहिक सम्बन्धमा जोडेर हुन्छकि, इसाई धर्म रक्षा गर्नुपर्छ भन्ने नाउँमा होकि, वा अरू कुनै कारणले होस् नामधारी इसाईहरूले नै इसाईहरूलाई सास्ती चाहे विगतका इतिहास होस् वा वर्तमान होस् दिइरहेको प्रमाणित छ। येशूलाई नचिन्ने अरू आस्था वा राजनैतिक कारणले दु,ख दिने त आफ्नै स्थानमा छ। यस "येशूका बफादारी श्रद्धेय भक्तहरूसँग एक क्षण" पुस्तकमा केवल केही ती येशूभक्तहरूको जीवन छोटकरी रूपमा च्वास्स छोएको मात्र छ। कुनै सम्प्रदाय वा डिनोमिनेशन वा देशलाई ख्यालमा

नराखी उपलब्ध गरिएको यस पुस्तकको श्रृङ्खलाले येशूलाई विश्वास गर्नुको यथार्थ जीवन के रहेछ भनेर कुँदिएको छ। यस पुस्तकले येशूलाई प्रेम गर्नु भनेको के रहेछ भन्ने आत्मज्ञान पाऊन् भन्ने यस अनुवादकको कामना छ। सन् १९५८मा प्रथम पटक छापिएको यो पुस्तकका लेखक फ्रेडरिक जील हुन्।

यो पुस्तक यस स्थानसम्म ल्याउनमा मेरो आत्मिक सहयात्री श्री उमेश कुमार पोख्रेल, सुजित साह, पण्डित उमानाथ लुइटेल र माया तामाङ्गको देनप्रति म आभारी छु। श्री अमर र लक्ष्मी पोटेले मेरो घरधन्धाको भार बोकी परमेश्वरको कामको लागि मलाई समय उपलब्ध गराएकोमा पनि उनीहरूप्रति म आभारित छु। विशेष गरेर उमानाथज्युले ध्यानपूर्वक यस पुस्तकलाई सम्पादन गरी मूर्त्तरूप दिनुभएकोमा म आभारित छु। यस पुस्तकको प्रथम् संस्करणको छपाईको निम्ति श्री इम्मानुयल शाहप्रति पनि म कृतज्ञ छु। पाठक बन्धुहरूले यस पुस्तकलाई पढी प्रभु येशूप्रतिको मायामा अझ आयाम थपियो भन्ने आभास पाइयो भने यस अनुवादकको अथक प्रयास सफल भयो भनेर परमेश्वरप्रति धन्यवाद दिने मौका पाउने थिएँ।

अन्तमा कोही मानिस येशूभक्त हुँ भनेर दाबी गर्दछन् भने येशूका प्रखर भक्त पावलको देहायको उद्‌गारलाई आत्मसात् गर्न यस पुस्तकमा उल्लेख गरिएका जीवन कहानीहरूले प्रोत्साहित हुन अनुवादक आग्रह गर्दछ। पावलले रोमी ८:३१-३९मा यसरी व्यक्त गर्दछन् “हामीले यसमा

(येशूमाथिको विश्वासमा) के भन्ने त? यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरुद्ध को हुन्छ? ३२ जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र? ३३ परमेश्वरका चुनिएकाहरूका विरुद्धमा कसले अभियोग लाउनेछ? धर्मी ठहराउने परमेश्वर नै हुनुहुन्छ भने, ३४ दण्डको आज्ञा दिने को हो? मर्ने त ख्रीष्ट येशू, हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ। ३५ कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले, अथवा दुःखले, वा खेदोले, वा अनिकालले, वा नग्नताले, अथवा खतराले वा तरवारले? ३६ यस्तो लेखिएको छ, “तपाईंको खातिर हामी दिनभरि मारिन्छौं, काटिने भेड़ाहरूजस्तै हामीहरू गनिएका छौं।” ३७ होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढ़ी छौं। ३८ किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, ३९ उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन।"

**भजुराम श्रेष्ठ**

# विषयसूची


| अध्याय | पृष्ठ |
|---|---|
| १. सन्त पावलको आस्था परिवर्तन | १ |
| २. सामूयल अजेरियाह | ७ |
| ३. अर्थर जाक्सन | ११ |
| ४. जेनभिभ | १५ |
| ५. लौरेन्स सौन्दर | १९ |
| ६. अलेक्जान्दर ह्वाइट | २४ |
| ७. जोन ह्वाइट | २९ |
| ८. फेनिलोन | ३३ |
| ९. सेरभान्स | ३७ |
| १०. मेरी स्लसर | ४१ |
| ११. विलियम लोड | ४५ |
| १२. पालेमन | ४९ |
| १३. भिक्षू भितालिस | ५१ |
| १४. बेनिडिक्ट बिसकप | ५४ |
| १५. जर्ज फक्स | ५८ |
| १६. नोलाको फेलिक्स | ६३ |
| १७. ब्रिजिड | ६६ |
| १८. अलेक्जेन्डर | ६९ |
| १९. मेलास | ७२ |
| २०. एरमिनिल्डा | ७४ |
| २१. आन्थोनी | ७७ |

२२. जोन ह्वाइट ८२
२३. वलस्तान ८७
२४. सबस्टियन ९२
२५. आनियस ९७
२६. भिनासिन्ट १०१
२७. चार्लस कङ्गसली १०५
२८. क्यादोक ११०
२९. पोलीकार्प ११४
३०. जोन क्रिसोसटोम ११८
३१. चार्लस जर्ज गर्दन १२२
३२. सेलसको फ्रान्सिम १२७
३३. बथिल्ड १३१
३४. हन्ना मोर १३५
३५. इग्नेशियस १३९
३६. सीभिरस १४४
३७. बरबुर्गा १४८
३८. जोन रोगरस १५२
३९. जेम्स स्मथम १५७
४०. जर्ज विशहार्ट १६१
४१. सर थोमस मोर १६५
४२. कुथमान १६९
४३. याकोवा डी सेटिसोली १७२
४४. रोलाण्ड टेलर १७३
४५. रिमीनिकी क्लेर १७८

| | | |
|---|---|---|
| ४६. | केदमन | १८२ |
| ४७. | ब्रदर लौरेन्स | १८५ |
| ४८. | अलेक्जान्दर डफ | १८९ |
| ४९. | भ्यालेन्टाइन | १९३ |
| ५०. | लर्ड शाफ्टसवरी | १९७ |
| ५१. | अनिसमस | २०१ |
| ५२. | होरास बुशनेल | २०६ |
| ५३. | मार्टिन लुथर | २१० |

# १ सन्त पावलको आस्था परिवर्तन

**प्रथम शताब्दी**

येशू ख्रीष्ट जीवित भएको बेलामा उहाँका चेला हुने अवसर नपाएतापनि सबै चेलाहरूमा अत्यन्त महान् भएर इतिहासलाई फनक्क फर्काउन प्रमुख भूमिका निभाउने व्यक्तित्व पावल बाहेक सायद अरू कुनै छैन होला। उनको आस्थामा परिवर्तन भएको कारणले रातारात इसाई चर्च नै बदलिएको थियो। चर्चलाई नेतृत्व प्रदान गर्न, मार्गदर्शक बन्न, परमेश्वरको काममा सबैलाई मिलाएर लैजान र गैर-यहूदी देशहरूमा प्रचारकहरू पठाउन बहुआयामिक व्यक्तित्व भएका पावल नै थिए। अत्यन्त सतावटको समयमा पनि इसाईहरूको सङ्ख्या अधिकतमरूपमा बढिरहेको समयमा, इसाईको नाउँमा विभिन्न मत र अनजानमा विभाजित र छरिएका विश्वासीहरूलाई एकत्रित पार्न, चर्चलाई उचित मान्य आकार दिन परमेश्वरले पावललाई समयको माग अनुसार चुन्नु भएको थियो। पावलको त्यस भीषण प्रयासबिना चर्चको काम र चर्चले गर्नुपर्ने प्रचारप्रसारको अस्तित्व सदाको लागि बिलाएर जान्थ्यो होला।

उनको आस्थाको परिवर्तनको प्रक्रिया पनि अत्यन्त उल्लेखनीय र नाटकीय मान्नु पर्दछ। किनभने येशूको मृत्युको लगत्तै इसाईहरूलाई सखाप पार्ने आफ्नो धर्म हो भनेर राक्षस जस्तो भएर उनीहरूको खेदो गरेका थिए। इसाई धर्मको अत्यन्त ठूलो आलोचक र भयङ्कर तथा कट्टर विरोधी पावलले आफ्नै शब्दमा भन्दछ, "मेरो

जीवन कस्तो खालको थियो सो तिमीहरू सबैलाई थाहा छ। कसरी मैले असीमित रूपमा परमेश्वरको चर्चलाई सताएँ र आतङ्कित पारेँ त्यो तपाईंहरूबाट लुकेको छैन।" येशूका अनुयायी स्टिफनलाई ढुङ्गाले हानेर मार्न प्रमुख भूमिका पावलले नै खेलेका थिए। स्टिफन मरिरहेको बेलामा उनको चहकिलो अनुहार र रगताम्य भएको शरीरको सम्झना सायद पावलका सामु जीवनभरी झलझली आइरहेको हुनुपर्दछ।

इस्राएलमा इसाई जमातलाई ध्वस्त पार्दै अघि सरेका अतिवादी पावल, छिमेकी प्रान्त सिरियामा पनि तिनीहरूको त्यही गति गर्न एक हातमा अधिकार पत्र र सायद अर्को हातमा तरबार लिएर सिपाहीहरूसँग घोडा चढ्दै आगो भएर दमस्कसमा कुर्दै थिए। तब अचानक चटयाङ्ग परेझैं उनीमाथि स्वर्गको तेज पऱ्यो। जसरी सूर्यलाई हेर्दा आँखा अन्धा हुन्छ त्यसरी नै त्यो तेजले उनलाई अन्धा बनाएर घोडाबाट लडाइ दियो। त्यसबेला आकाशवाणी भयो। त्यस आकाशवाणीमा पावलकै परम शत्रु येशू बोलिरहनुभएको थियो। हृदय बिदारक स्वरमा उहाँले पावललाई सम्बोधन गर्नु भयोः “सावल सावल, तिमीले मलाई किन सताइरहेका छौ? के पत्थरलाई लात हान्दा आफ्नै खुट्टामा चोट पर्छ भनेर तिमीलाई थाहा छैन?" मुटु भित्र छेड्ने त्यस आवाजको प्रत्युत्तरमा सावलले, जो आस्था परिवर्तनभन्दा अघि उनको नाउँ थियो, भने, “प्रभु म के गरूँ त?" कहाँ जानुपर्छ र कसलाई भेटनुपर्छ भनेर येशूले उनलाई स्पष्ट निर्देशन दिनुभयो। अकमकिएका सिपाहीहरूले अन्धा पावललाई घोडामा चढाएर उनले

भनेको दमस्कसको हननिया भन्ने येशूको विश्वासीको घरमा लगे। त्यहाँ हननियाले उनलाई बप्तिस्मा दिए र उनका आँखामा तेजले गर्दा परेको पाप्रा खसिए। येशूको परम शत्रु अब उहाँका निम्ति जीवन आहुती दिने सावल, पावल भएर इसाई जगत्मा सगरमाथा भएर उनी निस्के। पावलको आस्था परिवर्तनमा एउटा उल्लेखनीय तर्कलाई भुल्नु हुन्न। येशूले उनलाई केवल उहाँलाई किन दुःख दिएको भनेर मात्रै सोध्नु भएको थियो। येशूका अनुयायीहरूलाई कष्ट दिनु उहाँलाई नै कष्ट दिनु हो भनेर एकतः पावलले स्वीकार गरेको थियो भने येशूलाई प्रभु भनेर सम्बोधन गरेर स्वेच्छाले उहाँलाई आफ्नो जीवनको स्वामी बनाएका थिए। दबाबमा नपरी आफ्नो गलत बाटोलाई फनक्क फर्काएर येशूतिर मन, वचन र कर्ममा लाग्ने निर्णय पावल आफैंले गरेको थियो भन्ने कुरा दबाब दिएर वा प्रलोभन देखाएर इसाई हुन्छ भनेर आरोप लगाउने मानिसहरूले सोच्नु अत्यन्त अनिवार्य छ।

आस्थामा नाटकीय रूपमा परिवर्तन गरे पछि उनले गरेको कामहरू प्रेरितको पुस्तकमा लेखिएको छ। यसमा उनको तीक्ष्ण र तगडा नेतृत्वमा इसाई जगत् कसरी विस्तार भयो भनेर वर्णन गरिएको छ। त्यसबेला रोमी साम्राज्य विश्वभरी फैलिएको थियो। रोमी साम्राज्यको राजधानी वा मुटु रोमबाट इसाई धर्म फैलिएर संसारको कुनाकाप्चामा पुगेको थियो। एशिया महादेशको भूभागमा उम्रेको येशूधर्मको पक्षमा परेको मुद्दालाई सम्बोधन गर्न सम्राट् सिजरको सामु पावल सिक्रीले बाँधिएर लगिएको थियो। हो, सिक्रीले बाँधिएर इसाई लोह पुरूष, पावल

रोममा पुगेपनि उनको उपस्थितिले पाश्चात्य धर्म वा गैर इसाई आस्थामा आमूल परिवर्तन ल्याइदियो। त्यसको फलस्वरुप इसाई धर्म, पाश्चात्य देशको मूल धर्म हुन पुग्यो। उनले गर्दा पाश्चात्य इसाई जगत् फेरि कहिलै पनि मूर्तिपूजा गर्ने पुरानो बाटोमा फर्किएन।

पावल खानदानी र प्रतिष्ठित परिवारमा जन्मिएका थिए। तीक्ष्ण बुद्धि भएका पावल समाजको अगुवा हुन तालिम पाएका थिए। उनी जन्मैदेखि पाश्चात्य देश रोमका नागरिक थिए, यद्यपि उनी कट्टर यहूदी थिए र यहूदी धर्मलाई कडा रूपमा पालन गर्दथे। उनको बहुआयामिक भूमिका र स्वभावले गर्दा चर्चलाई नयाँ गतितिर लाग्न र फलिफाप हुन सहयोग भएको थियो। इसाई इतिहासमा उनको बहुमुखी प्रतिभालाई स्वर्ण अक्षरमा लेखिएको छ। कुन लक्ष्यमा पुग्नुपर्छ भनेर बलियो भावना बोकेको पावलमा प्रचण्ड नैतिक जोश थियो। आत्मिक गतिमा जोशिलो भएका पावलमा उल्लेखनीय लगनशीलता थियो। आफ्नो आस्थामा उनी अत्यन्त दृढ थिए। रोमी सिक्रीले बाँधिएर ल्याइएको सिँह जस्तै पावल जस्तो अरू कुनै भक्त र येशूको लागि वकालत गर्न प्रतिभाशाली तर यहूदी धर्मको विद्रोही कहलाएको व्यक्ति इसाई जगत्मा अरू कुनै पनि छैन भने पनि हुन्छ। उनमा भएको जोश, जाँगर, शक्ति र व्यक्तित्वलाई कुनै पनि आधिकारिक व्यक्तिले सामना गर्न सकेको थिएन। येशूका भक्तहरूलाई सान्त्वना दिन, सल्लाह दिन, येशूतिर मात्र मन फर्काएर राख्न, इसाई जगत्लाई निर्देशन दिन इसाई विद्या वा धर्मदर्शन कोर्न,

आफू जस्तै मारमा परेका येशूभक्तहरूलाई उत्साह दिन पावलले पत्रहरू लेखेका थिए।

पावलको अन्तिम पत्र रोमको झ्यालखानाबाट तिमोथीलाई लेखेका थिए। तिमोथी पावलको जवान विश्वासी योद्धा थिए। आफू मृत्युको मुखमा आइपुगेको कठोर सम्झनालाई उल्लेख गर्दै पावलले तिमोथीलाई विश्वासमा अडिग भएर बस्न आह्वान गरेका थिए। कठोर तथा पत्थरको आत्मा तथा राक्षसी स्वभाव भएको रोमको सम्राट् निरोले उनलाई कुनै दया देखाउने सम्भावना नभएको पावलले देखेका थिए। निरो राजाले रोम शहरलाई आफ्नो योजना मुताविक बनाउन त्यसलाई जलाएका थिए। उनको अलोकप्रिय मूर्खताले जनमानसको क्रोध उनीमाथि थपिएको थियो। मानिसहरूको ध्यान आफूबाट फर्काउन इसाईहरूलाई रोम शहर जलाउने अभियोग लगाएको थियो। इसाईहरूमाथि भ्रष्ट सम्राट् र रोमीहरू निर्ममतापूर्वक खनिएका थिए। मानिस चाहे राजा नै वा देशका रक्षक नै किन नहुन्, जब भ्रष्ट हुन्छ ऊ जनावरलाई पनि बेइज्जत गर्ने गरेर निचतामा झर्दछ। निरोले अनजान इसाईहरूलाई अत्यन्त अमानवीय तरिकाले यातना दिएको थियो। तिनीहरूलाई जिउँदै मारेर तिनीहरूमाथि अलकत्राले लिपेर दरबारको बाटोमा जलाउँदै बत्तीको रूपमा प्रयोग गरे। इसाईहरूलाई सिँहहरूको खोरमा जिउँदै फ्याँकिदिएर तिनीहरूको आहारा बनाएका थिए। हो, जुन निरोले इसाईहरूलाई निर्मम यातना दिएर सहिद बनाए, त्यही निरो कलिलै उमेरमा आत्महत्या गरेर मर्नुपरेको थियो। पावलले निर्दोष

इसाईहरूको अन्त देखेर आफ्नो पनि त्यही गति हुने थाहापाएर निराश नहुन तिमोथीलाई लेख्दछः "मलाई मार्न तयार भइसकेको छ। यस संसारबाट छोडेर जाने समय आइपुगेको छ। मैले असल युद्ध लडिसकेको छु। मेरो लक्ष्य पूरा भइसक्यो। मैले विश्वासलाई थामिराखें। दुष्टहरूको प्रत्येक कामबाट परमेश्वरले मलाई छुटाउनुहुनेछ र उहाँको स्वर्गीय राज्यको निम्ति मलाई सुरक्षित राखिदिनुहुनेछ। त्यही परमेश्वरको सदासर्वदा महिमा होस्।"

रोमको कालकोठरीमा उनी एक्लै हुँदा कुनै मित्रको निम्ति पावलले अत्यन्त चाहना गरेका थिए। त्यो मर्मलाई लेख्दै उनले तिमोथीलाई लेख्दछन्, "मकहाँ छिट्टै आऊ।" तर कसैलाई थाहा छैन कि पावल मर्नुभन्दा पहिले तिमोथी उनकहाँ पुग्यो कि पुगेन किनभने उनलाई प्राणदण्ड दिनबाट समय पर्खेको थिएन। एकाबिहान सबैरै परमेश्वरको राजदूत पावललाई सिक्रीमै सिपाहीँहरूले शहरबाहिर लगे। त्यहाँ बाटोकै छेउमा पावललाई ढुङ्गामा टाउको राख्न लगाएर संसारको आखिरी चक्रवर्ती साम्राज्य रोमको तरबारबाट छिनालिदिए। यसरी सारा रोमको महान् व्यक्तित्वले आफ्नो आस्थाको निम्ति सजायँ भोगेका थिए।

# २ सामुयल अजेरियाह

डोरनाकाल दक्षिण भारतका बिशप सामुयल अजेरिया भारतका एक जना पास्टरका छोरा थिए। उनी निम्न जातका हजुरबाका नाति थिए। तर उनी भारती मूलका प्रथम र महान् इसाई धर्मगुरु अर्थात् पास्टर थिए। उहाँको प्रभाव केवल आफ्नो जन्मभूमि भारतवर्षमा मात्र नभएर सम्पूर्ण संसारका इसाई जगत्मा फैलिएको थियो। उहाँलाई सबैले प्रेम र सम्मान गर्थे। तर उहाँलाई विशेष गरेर आफ्ना तेलगु गाउँका बासिन्दाहरूले अत्यन्त सम्मान र माया गर्थे। यस गाउँका इसाईहरू ढोलक तथा झ्याली बजाएर परालका झोपडी तथा चर्च बाहिर येशूका लागि नाच्दथे र गीत गाउँदथे। डोरनाकाल भन्ने गाउँ गरिब, पिछडिएको र भारतको नजरमा सुदूर तथा अनकङ्टार स्थानमा लुकेको गाउँ थियो। त्यहाँ सानो रेलवे स्टेशन मात्र थियो। तैपनि पास्टर अजेरियाले त्यहाँ भव्य चर्च खडा गरेका थिए। त्यो चर्चमा भारत र पश्चिम देशको सर्वोत्कृष्ट डिजाइनको सम्मिश्रण थियो। चाहे पश्चिम मुलुकका विश्वासी हुन् वा भारती मूलका विश्वासी हुन्, त्यस चर्चमा जाँदा आफ्नै देशका चर्चमा परमेश्वरको आराधना गरेको अनुभव हुन्थ्यो। भारतवर्षमा रहेका चर्चहरूमा उनले बनाएको चर्च उत्कृष्ठ नमुनाको चर्च भएको उहाँ चाहनुहुन्थ्यो। यस चर्चले भारतवर्षमा

इसाई आस्थालाई अत्यन्त राम्रोसँग झल्कियोस् भन्ने उहाँको चाहना थियो। त्यस चर्चको छाना पुर्वेली पूजा गर्ने स्थानको जस्तै गोलाकारको थियो। पश्चिमी मूलका चर्चको छाना जस्तै थिएन। त्यस छानामा पूर्वेली कलाले पोतेर क्रुसको चित्रलाई रहस्यमय ढङ्गले कोरेको थियो। उनका ती रचना अत्यन्त साहसी र शक्तिशाली थिए, किनभने इसाई आस्था कुनै पनि भूमिको निम्ति नौलो तथा अनजान होइन तर सबै माटोमा त्यसको जरा गहिरोसँग गाडिएको छ भनेर त्यसले देखाइएको थियो।

डोरानाकाल भन्ने गाउँमा उनले पच्चिस वर्षसम्म आफ्नो सेवाकार्य सम्पन्न गरेका थिए। त्यो अवधिभर उनको मातहतमा एक लाख साठी हजारभन्दा बढी विश्वासीहरू खडा गरेका थिए। त्यस भेगका इसाईहरू प्रायजसो गरिब, निमुखा र निरक्षर थिए। तिनीहरूले धानबालीमा काम गरेर आफ्नो जीविका चलाउँथे। उनीहरूका गाउँहरू एकदम पुराना र दरिद्र अवस्थाका थिए। पास्टर अजेरिया प्रखर वक्ता तथा प्रचारक भएकाले सारा गाउँका गाउँ इसाई भएका थिए। उनको प्रभावले अनेकौं गाउँका मुखियाहरू आफ्ना गाउँलेहरूसहित इसाई भएका थिए। इसाईहरू प्रायजसो उच्च जातका मानिसहरूमा मात्र पहुँच गर्न खोजेको उनले देखेका कारणले निम्न तथा उत्पीडित जातमा पनि येशूको सन्देश पुग्नुपर्छ भन्ने उनको धारणा थियो। त्यसकारण

पिछडिएका जातमा सुसमाचार सुनाउनेमा उहाँले अग्रज स्थान ओगट्नुभएको पाउँछौं। प्रचार गर्ने क्रममा सबैले येशूका शक्तिले मुक्ति पाउँछ भनेर उनले यकिन गराउँदै यो प्रतिबद्धता आफ्नो पछि दोहोर्‍याउन सबैलाई आह्वान गर्दथे, "म बप्तिस्मा लिएको इसाई हुँ। यदि मैले सुसमाचार सुनाइन भने धिक्कार छ मलाई।" "यस्ता मानिसहरूलाई कसरी सुसमाचार सुनाउन सकिन्छ र? तिनीहरूले पढ्न र लेख्न पनि जान्दैनन्" भनेर कसैले सोधेका थिए। अनपढ भएतापनि ती गाउँलेहरूले आफ्नो जीवनको शक्तिशाली परिवर्तनबाट येशूको सन्देश सुनाउन सकिन्छ भनेर उनले जवाफ दिएका थिए। आफ्ना परिवर्तित जीवन नै सबै खालका प्रभावशाली प्रचारभन्दा पनि प्रभावकारी हुन्छन् भन्ने उनको तर्क थियो। एक पटक फेरि एक जनाले उनलाई आफ्नो जिज्ञासा यसरी राखे, "यदि तपाईं कुनै गाउँमा जानुभयो जहाँ येशूका बारेमा कहिलै सुनेका थिएनन्, त्यहाँ तपाईंले के सुनाउनु हुन्छ?" "पुनरुत्थान" भनेर नहिच्किचाइ उनले जवाफ दिए। यस दर्शनलाई आत्मसात् गर्ने क्षमता नै उनको जीवनको रहस्य थियो।

इसाई एकताको निम्ति उनको महान् देन थियो। विभिन्न खेमामा विभाजित इसाईहरूदेखि उनी लज्जित थिए। मूर्तिपूजा गर्नेहरूको संसारमा भएका अनेकौं समस्याहरू तथा आवश्यकताहरूप्रतिको ध्यानाकर्षण गर्न

इसाईहरूका बीचमा सहकार्य हुनुपर्दछ भनेर अभियान चलाएका थिए। सबै इसाईहरूलाई एकताको सूत्रमा बाँधन उनले भरमग्दूर प्रयास गरे। उनले भने, “येशूलाई प्रेम गर्नेहरूका बीचमा कुनै तगारो हुनुहुँदैन। इसाई देश भनाउँदाहरूमा विभाजित इसाई सम्प्रदाय नै आत्मिक कमजोरको जड हुनसक्छ, तर गैर-इसाई देशहरूमा विभाजित इसाई हुनु भनेको पाप हो। यसले येशूको नाउँलाई बदनाम गराउँछ। विभिन्न खेमामा टुक्रिएका इसाईहरूले भारतलाई येशूका निम्ति कहिलै पनि जित्न सक्दैनन्। एकताको समस्या भनेको जीवन र मरणको समस्या हो।" आफ्नो जात र मत अर्थात् डिनोमिनेशनबाट उक्लिएर विभिन्न खेमामा विभाजित भएर पतन हुन लागेका इसाईहरूका बीचमा उनी पुल हुन पुगेका थिए। उनले दक्षिण भारतमा नयाँ चर्चको स्थापना गरे र आधुनिक इसाई जगत्का निर्माता बने।

# ३ अर्थर जाक्सन

अर्थर जाक्सन (१८४४-१९११) बेलायतको बर्कनहेड भन्ने स्थानमा जन्मेका थिए। उनका पिता लिभरपुलका एक व्यापारी थिए। अर्थर एकदम असल इसाई संस्कारमा हुर्केका थिए। उनको परिवारमा येशूभक्तको जोश र जाँगर थियो। उनका पिता इसाई चर्चको एक खेमा प्रेसबेटेरियन चर्चका सक्रिय गैर-कर्मचारी थिए। उनका काका कालबार भन्ने अफ्रिका देशका एक प्रान्तमा मिसिनरी थिए भने, उनकी काकी भारतमा गएर इसाई काममा सक्रिय भएकी थिइन्। उनका प्रथम प्रधान अध्यापक लाब्राडोर भन्ने देशमा कर्मठ इसाई ग्रिनफेलका भाइ थिए। उनी मिशिनरी हुन नै जन्मेका देखिन्थे। उनी सोऱ्हवर्षको कलिलै उमेरमा प्रभुका कामका लागि चुनिएका हुन् भनेर स्पष्ट अनुभव गरे। यसको फलस्वरूप आफूलाई त्यही कामको लागि ढाल्न थाले। मिशिनरीको काममा आफूलाई तयार पार्न सुर कसे। बेलायतको मर्चेन्ट टेलर्स स्कुलमा उनी जेहन्दार विद्यार्थी भएको प्रमाणित गरे।यसको फलस्वरुप क्याम्ब्रिज विश्वविद्यायलमा पढ्न छात्रवृत्ति पाए। त्यहाँ प्रारम्भिक शिक्षामा  प्रथम स्थान हासिल गरेकोले चिकित्सक हुन तालिम लिने अवसर पाए। विद्यार्थी जीवनमा उनले आफ्नो समयलाई अत्यन्त सदुपयोग गरे। उनले असल मित्रहरूसँग सङ्गत गरे। सबैसँग उनले

मित्रवत् व्यवहार गरे। बालबालिकाहरूलाई आइतबार बाइबल सिकाएका थिए। बिदाको दिनमा जब चर्चको कुनै विशेष शिविर हुन्थ्यो त उनी त्यहाँ चिकित्सक अधिकारीको रूपमा सक्रिय हुन्थे। जसले गर्दा उनीसँग हिमचिम हुन्थ्यो र उनी एक दम भद्र भलादमी भनेर चिनिन्थे। “उनी अत्यन्त रमाइला मानिस भनेर" मानिसहरू उनीसँग झुम्मिन्थे। रमाइला गाना गाएर मानिसलाई मुग्ध पार्थे। फेरि परमेश्वरको आराधना गर्नेबेलामा उनमा आत्मियता झल्कन्थ्यो। उनको जीवनी लेख्नेले भनेका थिए, “उनमा भएको शक्ति उनकै प्रार्थनाको बलले हो। उनको जीवनको सङ्घर्षलाई घुँडाबाटै जित्दथ्यो। साँच्चै उनी ख्रीष्ट येशूका व्यक्ति थिए।"

जब चिनमा मिसिनरीको निम्ति बोलावट भएको थियो, त्यहाँ जान अर्थर राजी भए। उनलाई चिनको मुकेदिन प्रान्तमा रहेको मुकेदिन शहरमा पठाइयो। त्यो पच्चिस लाख जनसङ्ख्या भएको शहर थियो। त्यहाँ एक परिवारका वंशले धेरै वर्षसम्म शासन चलाइरहेका थिए। त्यहाँ उनलाई चिकित्सकहरू उत्पादन गर्ने स्कुल खडा गर्न जिम्मा दिइयो। त्यहाँ उनी नोभेम्बर १०, १९१०मा आइपुगेका थिए। केही समय पछि त्यस शहरमा निमोनियाँको महामारी फैलियो। यस महामारीले अर्थरलाई पनि समात्यो। यो रोग उत्तरी चिनबाट मजदुरहरूले चिनको नयाँ वर्ष मनाउन आउने क्रममा फैलाएका थिए। दुष्टको जालो जस्तै यस महामारीले

कसैलाई पनि बाँकी राखेन। त्यस शहरको रेलवे स्टेशन चाहिँ यो महामारी फैलाउने केन्द्रविन्दु थियो, किनभने यात्रुहरूले आफूसँग त्यो रोग ल्याएका थिए। त्यसकारण, लाखौँका रूपमा ओइरिरहेका यात्रुहरूलाई जाँच्न र बिमारीहरूलाई अलग राख्न डाक्टरको आवश्यक भएको थियो। त्यस काममा आफू खटिन अर्थर राजी भए। सरकारले दिने कुनै पनि तलब उनले लिन चाहेनन्। उनले स्वयंसेवकको रूपमा आफूलाई सुम्पे। "म शाही चिनियाँ रेलवे स्टेशनमा रहेर महामारीलाई दक्षिणमा फैलिन नदिन त्यहाँ जाँदैछु।" भनेर आफ्नी बहिनीलाई चिठी लेखे। दुई हप्ताको दौरानमा मृत्युको आमुन्ने-सामुन्ने अर्थर खडा भएका थिए। उनी महामारी फैलिएको उत्तरबाट आउने यात्रुहरूलाई रोकेर त्यस महामारी नभएको दक्षिणमा रहेका लाखौँ जनतालाई रक्षा गर्न रातदिन खटेका थिए।

त्यस रेलवे स्टेशनमा प्रतिकूल अवस्थामा उनी कार्यरत भएका थिए। डिस्पेनसरीको नाउँमा केवल रेलको एक डिब्बा मात्र थियो। बिरामीहरूलाई अलग राख्न कुनै छुट्टै कोठा थिएन।उनलाई चिनियाँ भाषाको ज्ञान थोरैमात्र थियो। ६२ डिग्रीको कठ्याङ्ग्रिने जाडोले त्यस स्थानलाई पिरोलेको थियो। राति चिसो शीतले उनलाई आहत पारेको हुन्थ्यो। हरेक दिन सयौँ मानिसहरूलाई जाँचे र बिरामी भएकाहरूको उपचार गरे। हृदयलाई एकदम छिया छिया पार्ने परिस्थितिमा उनी काम गरिरहेका थिए। आफूलाई त्यो रोग नसरोस् भनेर

भरमग्दुर होशियारी गरे। बाक्लो स्टेरलाइज गरेको कपडाले शिर र नाकलाई छोपेर त्यसबाट सकिनसकी सास फेरेर आफ्नो काममा दिलोज्यान दिए। जुनसुकै कठिन परिस्थितिमा आफू गुज्रिनु परेतापनि उनी हँसिलो हुनुबाट आफूलाई पछि पारेनन्। उनी मर्नुभन्दा अघि अन्तिम शब्दहरू आफ्ना साथीलाई यसरी लेखेका थिए: “हामीले यहाँ पैसा कमाउन त सकेनौं तर मानिसहरू जीवित भएको हेर्न चाहिँ सक्यौं। यस्ता खालको अनुभव जहाँ मानिसहरू मृत्युको मुखबाट विजय प्राप्त गर्छन् बिरलैले देख्न पाउँछन्।"

जनवरी २५ तारिकका दिन त्यस महामारीले उनलाई पनि सतायो र त्यही दिन उनको दुःखद निधन भयो। चिनमा जुन उद्देश्यमा आएको थियो त्यो उद्देष्य पूरा गर्न सुरु पनि गर्न सकेका थिएनन्। तर उनले लाखौं मानिसहरूलाई बचाएको लेखाजोखा कसलाई थाहा होला? उनको त्यागलाई कसले चिनेका होलान् र? उनी केवल छब्बीस वर्षका मात्र थिए। उनको मृत्युमा हजारौं मानिसहरू सहभागी भएका थिए। मोस्टिन हाउस स्कुलमा अर्थरको सम्झनामा स्मृति समारोहमा भएको बेलामा चिनका बडा हाकिमले सार्वजनिक रूपमा उनको प्रशंसा यसरी व्यक्त गरे: “उनको हृदय संसारलाई बचाउन प्रयत्नशील थियो।" यो उद्गार एक शिलापत्रमा लेखेर त्यस स्कुलमा राखिएको थियो।

# ४ जेनभिभ

वर्तमान फ्रान्सको राजधानी पेरिसका बासिन्दाहरूले अत्यन्त श्रद्धा गरेका र त्यस शहरलाई सुरक्षा दिने भनेर मानेका इसाई तारा अर्थात् येशूका अनुयायी जेनभिभ (इस्वी सन् ५१२) एक गोठाला परिवारकी थिइन्। उनी पेरिस शहरभन्दा बाहिर नानटेर भन्ने गाउँमा जन्मेकी थिइन्। त्यस समयमा फ्रान्स धेरै प्रान्तहरूमा विभाजित भएको थियो र अनेकन् शक्तिशाली जातिहरूले राज्य गरेका थिए। जेनभिभ जन्मेको पेरिसका बाहिर प्रान्तहरूमा अट्टिला भन्ने हुन जातका राजाले आफ्नो आधिपत्य जमाएका थिए। जेनभिभ गोठाला तथा किसानी परिवारकी एउटी मात्र छोरी थिइन्। उनी एकदम सुन्दरी र आकर्षित थिइन्। एक दिन उनको गाँउमा इसाईका एक मूल धर्मगुरू जर्मानस अतिथि भएर आएका थिए। उनी फ्रान्सकै अक्सेरर भन्ने शहरको बिशप थिए। जब उनले जेनभिभलाई देखेर अत्यन्त प्रभावित भए। आफ्नो खल्तीबाट एक चाँदीको सिक्का निकालेर जेनभिभलाई दिए र भने, “यो सिक्का तिम्रो साथमा सधैं राख्नू। किनभने यसले तिम्रो र मेरो भेटघाटलाई सधैं सम्झाउनेछ। तर विशेष गरेर यस सिक्काले तिम्रो जीवन परमेश्वरको हातमा छ भनेर याद दिलाउँछ।" त्यो सिक्कालाई अत्यन्त मूल्यवान् मानेर लिइन्। समय बित्दै जाँदा गरिबीले गर्दा उनी कतिपटक

भोकले सताएतापनि त्यो सिक्कालाई कहिलै पनि खानाको लागि उनले साटिनन्। यसैबीचमा उनले आफ्ना भेँडाबाख्राहरूको हेरचाह गर्दै रहिन् र धागो काटेर उनकी कानी आमालाई कपडा बुन्न सघाइरहिन्।

जब उनी पन्ध्र वर्षकी थिइन्, उनका आमाबाबुको मृत्यु भयो। त्यसबाट विरक्त भएर उनी आफ्नो गाउँ छोडेर पेरिसमा गइन्। त्यहाँ उनी इसाई भिक्षुणी भइन् र एक इसाई गुम्बामा कार्यरत भइन्। उनको चोखो तथा सदाचार जीवनको यश जताततै फैलिएको थियो। अनि एक दिन त्यस शहरलाई कब्जा गर्न बाहिर प्रान्तबाट हुन जातिहरू हमला गर्न आए। जब तिनीहरूले शहरका ढोकाहरूलाई चकनाचुर गर्दै आफ्नो शक्तिको प्रदर्शन गर्दै थिए, जेनभिभले त्यो शहरका महिलाहरूलाई जम्मा गरेर परमेश्वरसँग सुरक्षाका निम्ति प्रार्थना गर्न थालिन्। दिनरात ती हुन जातिहरूबाट राहत पाउनको निम्ति रोई कराई परमेश्वरसँग उनी र ती महिलाहरू बलिन्द्र आँसु बगाएर प्रार्थना गरे। तिनले गरिबहरूलाई खाना बाँडिन्, बिमारीहरूको सेवा सुश्रूषा गरिन् र जताततै गएर परमेश्वरमा भरोसा राख्न ढाडस दिइन्। उनले भनिन्, "परमेश्वरले तपाईंहरूलाई रक्षा गर्नुहुनेछ। तपाईंहरूले उहाँमाथि भरोसा राख्नुपर्दछ। एकताका जब शङ्कट एकदम चरम बिन्दुमा पुगेका थियो र पेरिसका मानिसहरू हतास र निराशले पिरोलिएका थिए, तिनीहरूले उनलाई झुट्टा भविष्यवक्ता

हुन् र ढुङ्गाले हानेर मार्नुपर्छ भनेर उनको बिरुद्धमा प्रदर्शन गरे। उनले नै गरेर शत्रुहरूले हमला गरेका हुन् भनेर उनलाई दोष लगाए। तर बयोवृद्ध बिशप जर्मानसले उनलाई बिर्सेका थिएनन्। उनले पारिसमा जेनभिको खिलाफमा विद्रोह गरेको थाहा पाए। जर्मानस मृत्युशैय्यामा थिए। उनले आफ्ना सहकर्मीलाई पेरिसमा पठाएर मानिसहरूको रिसलाई साम्य पारे।

पेरिसका जनहरू हुन शत्रुहरूसँग लड्दै थिए। ती शत्रुहरूले पेरिस शहरलाई घेराबन्दी गरेका थिए। यसले गर्दा त्यस शहरमा बाहिरबाट आउने खानेकुरा तथा अन्य सामग्रीहरूको ठूलो अभाव भएको थियो। विशेष गरेर खानेकुरा नहुँदा मानिसहरू भोकमरीमा परिरहेका थिए। शत्रुहरूले बाहिरबाट कसैलाई पनि शहर भित्र पठाएका थिएनन् न त शहरका मानिसहरूलाई बाहिर। यस्तो त्रासपूर्ण वातावरणमा जेनभिभले एक शून्य रात नदीमा एक्लैले डुङ्गालाई खियाइन्। त्यस डुङ्गालाई शत्रुहरूका आँखा छल्दै नदीको पारि लगिन् र त्यहाँका गाउँहरूमा गएर सहायताका लागि याचना गरिन्। अनि उनले गाउँलेहरूबाट मकै जम्मा गरिन् र शत्रुहरूलाई फेरि छलेर ११ वटा डुङ्गाहरूभरि मकै ओसारिन् र पेरिस शहरका बासिन्दाहरूलाई भोकबाट राहत दिइन्। जब त्यस शहरलाई शत्रूहरूले कब्जामा लिए त्यहाँ चिल्डेरिक भन्ने राजाले शासन गरे। उनले जेनेभिभको बारेमा थाहा पाए र उनको वीरता देखेर उनीप्रति प्रभावित भए।

चिल्डेरिक राजाले उनलाई डाकी पठाए र उनको इच्छा के हो भनेर सोधे। "महाराज, पेरिसका कैदीहरूलाई छुटाउनुहोस्। तिनीहरूको अपराध एउटैमात्र थिए, ती थिए तिनीहरूले आफ्नो शहरलाई ज्यानभन्दा प्यारो गरेका थिए।" उनको यस्तो ममतापूर्ण अनुरोधले शत्रु राजाको हृदय पग्ल्यो र उनको अनुरोधलाई राजाले सहर्ष स्वीकार गरे।

राजा चिल्डेरिकको मृत्यु पछि क्लोभिस भन्ने अर्का मानिस राजा भए। तिनले जेनभिभलाई आफ्नो विश्वासिलो सल्लाहकार बनाए। तिनीहरू दुई जना मिलेर पेरिसमा प्रथम गिर्जाघर बनाए।

केही समयपछि पेरिसले फेरि अर्कै शत्रुहरूको हमलालाई खेप्नु पऱ्यो। त्यहाँका धेरै बासिन्दाहरू त्राहि त्राहि भएर शहर छोडेर भाग्न थाले। तर जेनभिभले फेरि त्यहाँका महिलाहरूलाई बोलाएर शहर बाहिर गाउँमा प्रार्थनाको लागि जम्मा गरिन्। बिहानीपखमा शत्रुहरूले आफ्ना भालाहरूलाई तिखार्दै थिए। तैपनि निडर भएर तिनीहरूबाट राहत पाउन उनी र उनका महिलासाथीहरूले परमेश्वरसँग प्रार्थना गरे। तब रातको समयमा अचम्मसाथ ती शत्रुहरू पेरिसलाई छोडेर दक्षिणतिर लागे। अनि त्यो शहर फेरि पूर्ण विनासबाट बच्यो। त्यही समयदेखि शत्रुहरूले समेत सम्मानित जेनभिभ पेरिसका जनताहरूले उद्धारकर्ता र वीराङ्गना भनेर सम्मान गर्दै आएका छन्।

# ५ लौरेन्स सौन्दर

## बेलायतको केन्टबेरीमा जिउँदै जलाइएको इसाई शहीद

पन्ध्रौं शताब्धीमा रोमन क्याथोलिक चर्चकी अनुयायी महारानी मेरीले बेलायतमा राज गर्दथिन्। उनले रोमन क्याथोलिक भएकै कारण तत्कालीन सुधारवादी अर्थात् रोमको भन्दा पनि बाइबलको बाहुल्यतालाई सर्वोपरि मान्ने इसाईहरूलाई अवैध घोषणा गरेकी थिइन्। त्यसले गर्दा कतिपय इसाईहरू भूमिगत हुनु परेको थियो। रोमन क्याथोलिक बाहेक स्वविवेक अनुसार बाइबल पढ्ने र पढाउनेहरूलाई मृत्युदण्डको सजायँ दिइन्थ्यो। उक्त महारानी मेरीको उर्दीलाई बेवास्ता गरी बाइबललाई नै उच्च मानेर प्रचार गर्ने लौरेन्स सौन्दर प्रख्यात प्रचारक थिए। उनी निडर भएर आफ्ना विश्वासीहरूको सेवामा संलग्न भइरहेका थिए। उनी सम्भ्रान्त परिवारबाट आएका पादरी थिए। उनी बेलायतको प्रख्यात ईटन र क्याम्ब्रिज कलेजमा शिक्षा हासिल गरेका थिए। उनी व्यापारी घरानाका भएतापनि प्रभुको काममा समर्पित हुन अभिषेकको निम्ति चाहना गरेका थिए। केही समयसम्म उनले लिखफिल्ड शिक्षणसंस्थाका रिडर अर्थात् सहप्राध्यापकको रूपमा काम गरे, र पछि लन्डनको अल हालौज चर्चको मुख्य पादरी भए।

एक आइतबार उनले आफ्नो चर्चमा यस्तो प्रवचन दिए, जसले गर्दा सबैमा सनसनाहट भयो। त्यही दिन लन्डनको बिशप डा. बोनरले सिपाहीँहरू पठाएर लौरेन्स सौन्दरलाई गिरफ्तार गरे। बिना मुद्दा नचलाई उनलाई पन्ध्र महिना थुने। अनि पछि महारानीको दरबारिया सल्लाहकारहरूको बीचमा खतरापूर्ण तथा झूटो शिक्षा प्रचार गरिएको अभियोगमा उनलाई उभ्याइयो। त्यसबेला त्यस सल्लाहकारको अध्यक्ष लर्ड चान्सलर अर्थात् बेलायतका प्रधानमन्त्री थिए। पन्ध्र महिनाको काल कोठरीको यात्राले थकित र दुब्लो भएका लौरेन्स सौन्दरलाई बेलायतका प्रधानमन्त्रीले यो हुकुम गरे, “यदि तिमी निशङ्कोच मानेर आफ्नो सिद्धान्तलाई त्यागेर हाम्रो चर्चको सिद्धान्त अनुसार मानेर घर फर्क्यौ भने तिमीलाई दिने क्षमा उपलब्ध छ। त्यसकारण हामीलाई सिधा जवाफ देऊ।" लौरेन्स सौन्दरले चित्तबुझ्दो जवाफ दिन केही समय मागे। तर धर्मको नाउँमा अत्याचार गर्न पल्किएका लर्ड चान्सलरले कठोर भएर उनलाई छुराले घोचेको झैं जवाफ दिए, “तिम्रो अलङ्कारपूर्ण जवाफ हामीलाई चाहिँदैन। तिम्रो अहङ्कारपूर्ण भाषण हामीलाई सुनाउनु पर्दैन। शिर्फ यतिमात्र जवाफ देऊ, हाम्रो प्रस्ताब तिमीलाई स्वीकार्य छ वा छैन।"

त्यस ताका तिनीहरूको बीचमा चर्को वादविवाद चल्यो। आफ्नो पक्षमा लौरेन्स सौन्दरले यसरी बोले,

“मलाई मेरो जीवन र स्वतन्त्रताको माया छ। तपाईंसँग निर्भिक भएर यो भन्न चाहन्छु कि म चौध वर्षदेखि एउटै आस्थामा बसिरहेको छु। रोमको बिशप अर्थात् क्याथोलिक चर्च भ्रष्ट छन् र त्यस चर्चमा गरिएका दुर्व्यवहार र ज्यादतीको लेखा जोखा छैन भनेर त्यस आस्थाले सिकाउँदछन्।" क्याथोलिक चर्चको खिलाफमा दुराग्रह राखेको भनी उनीमाथि सबैले रोष प्रकट गरे। उनलाई पश्चात्ताप गर्न आह्वान गरे। उनको मन फर्कियो भने उनलाई स्वतन्त्रसँग जिउन दिनेछन् भनेर मन फर्काउन खोजे। तर उनले निर्भिक भएर प्रधानमन्त्रीलाई यसरी जवाफ दिए, “महामहिम् प्रधानमन्त्रीज्यू त्यस्तो मोलले मेरो स्वतन्त्रता म किन्न चाहन्न। मानिसले जुनसुकै कठोर यातना दिएपनि परमेश्वरको अनुग्रहले म सहेर बस्छु। तर मेरो चेतना अर्थात् विवेकको खिलाफमा म जान चाहन्न।“

उनीप्रति अर्को आरोपप्रत्यारोप गरियो। उनलाई क्याथोलिक चर्चको बफादारीमा हुल्न अनेकौं मोह देखाइयो तर उनी आफ्नो अडानबाट अलिकति पनि हटेनन्। फेब्रुअरी ४, १५५५मा उनलाई लन्डनको बिशपले इसाई पादरीबाट वर्खास्त गरे। यो सुनेर लौरेन्स सौन्दरले जवाफ दिए, “म परमेश्वरलाई धन्यवाद दिन्छु कि तपाईंको चर्चबाट मलाई निष्कासन गरियो।" भोलिपल्ट बिहान उनलाई महारानीका सिपाँहीहरुका

हातमा सुम्पियो र उनलाई झ्यालखानामा दोऱ्याएर लगियो। त्यसबेला बाटोमा लौरेन्स सौन्दरको जुत्ता सिलाएर सेवा गर्ने व्यक्ति अत्यन्त शोकस्तव्ध भएर उनलाई सान्त्वना दिन उनकहाँ आए।" लौरेन्स सौन्दरले त्यसलाई यसरी सम्बोधन गरे, "हे जुत्ता बनाउने असल मानिस, मेरा निम्ति प्रार्थना गरिदिनुहोस्। चर्चको मुख्य पदाधिकारीमा नियुक्त हुन म भन्दा अत्यन्त अयोग्य व्यक्ति अरू को होला र? तर मेरा अनुग्रही परमेश्वर र मेरा प्यारा परमेश्वर पिताले यो घडी पार गर्न मलाई शक्ति दिनुहुनेछ भन्ने कुरामा म विश्वस्त छु।" त्यस रात उनलाई साधारण झ्यालखानामा राखियो। चर्चको शक्तिलाई भन्दा परमेश्वरमा अगाध विश्वास राख्ने लौरेन्स सौन्दरलाई चोर, डाँका र हत्याराहरूको बीचमा हुत्याइयो। अनि बिहान उनलाई प्राणदण्ड दिने ठाउँमा उभ्याइयो।

पुरानो वस्त्र लगाएर उनलाई नाङ्गो खुट्टासहित मृत्युको कठघरामा उनलाई उभ्याइएको थियो। यदि पश्चात्ताप गरेर रोमन क्याथोलिक धर्ममा फिरे जीवनदान दिइनेछ भनेर महारानीको अन्तिम आम माफीको सन्देश उनलाई सुनाइयो। तर उनले सबैका सामु आफ्नो प्रतिबद्धता यसरी व्यक्त गरे, "मैले कुनै झूटो शिक्षालाई अपनाएको छैन। मैले केवल परमेश्वरको धार्मिक सिद्धान्तलाई मात्र अपनाएको छु। धन्य येशूको त्यस

सुसमाचारलाई म पक्रेर राख्दछु। त्यसलाई म विश्वास गर्दछु र त्यसैलाई मैले सिकाएको थिएँ। त्यसबाट म कदापि तर्केर जान्नँ।" उनको पछाडि दाउरा र परालले घेरेको लट्टा थियो। त्यसलाई चुम्मा गरेर उनले भने, "हे येशूको क्रुस तपाईंलाई स्वागत छ। अनन्त जीवनलाई स्वागत छ !" अनि येशूका महान् योद्धालाई रोमन क्याथोलिक चर्चका पदाधिकारीहरूले जिउँदै जलाइयो। प्रभु येशूमा पाइने मुक्तिको मोल कत्रो रहेछ भनेर लौरेन्स सौन्दरको बलिदानको कथाले हामीलाई जानकारी दिएको छ।

# ६ अलेक्जान्दर ह्वाइट

(१८५७-१९५१ जनवरी ६)
(बेलायत)

बाल्यकालमा अलेक्जान्दर ह्वाइटले गाई गोठालाको काम गरेर आफ्नो जीवन निर्वाह गरेका थिए। पछि उनले जुत्ता सिउने पसलमा काम गरेर घर खर्च चलाएका थिए। उनी बेलायतको किरिमुर भन्ने गाउँमा जन्मेर हुर्केका थिए। उनी जन्मेकै बेलामा उनका बाबुले घर छोडेर बेपत्ता भएका थिए । यसको फलस्वरूप उनकी आमा र उनी गरिबीको चपेटामा परेका थिए। हातमुख जोड्न पनि उनीहरूलाई अत्यन्त कठिन भएको थियो। गरिब भएतापनि आमाले अलेक्जान्दरलाई परम्परा अनुसार इसाई आत्मिक ज्ञानमा तालिम दिएकी थिइन्। परमेश्वरप्रति आमाको श्रद्धापूर्ण झुकावले गर्दा उनी प्रभावित भएका थिए। आमाको प्रभावले उनले इसाई पादरी बन्न निर्णय गरे। यसलाई लक्ष्य बनाएर उनले पढाइमा अत्यन्त लगनशीलता देखाए र पछि गाउँको स्कूलको एक शिक्षक बने। पछि उनी अबेरडिन एकेडेमीमा पढ्न गए। त्यहाँ प्रख्यात प्रचारक जे. एम. बारीका भाइसँगै एउटै कोठामा बसे। दुई जना नङ्ग र मासु सरह घनिष्ट मित्र भए। दुवै जनाको मन मिलेकोले

उनीहरू धार्मिक क्रियाकलापमा पनि एकरुपतासाथ काममा संलघ्न भए। पढाइको कार्यक्रम पछि अलेक्जान्दर ह्वाइट बेलायतकै इडनबरा भन्ने शहरको फ्री सन्ट जर्ज भन्ने चर्चमा मूल पादरी भएर काम गरे। त्यहाँ उनी ४७ वर्ष काम गरे। तर जब उनले पहिलो पटक आफ्नो गाउँ किरिम्युर चर्चमा प्रचार गरे त्यसबेला डरले उनी अत्यन्त छटपटाएका थिए। त्यसले झन्डै प्रचारक बन्ने चाहनाको अन्त भएको थियो। एक जना साथीलाई उनले सोधेः "जब म प्रचार गर्न पुल्पिटमा उक्लें, तब मेरो मुटु ढुक ढुक भएर कामेको सुन्नुभएको थियो?"

उनी विलक्षण प्रचारक भएकोले बाइबलका पदहरूलाई स्पष्ट रूपमा व्याख्या गर्न निपूण थिए। बाइबलका गहिरो रहस्य प्रभावकारी रूपमा प्रस्तुत गर्ने उनको गुण बिरलै मानिन्थ्यो। बाइबलका वचनहरू अभिनय र शक्तिशालीपूर्वक जनसमक्ष ल्याउने वरदान उनमा भएकोले उनले प्रचार गर्ने बेलामा धेरै मानिसहरू जम्मा हुन्थे। उनको साप्ताहिक बाइबल क्लासमामात्र पाँचसय युवाहरू थिए। उनको वाचनकला गहिरो र गम्भीर थियो। त्यतिमात्र नभएर उनको प्रचार गर्ने शैलीको स्पष्टता र विस्तृत ज्ञानले गर्दा मानिसहरू उनीप्रति आकर्षित हुन्थे। फेरि काल्पनिक दृष्टान्तहरूले गर्दा मानिसहरूका दिमागमा गहिरो छाप पर्थ्यो। उनको

शैलीमा कसैले पनि प्रवचन दिनसक्दैन भन्ने लोकको भनाइ थियो। अहिले पनि उनले लेखेका प्रवचनहरू हामीले पढ्दा त्यसबाट आगोका ज्वालाहरू निस्केर हाम्रा हृदयहरू तताएको अनुभव गर्न सक्छौं। उनी मरेपनि ती प्रवचनहरूबाट उनी जीवित भएको हामी महशूस गर्दछौं र तिनीहरूमा उनको जलिरहेको हृदयको अनुभव गर्न सक्छौं। विभिन्न प्रसिद्ध विद्वान लेखकहरूका साहित्यमा उनी अत्यन्त परिचित थिए। तिनीहरूमा शेक्सपियर, दाँते, जोन बन्यान, पास्कल आदि थिए। विभिन्न आध्यात्मिक व्यक्तित्वहरूका बारेमा पनि उनको ज्ञान थियो। उनी अत्यन्त उदार चरित्रका थिए। उनी बाइबलसम्बन्धी ज्ञानका शिखर पुरुष थिए र परमेश्वरको बाटोको रहस्य उनलाई थाहा थियो। उनको जीवन बाइबल सम्मत थियो।

अरूका निम्ति प्रार्थना गर्नु अति आवश्यक छ भनेर प्रचार गर्दै उनले भनेः "मेरो जीवनमा अहिले पनि यस्तो मानिस छ जसका निम्ति प्रार्थना गर्न मैले बेवास्ता गरेको छु। दिनौं र हप्तौंमा पनि उसको नाउँ मैले उच्चारण गरेको छैन। उसको निम्ति म चोखो बन्न खोज्दथें। तर दैनिक प्रयास गरेर धर्मी हुनु मेरो निम्ति पहाड चढ्नु जस्तै हो र मैले जानाजानी त्यस मानिसप्रति असंवेदनशील भएँ। तर परमेश्वरको इच्छाले होला, एक दिन मेरो हातमा एक

पत्र पऱ्यो। त्यो चिठी कहाँबाट आएको हो सो देख्ने बितिकै मेरो सातोपुत्लो उड्यो। तर जब मैले त्यो चिठी खोलें र पढें, प्रिय मित्रहरू, मलाई के भयो सो भनू त? मैले मेरो साथीको हत्या गरेको महशूस गरें। मेरो हातमा डोरी छँदा छँदै त्यो डोरी उनलाई नदिएको कारण उनी डुबेर मरेको अनुभव मैले गरें। मेरो नसा नसामा उसको क्रन्दनको प्रवाह उसकै रगतले बगिरहेको मलाई लाग्यो। मलाई अत्यन्त आत्मग्लानी भयो। अनि मानौं एउटा आवाजले सडक तातिरहेको मलाई अनुभव भयो। त्यो आवाज निद्रामा पनि चुप भएको थिएन। त्यो आवाज थियो, "त्यो मानिसको हत्या गर्ने तिमी नै त्यो मानिस हो।" जबसम्म उसको नाउँ दिनदिनै परमेश्वरको सामु राखिँन तबसम्म मलाई चैन हुनेछैन भनेर मलाई निश्चय भयो। अनि मेरो प्रार्थनामा उसलाई सधैं सम्झने बाचा मैले गरें।"

अलेक्जान्दरका प्रवचनहरू अत्यन्त मार्मिक थिए। एक दिन चाडको दिनमा बेलायतकै ग्राम्पिन क्षेत्रमा उनी घुमिरहेका थिए। त्यो जाडोको याम थियो र उनी केही मात्रामा उदास थिए। अनि स्किहालिन पहाडमा सेतो हिउँ उनले अचानक देखे। त्यसबेला भजनसंग्रह ५१को उनलाई याद आउँछ र आफ्नो अनुभव यसरी व्यक्त गर्दछन्: "दुई घन्टा म एक्लै हिँडें र प्रार्थना गरें। त्यस

चिसो बाटोमा सात आठ माइल हिंड्दा पनि परमेश्वरको नजिक भएको आभास मैले पाँइन। मेरो विवेकले उपहास गर्दै मेरै मुखमा मुक्का हानेको जस्तो अनुभव गरें। दुई घन्टासम्म परमेश्वर बिना म संघर्ष गरिरहें। त्यस चिसो अपरान्ह मैले न त परमेश्वर न त कुनै मानिसलाई भेटैं। तर जब म ठिङ्ग उभिएर स्किहालिनमा हेरें त्यो पहाड माथिदेखि तलसम्म सेतो हिउँको पोशाक ओढिरहेको भेट्टाएँ। यसले दाउदको वचन मलाई याद आयो र त्यसले मेरो भित्री हृदयमा घोचेको आभास मैले पाएँ। दाउदले भनेको थियो, —मलाई धुनुहोस् र म हिंउभन्दा सेतो हुनेछु।‘ त्यत्तिकै बेला म परमेश्वरको साथमा भएको अनुभव गरें। अँ, परमेश्वर मेरो साथमा हुनुभएको मैले विश्वास गरें। जबसम्म जूनको उज्यालोमा म घर पुगिंन तबसम्म मेरो हृदय प्रार्थनाले जलिरहेको थियो।"

# ७ जोन ह्वाइट

**(१८६६-१९३३, अगस्ट ७) मेथोडिस्ट प्रचारक**

जोन ह्वाइट अमेरिकाको कम्बरलाण्ड शहरका मेथोडिस्ट सम्प्रदायका प्रचारक थिए। उनी एक किसानका छोरा थिए। सन् १८९४मा उनी अफ्रिका महादेशमा रहेका दक्षिण रोडेशियाको माशोनलाण्ड भन्ने ठाउँमा मिशिनेरी भएर गए। त्यसबेला अफ्रिका महादेशलाई अत्यन्त अन्धकार महादेश भनेर चिनिन्थ्यो। अफ्रिकाका भूभाग प्राचीन युगको अवस्थामा थियो। जग्गा जमिनलाई व्यवस्थित ढङ्गले आवाद गरेका थिएनन्। आफ्ना क्षेत्रहरूलाई कब्जा गरिराख्न आदिवासी जात जातिहरूको बीचमा अनेकन लडाईँ हुन्थे। जोन ह्वाइट गएको माशोन प्रान्तका मानिसहरूलाई छिमेकी मताबिले भन्ने प्रान्तका मानिसहरूले अत्यन्त क्रुर तरिकाले दबाइ राखेका थिए। मताबी जातिका मानिसहरूले माशोनीहरूलाई त्राहि त्राहि बनाएर राखेको हुनाले भित्र भित्रै मतावीको विरुद्धमा अत्यन्त क्रोधका ज्वालाहरू बलिरहेका हुन्थे। यसले गर्दा बेला बेलामा माशोनीहरूले खुलारूपमा मताबीबाट मुक्त हुन विद्रोह गर्दथे। जोन ह्वाइट यस्तो दबिएको, पिल्सिएको त्रासै त्रासले बाँचिरहेका आदिवासीहरूको बीचमा बत्ती जस्तै भएर उनीहरूको सेवा गर्न पुगेका थिए। उनको कोमल स्वभावले तिनीहरूको मन जितेका थिए। उनीहरूका बालबालिकाहरूलाई शिक्षादीक्षा दिनु, बिरामीहरूको सेवासुश्रुषा गर्नु र

परमेश्वरको बारेमा प्रचार गर्नु उनको दैनिक क्रियाकलाप थिए। सबैले उनलाई बाबा भनेर सम्बोधन गर्दथे। बाबा ह्वाइट दयनीय र पिल्सिएको जाति माशोनाका संरक्षक तथा पिता भएका थिए।

जब जातिहरूको बीचमा घमासान झगडा भएको थियो त्यस बेला उनले आफ्नो अत्यन्त महान् सद्‌गुण देखाएका थिए। छिमेकी मताबिलेका मानिसहरूले ती मशानीहरूको आम हत्या गर्न अग्रसर भएका थिए। अनि स्थानीय बासिन्दाहरू डरले त्राहि त्राहि भएर जङ्गल जङ्गलमा लुक्नु परेको थियो। त्यसबेला जोन उनीहरूको सहजकर्ता भएर काम गरे र उनीहरूप्रति आफू बफादारी छु भन्ने प्रत्याभूति दिन उनी सफल भएका थिए। उनीहरूलाई आश्वस्त बनाउन उनले तिनीहरूलाई भनेः “प्रत्येक रात तिमीहरूको बीचमा सुत्नेछु। तिमीहरूको छाप्रो बाहिर म सुतिदिनेछु। यदि शत्रुहरूले तिमीहरूलाई मार्न आए पहिला तिनीहरूले मलाई मार्नु पर्नेछ।" उनको यस्तो आदर्श तथा नैतिक साहसले गर्दा ती आदिबासी मानिसहरूले उनीप्रति अत्यन्त असिमितरूपमा दृढ विश्वास गरेका थिए। शान्त र स्थिर आत्माले परिचालित भएर सान्त्वना दिन उनी गाउँले र बिद्रोहीहरुका अखडामा जान्थे। शून्य रातमा मूर्दाहरूलाई उनले गाड्थे। अनि बिद्रोहीहरूसँग उनी मेलमिलापको निम्ति पहल गर्थे।

उनी तीस वर्षसम्म यस्तो प्रतिकूल वातावरणमा कार्यरत भए। उनको अथक प्रयासमा त्यहाँ वाडिलोभर

तालिम केन्द्रको स्थापना भएको थियो जुन अहिले पनि सञ्चालित भइरहेको छ। जोनको तालिम केन्द्र, त्यस समयकालमा गुज्रिएको दुःख, कष्ट र शङ्कटको स्मारक स्वरुप रहेको छ। उनले आफ्नो साथीलाई यसरी चिठी लेखेः "घरमा आउन पाएको भए कस्तो आनन्द हुने थियो होला ! तर यदि म द्वन्दहरूको बीचमा रहने परमेश्वरलको इच्छा भए त्यसलाई त्यागेर घर आउनु भनेको मैले अत्यन्त डरछेरुवाको नीति अवलम्बन गरेको हो भनेर देखाउँदछन्। म परमेश्वरको बाटोमा हिँडेको छु भन्ने नीति भएकोले नै मलाई कुनै पनि नाजुक नैराश्यताले निल्न सक्दैनन्। मेरो आशा केवल परमेश्वरमा नै छ।"

"उनी यसरी उभिएको देख्थे" उनलाई चिन्ने एक जनाले भने, "अफ्रिकाको चकमन्न घाम उदय भएको बिहानी पखमा उनी होचा, हट्टाकट्टा कामदार जस्तो देखिन्थे। उनको छालाको बुटले कुर्कुच्चा मात्र ढाक्दथे। उनको लुगाले केवल तिघ्राहरूलाई मात्र छोप्दथे। काँडै काँडाले उनका घुँडाहरूलाई उत्पात मचाएका थिए। महिनौंसम्म दारी काट्न नपाएकोले त्यसलाई मुठा बनाएर बेरेका थिए। उनको लट्टै लट्टा भएको कपाललाई टोपीले छोप्न सकेको थिएन।

जाति जातिहरूको बीचमा युद्ध भइरहेको बेलामा मिशनका अखडाहरू स्थापना गर्नु सहज थिएन। आफ्नो ज्यानलाई हातमा राखेर लुकीछिपी लड्नेहरूका बीचमा आफू पनि लुक्दै घुँडा टेक्दै आफ्नो कामलाई निरन्तरता उनले दिए। उनी त्यहाँका जाम्वेसी नदीलाई पनि पार

गरेर अरू इलाकाहरूमा पनि आफ्नो कामलाई विस्तार गरे। जतातत्तै उनी गए त्यहाँ आत्मिक रूपमा मानिसहरू निरिह अर्थात् कङ्गाल भएको उनले देखे। उनको आफ्नो घर भन्ने थिएन, किनभने बिहानदेखि बेलुकासम्म उनी हिँडेको हिँडै हुन्थे। हिंस्रक पशुहरूसँग सामना गर्न बन्दुकको भारी पनि उनले बोक्नु परेको थियो। तातो हावा उनको अनुहारमा भट्टीको आगोको ताप जस्तै हानिन्थ्यो। एक बडादिनको दिनमा उनको टाँगा पानीमा भासिएको थियो। झम झम पानीबाट बचन त्यही बग्गीमा ओत लागेर बसेका थिए। पानीले उनलाई झण्डै डुबाउनै लागेको थियो। उनले स्कुलहरू स्थापना गरे, शिक्षकहरूलाई भर्ना गरे, स्थानीय बोलीचालीलाई लिखित भाषामा उतारी दिए र पवित्र धर्मशास्त्र बाइबललाई पनि स्थानीय भाषामा उल्था गरे। सबैको मन जितेकोले दक्षिण रोडेशियामा उनी अत्यन्त उल्लेखनीय व्यक्ति बनेका थिए। त्यस क्षेत्रका सबै मानिसहरूले उनलाई अत्यन्त सम्मान गरेका थिए। परमेश्वरको शक्तिले उनी अरूभन्दा अत्यन्त सम्माननीय व्यक्ति भएका थिए। उनको साहस, अथक प्रयास, त्याग र निस्वार्थी व्यक्तित्वले गर्दा दबिएका, हेपिएका र ओझेलमा परेका धेरै माशोनिक मानिसहरूको जीवनलाई उकास्न उनी सफल भएका थिए।

# ८ फेनिलोन

**(ई.सं.१६५१-१७१५) फ्रान्सको कम्ब्रेयाइको मूल पादरी**

फ्रान्स्वा डु सालिगनाक डुला मन्थे-फेनिलोनको जन्म फ्रान्सको पेरिगोर्ड भन्ने प्रान्तमा भएको थियो। उनको जन्म भएको बेलामा फ्रान्समा लुई चौधले राज्य गरिरहेका थिए। फेनिलोन, गाउँका ठुलाबडा तथा धनाढ्य परिवारमा जन्मेका थिए। उनका काका त्यस समयका फेनिलोन भन्ने स्थानको गन्यमान्य मानिस थिए। सानै उमेरमा फेनिलोनले परमेश्वरको वचनमा विलक्षण बुद्धि प्रकट गरेका थिए। उनी पन्ध्र वर्ष हुँदा पेरिसमा सानो तर चुनिएको चर्चका सदस्यहरूलाई प्रचार गरेका थिए। त्यसपछि उनी सन्ट सलपिस भन्ने इसाई गुम्बामा प्रवेश गरे र त्यहाँ उनी इसाई भिक्षु भए। जन्मजात उनी शिक्षक भएकोले उनले युवाहरूलाई सिकाउने काम गरे। त्यही सिकाउने सिलसिलामा उनले बुरगुन्दिका राजकुमारलाई शिक्षादीक्षा दिन नियुक्ति भए। ती राजकुमार फ्रान्सका भविष्यका राजा थिए।

पाँच वर्षपछि उनी फ्रान्सकै प्रान्तमा रहेको कम्वेयाइ चर्चको आर्कबिशप अर्थात् मूल पादरी भए। सबै कुरामा उनी सज्जन बिशप थिए भनेर उनले प्रमाणित गरेका थिए। त्यस समयमा फ्रान्समा केही इसाई धार्मिक सम्प्रदायहरू थिए। ती सम्प्रदायहरू कुनै लोकप्रिय थिए

भने, कुनै थिएनन्। तीमध्ये इसाई मौनसम्प्रदायलाई कतिले मान्न चाहेका थिएनन्। यस सम्प्रदायले मानिसहरूलाई परमेश्वरमा गहिरो तथा जोशिलो तरिकाले विश्वास गर्नुपर्छ भनेर सिकाउँथे। फेनिलोनले माक्सिमा अभ सेन्टस् अर्थात् सन्तहरूको आदर्श भन्ने पुस्तक लेखेका थिए। यसमा परमेश्वरलाई गहिरो र जोशिलो प्रकारले विश्वास गर्नुपर्छ भनेर वर्णन गरेका थिए। यस पुस्तकलाई सरकारले जाँचेका थिए। फेनिलोन मौनसम्प्रदायको पक्षमा लागेको भनी सरकारले उनीप्रति आपत्ति जनाएका थिए। उनले टेलिमान्क भन्ने उपन्यास पनि लेखे। त्यो उपन्यास राजाको प्रेमी जीवनलाई पर्दाफास गरेको भनी सरकारले उनलाई दोष लगाए। मूल पादरी भएको हुनाले उनी राजाको दरबारको कर्मचारी पनि भएका थिए। तर उनको पुस्तकले राजदरबारमा खुलम-खुला आउनेजाने बाटो वन्ध गराए। फ्रान्समा यो पुस्तकमाथि बन्देज लगाइयो, तर अन्त यसको ख्याती चाहिँ अझ फैलिएको थियो। फेनिलोन अत्यन्त धर्मी र इमान्दारी व्यक्ति थिए। राजा रजौटाहरूका कुकृत्यलाई उनले खुला रूपमा विरोध गर्दथे। जे गरे पनि हुन्छ भन्ने खुला मनस्थिति बोकेका तथा दण्दहीन समाजले परमेश्वरको साँघुरो बाटोको बारेमा वकालत गर्दा उनी दरबारियाहरूबाट घृणित हुन पुगे। उनी अत्यन्त भलादमी र सदाशयी गुण भएका मानिस थिए। फ्रान्सका सिपाहीँहरूलाई आफ्नै पैसा खर्च

गरेर खुवाउँदा उनको उदारतालाई देखाएका थिए। उनको विलक्षण ज्ञान र मिलनसार गुणले गर्दा त्यस समयका गन्यमान्य व्यक्तिहरूमा उनी लोकप्रिय भएका थिए। उनी अग्ला र पातला मानिस थिए। उनका आँखाहरूबाट मानौं आगोका ज्वालाहरू निस्किरहेका हुन्थे। उनी प्रखर वक्ता भएकोले उनीप्रति मानिसहरू मनमुग्ध हुन्थे। उनको अनुहारमा यस्तो चमक थियो कि उनलाई देख्नेले कहिलै पनि बिर्सन सक्दैन थियो।

उनको दयालु क्रियाकलापबारे धेरै कथाहरू बाहिर आएका छन्। एक दिन राजाले रिसाएर रानी ग्युयानलाई झ्यालखानामा हालेका थिए। राजाको रिसलाई वास्ता नगरी आफ्नै कामलाई पनि जोखिममा पारेर उनी राजा समक्ष दुखद् रानीको छुटकाराको निम्ति याचना गरे। एक दिन कामकै सिलसिलामा उनी आफ्नो चर्च भवनबाट टाढा गएका थिए। त्यसबेला एउटा दुखद् समाचार उनको हातमा पर्‍यो। उनको चर्च र उनी रहेको भवन आगलागी भएर नष्ट भए। त्यसका साथै उनका पुस्तकालयमा रहेका सम्पूर्ण किताब र महत्वपूर्ण व्यक्तिगत कागतहरू नष्ट भए। यो समाचार उनले शान्तसँग ग्रहण गरे र भने कुनै गरिबको घरभन्दा उनको घर जलेको राम्रो नै माने, किनभने गरिबको घर जल्दा उसको सबै श्रीसम्पत्ति नष्ट हुन्थ्यो। “परमेश्वरको महिमा होस्, किनभने कुनै गरिबको घर नष्ट भएन !" भनेर

भावुक भएर आफ्ना भावना व्यक्त गरे। आफन्तहरूप्रति पनि उनी उदार थिए। आफ्ना भतिजाहरू उनका साथ रहँदा उनी अन्यन्त रमाउँथे। ती भतिजाहरूमा एक जना फ्रान्सका सिपाही थिए र उनको रेखदेखमा फेनिलोनले अत्यन्त ध्यान पुऱ्याएका थिए। उनकी अपाङ्ग भतिजीको शल्यक्रिया हुनेबेलामा उनले उनलाई बराबर पत्र व्यवहार गर्दथे र व्यावहारिक सुझाबहरू पनि दिन्थे। "फ्रान्समा भएका सबभन्दा असल शल्य चिकित्सकबाट उपचार लेऊ। पैसाको चिन्ता नगर। पैसाको कुनै अभाव हुने छैन। तिम्रा नर्सका निम्ति म के दिन सक्दिन र? तिम्रा निम्ति म निरन्तर प्रार्थना गर्दछु। परमेश्वरको वेदीमा तिम्रो नाउँ लिइरहन्छु।" उनको पत्रले भतिजीलाई अत्यन्त प्रोत्साहन मिलेको थियो। "परमेश्वरमा तिमी सुम्पिदेऊ। अधैर्यमा धैर्यवान् बन्न कोशिश गर।"

उनी आफ्ना चर्चका सदस्यहरूको अभावमा पनि अत्यन्त संवेदनशील थिए। धेरै इसाई तीर्थयात्रीहरू उनकहाँ आउँथे र सरसल्लाह माग्थे। उनी प्रोटेस्टेन्ट र क्याथोलिक दुवै सम्प्रदायका मानिसहरूमा लोकप्रिय थिए। सबैले उनलाई मनपराउँथे। उनको जीवन सरल तर नीतिगत थियो। उनको बोलीमा सत्य थियो। उनको व्यवहारमा कहिल्यै पनि देखावटी धर्म झल्केको थिएन।

# ९ सेरभानस

**सेरभानस (ई.सं. ४८२) अस्ट्रिया**

पाँचौं शताब्दीमा युरोपको अस्ट्रिया भन्ने सानो देश अत्यन्त अविकसित थियो। त्यसबेला विभिन्न स्थानहरूबाट जङ्गली मानिसहरू आएर गाउँ गाउँ लुट्दथे। यसले गर्दा त्यहाँका गाउँ होस् वा शहर होस्, सबै मानिसहरू त्राही त्राही हुन्थे। तिनीहरूलाई कसैले पनि सुरक्षा दिन सकेको थिएन। त्यसै बखतमा एक जना नचिनेका र रहस्यमय मानिस देखा परे। ती मानिस ती देशका बासिन्दाहरूलाई सघाउन आएका थिए। उनको नाउँ सेरभानस थियो। अस्ट्रियाका मानिसहरूको कष्टमा साथ दिन र तिनीहरूलाई सहायता गर्न परमेश्वरले नै उनलाई खटाएको थियो भनेर उनी विश्वस्त भएका थिए। उनले आफ्नो नामबाहेक अरू चिनारी कसैलाई दिएनन्। तर उनको व्यक्तित्वले उनी कुनै साधारण मानिस थिएनन् भनेर देखाएको थियो। उनको रहनसहनले उनी विद्वान् र उच्च खानदानका मानिस भएको आभास सबैले पाएका थिए। उनी अफ्रिका महादेशको कार्थेज भन्ने देशको रोमी नागरिक भएको र सन्त अगस्टिनकै देशका बासिन्दा थिए भनेर सबैले महशुस गरेका थिए। रोमी साम्राज्यका निरङ्कुस राजा अटिल्लाको मृत्यु

भइसकेको थियो। उनको मृत्युपछि देश टुक्रा टुक्रा भएको थियो। एक समय एकत्रित साम्राज्य अब अन्योल र भताभुङ्ग भएको थियो। युरोपका हरिया र आवादी क्षेत्रहरू अगुवा बिनाका सैनिकहरूले जथाभावी कब्जा गर्दथे। त्यहाँका बासिन्दाहरूलाई उनीहरूले लुटपाट गरेर उनीहरूको जीवनलाई तहस नहस बनाइ दिएको थियो।

यस्तो पीडादायी, विपत्ति र दयनीय अवस्थामा सरभानस देखापरेका थिए। उनी अस्ट्रियाको राजधानी भियनाको एउटा पहाडमा कुटी बनाएर बसेका थिए। त्यसबेला भियनाका बासिन्दाहरूलाई तिनीहरूमा आउने विपत्तिको बारेमा जनाउ दिएका थिए। तर उनको कुरा कसैले सुनेनन्। भियनाका जनताहरू ती जङ्गली मानिसहरूबाट आफूहरू सुरक्षित भएको र कसैले पनि उनीहरूलाई हमला गर्नेछैन भनेर गौरव गर्दथे। त्यसले गर्दा सरभानसको चेतावनीलाई हँस्सी उडाउँथे। जब उनको कुरो सत्य सावित भयो तब मानिसहरू आएर तिनीहरूको अगुवाइ गर्न अनुरोध गरे। चुपचाप र नम्रतासाथ उनी शहरमा आएर आक्रमणकारीहरूबाट राहत पाउन र सुरक्षित हुन मानिसहरूलाई सुसङ्गठित गरे। उनको जोश र जाँगरले मानिसहरूको हृदयमा नयाँ हृदयलाई रोपे। जङ्गली जर्मन घोडचढीहरूसँग सामना गर्न मानिसहरूलाई उनले ढाढस दिए। आफ्नो शहरलाई साहसका साथ सुरक्षा गर्न उनले हौसला प्रदान गरे।

अनि अचम्म तरिकाले दानुवेमा भएका बरफहरू पग्ले। नदीको भलको साथै उनीहरूको निम्ति थुप्रै खानाका जहाजहरू तिनीहरूतिर बगाइए। जङ्गली जाति गोथहरूको अगाडि निडर भएर सेभेरिनस खडा भए। उनको त्रास ती जातिहरूमा फैलिएको थियो। मानौं परमेश्वरको हात उनीमाथि थियो भनेर शत्रुहरूले आभास पाएका थिए।

जब आतङ्कको बादल हट्यो तब उनी गुफामा गएर भिक्षु धारण गरेर बसे। तैपनि बेलाबेलामा छिमेकी शत्रु जातिहरूले अष्ट्रियाका बासिन्दाहरूलाई दुःख दिन्थे। त्यसबखत उनी आफ्ना जनहरूलाई राहत उपलब्ध गर्न सक्रिय भूमिका खेल्थे। खानेकुराहरू उपलव्ध गराउँथे, बन्दीहरूलाई छुटाउन सहजकर्ताको भूमिका निभाउँथे र शत्रु-शत्रु जातिहरूको बीचमा मेलमिलाप गराउन प्रयास गर्दथे। त्यसका साथै धेरै परोपकारी काम र मानिसहरूलाई धार्मिक आस्थातिर फर्काउन उनले प्रयत्न गरेका थिए। तर उनको ठूलो समस्या भनेकै मानिसहरूकै बीचमा रहन बाध्य भएपनि कसरी अलग जीवन बिताउने भन्ने थियो। मानिसहरूको हित चिताउन उनीमा ठूलो दबाब थियो। जति परमेश्वरसँग एकल जीवन बिताउन उनी चाहना गर्दथे त्यत्ति उनको माग मानिसहरूका बीचमा ठूलो थियो। उनी सरल जीवन बिताउन चाहन्थे। अष्ट्रियाका शत्रुहरू पनि उनीदेखि अत्यन्त प्रभावित भएका थिए। एक दिन उनको गुफामा

जङ्गली मानिसहरूको सुरो, अहङ्कारी तर छटपटिएको सरदार ओयाडेसर उनलाई भेट्न आए। तर गुफाको ढोका सानो थियो र ती योद्धा अग्ला थिए। "निहुरनु" भनेर सेभारिनसले भने। अनि त्यो महत्वाकाङ्क्षी जर्मन अर्थात् गोथ नम्र भएर निहुरिए र सेभारिनस बसेको ठाउँमा उनको आशीर्वाद पाउन पुगे।

सेभारिनसले अष्ट्रियामा धेरै चर्चहरू खडा गरे। त्यहाँका र बाभरिया भन्ने देशका मानिसहरूलाई सुसमाचार सुनाए। उनको प्रयासले धेरैले येशूलाई विश्वास गरे। त्यस भेगमा उनी अत्यन्त लोकप्रिय भएका थिए। सबैले उनलाई सन्त वा सिद्ध भनेर पुकार्दथे। मध्य जाडोका समयमा डानुवे नदी चिसोले जमेको बेलामा पनि उनी खाली खुट्टाले हिंड्दथे। केवल एक जोर लुगा बाहेक अरू केही उनीसँग थिएन र केहीको पनि चाहना गरेनन्। अन्त समयसम्म उनले सरल र तपस्वी जीवन अपनाए। चर्चका प्रमुख अगुवा वा बिशप बनाउन उनलाई कोशिश गरियो, तर चर्चमा आफ्नो भाऊ खोज्न नचाहेकोले कुनै पनि उनले पदलाई स्वीकार गरेनन्। अझ उनी अभिषेक गरिएको व्यक्ति हो कि होइन भन्ने कुरामा कोही पनि यकिन थिएन। तीस वर्षसम्म यस सन्त र सक्रिय मानिसले आफ्नो क्रियाकलाप जारी राखे। उनी कहाँबाट आएका हुन्, यथार्थमा उनको चिनारी के हो भनेर कसैलाई थाहै नदिए तापनि उनले अष्ट्रियामा आफ्नो उल्लेखनीय र साहसिलो काम त्यत्तिका वर्षसम्म सम्पन्न गरे।

# १० मेरी स्लसर

## कलाबार देशकी मेरी स्लसर (१८४८-१९१५)

एक दिन “अफ्रिका महादेशका प्रान्त कलाबारमा मिशिनरी भएर जाने मेरो सपना थियो" भनेर मेरी स्लेसरले आफ्नो मनशाय व्यक्त गरेकी थिइन्। उनी स्कटल्याण्डको जुत्ता सिउने बाबुकी छोरी थिइन्। आर्थिक बिपन्नताले गर्दा कलिलै उमेरमा कलकारखानामा काम गर्नु परेको थियो। एघार वर्षको उमेरमा उनले डुन्डि मिल भन्ने कपडाको कारखानामा चौध बर्षसम्म काम गरेकी थिइन्। उनका निम्ति ती दिनहरू अत्यन्त पीडादायी थिए। उनका पिता जँड्याहा थिए जसले गर्दा पारिवारिक जीवन झन निष्ठुर भएको थियो। घरमा बस्न मन नलागेकोले कहिलेकाहीँ कुनै सानोतिनो पसलमा गएर सुत्थिन भने कहिलेकाहीँ सडकमै रातभरि घुमिरहन्थिन्। उनको जीवन एकल जीवन थियो। तर एकदिन एक इसाईले उनका निम्ति प्रार्थना गरे, अनि उनी आइतबार बालबालिकाहरूलाई बाइबलको बारेमा सिकाउने शिक्षिका भइन्। यसले गर्दा उनको जीवनमा राहत मिलेको थियो। उनले आफूलाई र आफ्नी आमालाई यसरी पत्र लेखेकी थिइन्ः “एक दिन पनि चर्चमा गइन भने म कुनै पर ग्रह वा चन्द्रमामा भागेर लुकेको महशुस गर्दछु। चर्चमा म दिलोज्यान दिएर समावेश हुन्छु।" हो, यथार्थमा चर्च र बाइबलले उनलाई शक्तिसम्पन्न गराएको थियो।

आफ्नो देशबाट बाहिर सुसमाचारको काम गर्न जानु अघि उनी आफ्नै शहरको छेउछाउमा रहेका झोपडीहरूमा गएर त्यहाँका मानिसहरूको सेवा गर्दथिन्। जब सन् १८७४मा अफ्रिकाका निम्ति प्रख्यात मिशिनरी डाक्टर लिभिङ्स्टोनको देहान्त भयो तब स्कटल्याण्डको स्कटिश चर्चका मानिसहरूमा मिशिनरी भएर जाने जोश चलेको थियो। यही परिवेशमा मेरीको सपना पनि विस्तारै पूरा हुन थाल्यो। उनले स्कटल्याण्डको एडनवर्गमा आफू मिशनरी हुन चाँडै नै तालिम लिइन्। त्यसपछि विश्वको कठिन देशमा मिशनरी हुन आफ्नो यात्रा सुर गरिन्। उनी केवल अठ्ठाईस वर्षकी मात्र थिइन्। उनलाई वर्षको केवल साठी पाउण्ड मात्र तलब दिइन्थ्यो। त्यहाँ उनले साहसिलो र नित्य कठोर परिश्रमको जालोमा आफूलाई पार्ने काम गरिरहिन्। परमेश्वर र मानव कल्याणमा समर्पित मेरीको जीवन चर्या यस्तो हुन्छः अन्धकार सिससागर अर्थात् दलदले भूमिमा रहेर त्यहाँका दासहरूसँग घुलमिल, झुपडी तथा सानोतिनो टहरामा बसी मानिसहरूको सेवा, धामी झाँक्री र निर्वस्त्र मानिसहरूसँग रहनसहन, जँड्याहा र काटामार गरिने असभ्य र पतित समाजमा सम्झाउँदै घुमफिर आदि। यस्तो खुङ्खार तथा खतरायुक्त गाउँहरूमा समर्पित मेरीले आफनो अत्यन्त आदर्शमय कामलाई सञ्चालन गरेकी थिइन्।

जङ्गली, निरङ्कुस र कानुनहीन ओकोयोङ्ग जातिको बीचमा सफलतासँग काम गर्नु नै उनको उत्कृष्ट उपलब्धि थियो। उनले भनेकी थिइन् “ म त्यस्तो नयाँ

जाति र नयाँ देशमा जाँदैछु जहाँका मानिसहरू अत्यन्त क्रुर, भयङ्कर डरलाग्दा मानिसहरू बस्दछन्। सबैले मलाई यो भन्छनकि तिनीहरूले मलाई मार्छन्।" त्यहाँ तिनले अफ्रिकाको परम्परा अनुसार अनेकौं सैतानका रूपहरूलाई पूजाआजा गरेको दृष्यको सामना गरेकी थिइन्। "यदि मेरो उद्धारकर्ता मेरो साथमा भएको मैले महशूस नगरेको भए, म बहुलाउने थिएँ।" उनले लेखिन्। जब जब जाति जातिको बीचमा काटमार हुन्थ्यो तब तब स्थानीय महिलाहरूलाई बचाउन उनी तिनीहरूको अगाडि खडा हुन्थिन्। अनि ती लड्ने मानिसहरूलाई अगाडि नबढ्न चुनौति दिन्थिन्। एकदिन सरदारको छोराको मृत्यु भयो त्यहाँको चलन अनुसार त्यसबेला उनलाई गाड्ने बेला युद्धबन्दीहरूलाई नरबली दिन अराएका थिए। तीन हप्तासम्म तिनले ती महिला र केटाकेटी युद्धबन्दीहरूलाई लुकाइ राखे। तिनीहरूमा तर्सेर आकुलव्याकुल भएका एक आमा र बच्चा पनि थिए। तिनले तिनीहरूलाई सन्दुकमा लुकाइ राखे। उनले रिसाहा र जँडयाहा भिडलाई सम्माल्न खोजिन्। उनले कुनै मानिसलाई बली दिन पाइँदैन भनेर अडान लिइन्। अनि ती जातिहरूको इतिहासमा प्रथम पटक नरबलीबिना सरदारको छोरालाई गाडियो। यो उनको पहिलो कदम थिएन। त्यस भेगका कतिपय मानिसहरूले उनको सामना गर्न नचाहेकोले लुकी छिपी नरबली चढाई मानिसहरूलाई गाड्थे। तर कय्यौं पटक उनी ती मानिसहरूलाई थाहै नदिई तिनीहरूका साथमा उभिन्थिन् र नरबली गर्न रोक

लगाउँथिन्। मानिसहरू भाला र हतियारहरू लिएर युद्धबन्दीको बली दिन तयार हुन्थे। तर उनको साहस र धैर्यताले गर्दा ती जङ्गली मानिसहरू आजित हुन्थे र तिनीहरूले बलिको लागि तयार भएका व्यक्तिलाई छुटाउँथे।

धेरै बिमारले गर्दा उनको शरीर शिथिल हुन्थ्यो, तैपनि उनको आत्मा वा जोश जाँगरिलो नै हुन्थ्यो। उनले घरायसी कारणले पनि दुःख पाएकी थिइन्। आफ्नो कामको निम्ति विवाह गर्ने इच्छालाई त्यागेकी थिइन्। तर प्रतिकूल तथा सङ्घर्षमय जीवन बिताउनु परेतापनि उनले कहिलै पनि हरेश खाइनन्। उनी ज्वरोले सिकिस्त भएर थला परेका बेलामा लेखेकी थिइन्, "मेरो हृदय गाइरहेको छ। ओहो, सहानुभूति भनेको यस जगत्‌को अत्यन्त मूल्यवान् तत्त्व रहेछ।" हतास र निराश भएकालाई उनले यसरी सल्लाह दिन्थिन्ः "आफ्नो नशालाई सुकाएर छिट्टै बूढी नहोऊ। जहाँ पनि सङ्घर्ष गर्न पटुका कस र तिम्रो हृदयलाई जवानीमा राख।" उनको बारेमा कसैले लेखेका थिए, "उनी जस्तो हिम्मत भएकी महिला सायद बिरलै होलान्।" उनको जीवनीको बारेमा लेख्नेले लेखेका थिएः "चिरस्मणीय शहीदहरूमा उनको स्थान अत्यन्त अग्रिम पङ्क्तिमा रहेको छ।" उनको मृत्यु सन १९१५को जनवरी १३ मा भएको थियो।

# ११ विलियम लौड

## विलियम लौडः बेलायतको क्यान्टबरी चर्चको मूल बिशप (सन् १५७३-१६४५)

स्वाभिमान र इसाई लौहपुरूष विलियम लौडको भाग्य नै इसाई शहीद हुनु थियो। हो, सङ्कुचित मनका भएपनि उनी विद्वान् थिए। अरू इसाईहरूलाई पुर्वाग्रहले हेरेतापनि उनमा धेरै उल्लेखनीय गुणहरू थिए। एक दिन बेलायतका राजा चार्ल्सले भनेका थिए, “यो कस्तो बेचैन आत्माले भरिएको मानिस हो ! जब सबै थोक राम्रो भइरहेको छ त उसले त्यसलाई राम्रोसँग हेर्नै सक्दैन। कतिकुराहरूलाई फ्याँकेर परिवर्तन गर्न उनी अति मनपराउँछन्। अनि उसको मगजमा तैरिरहेको धार्मिक सुधारलाई बाहिर ल्याउन चाहन्छन्। यस्तो मानिसलाई मकहाँबाट लैजाऊ। तर म दृढतापूर्क भन्छु, यसले पछुताउनुपर्नेछ।"

आफ्ना प्रतिद्वन्दीहरूप्रति विलियम कठोर थिए। उनीहरूलाई तितो दृष्टिले हेर्थे र उनीहरूको तर्कलाई सुन्नपनि उनी चाहँदैन थिए। उनी चिसो मन भएका र तार्किक निर्णय गर्नसक्ने व्यक्ति थिए। तैपनि उनी उद्देश्य प्रेरितमा चलेका मानिस थिए। आफ्नो मनलाई एकताको सूत्रमा बाँधेर अघि बढ्ने विलियममा अरू

असल गुणहरू पनि थिए, जस्तैः लगनशील तथा परिश्रमी, दृढसकङ्कल्पित, निस्वार्थी र प्रशासनिक काममा निपुण। यसले गर्दा बेलायतको इसाई जगत्मा उनी धरोहरको रूपमा खडा भएका थिए। आफ्नो इङ्गलिश चर्च क्याथोलिक चर्चको विशुद्ध तर सुधारिएका अङ्ग थिए भनेर विश्वास गर्दथे। त्यस चर्चले अपनाएका लक्ष्य र कामको उत्थान र सम्बर्धनका निम्ति उनी दिलोज्यान दिएर चलेका थिए। उनको यो विचारले बाइबलमा मात्र विश्वास गर्ने शुद्धाचारवादी अर्थात् प्युरिटनहरूसँग विवादमा फसेका थिए। उनको दवाब सहन नसकेकोले कति इसाईहरू अमेरिकाको न्यु इङ्ग्लाण्डमा शरण लिन जानुपरेको थियो। त्यत्तिमात्र होइन, उनको कट्टरवादी नीतिले गर्दा आफ्नै चर्चका कतिपय पादरीहरूबाट चिसिनु परेको थियो। क्याथोलिक चर्चप्रति बेलायतका बढी जनसङ्ख्या रूष्ट थिए। यसले गर्दा उनी जनमानसमा लोकप्रिय थिएनन्।

सहिष्णुतामा कम भएतापनि आफू स्पष्ट नीतिमा हिँडेकोले उनको साहस र इमान्दरीमा कसैले पनि प्रश्न उठाउन सक्दैनथ्यो। नरम नीति अपनाए, कार्दिनल अर्थात् बेलायत चर्चको उच्च पदाधिकारी बन्ने गोप्य प्रस्तावलाई उनले ठुक्र्याइदिए। जब उनका शत्रुहरूले उनको मुकाबिला गरे तब उनले आफ्ना गुण र मूल्यमान्यताहरूलाई अभूतपूर्वक प्रस्तुत गरे।

उनका बैरीहरूले उनलाई चर्चको पदबाट निलम्बन गरे र उनको मुद्दाको सुनुवाईको निम्ति लाम्बेथ शहरमा बोलाइयो। जब त्यस ठाउँमा आफ्नो बग्गी लिएर डुङ्गामा चढेर गएका थिए, तब त्यो डुङ्गा डुब्यो तर कोही पनि हताहत भएनन्। उनले सातवर्षसम्म त्यस ठाउँबाट ओहोर दोहोर गर्नुपर्‍यो। अन्तिम पटक उनी बेलायत लाम्बेथ शहरको टावर अर्थात् कैदखानामा थुनिन पुगेका थिए। तैपनि उनले निर्भीक र नझुक्ने चरित्रलाई कायममै राखे। त्यसबेला उनले आफ्नो डायरीमा लेखेका थिएः "म लाम्बेथमा बसिरहेँ। म हँस्सी उडाउने मानिसहरूबाट टाढै बसेँ। चर्चमा प्रार्थनाका निम्ति बेलुका गएँ। त्यसबेला त्यस दिनको भजनसङ्ग्रहको अध्याय र यशैया ५० अध्याय पढेँ। यसले मलाई ठूलो सान्त्वना मिल्यो। मैले भोग्नुपर्ने दुःखको लागि परमेश्वरसँग आभारित भएँ। मलाई थाहा छैन यस मामिलामा मलाई परमेश्वरले किन योग्य तुल्याए। जब म आफ्नो बस्ने स्थानमा फर्कें तब त्यहाँ सयौं गरिब र मेरा शुभचिन्तकहरू भेलाभएका थिए। त्यसबेला उनीहरूले मेरो सुरक्षाको निम्ति प्रार्थना गरे। उनीहरूलाई मैले आशीष दिएँ र परमेश्वरलाई धन्यवाद दिएँ।

जब उनी कैदखानामा थिए, तब उनी आफ्नो घरमा कहिलैपनि फर्कन सकेनन्। उनी सत्तरी वर्षका भइसकेका थिए। उनको स्वास्थ्य एकदम खस्केको

थियो। उनको खिलाफमा धेरै सुनुवाई भएको थियो र उनलाई खत्तम गर्न चाहनेहरूले उनलाई अदालतमा उभ्याएका थिए। बाटो र भट्टीहरूमा गाइनेहरूले उनको हँस्सी उडाएर मजाकसाथ गाउँदथे। बाइबलमा भनेको झैं उनको दुर्गति भएको थियोः "जो मानिसहरू शहरका ढोकाहरूमा उभिन्छन् तिनीहरूले मेरो बेइज्जत गरे। जँड्याहाहरूले मेरो नाउँ काडेर हँस्सी र मजाक उठाए।"

चारवर्षपछि अदालतमा उनको अन्तिम सुनुवाई भयो। उनलाई मृत्युदण्डको फैसला सुनाइएको थियो। जब उनले मृत्युको सामना गरेका थिए त्यसबेला उनको अनुहारमा चमक थियो। मृत्युपछि उनका शत्रुहरूले भने, "उनका गालाहरूमा रङ्ग लगाएका थिए।"

भजनको पुस्तकबाट उनले अत्यन्त साहस पाएका थिए। उनले लेखेका प्रार्थनाहरू अझ पनि उल्लेखनीय छन्। आफ्नो प्यारो देश र जनताका निम्ति गरेको प्रार्थना अझै पनि प्रख्यात छन्। उनले यी प्रार्थना गरेका थिएः "मेरो देश र जनताले निरन्तर रूपमा अन्तिमसम्म तपाईंको सेवा गर्दै रहून्।"

# १२ पालेमन

सन् ४०० शताब्दीको कुरो हो। इजिप्ट अर्थात् मिश्र देशको मरुभूमिको गुफामा एक जना बयोवृद्ध पालेमन नाम गरेका इसाई भिक्षू थिए। एक दिन उनीकहाँ एक जना पाखोमिनस भन्ने युवक भेट्न आए। ती युवक भर्खर सैनिक सेवाबाट अवकास पाएका थिए। युवक आएको मनशाय पालेमनले सोधे। ती युवक संसारदेखि विरक्त लागेर ती भिक्षूको चेला बन्न आएका थिए। ती भिक्षूले अपनाएका आन्कोराइट भन्ने इसाईमतमा आफू सामेल हुनचाहेको मनशाय त्यस पाखोमिनसले उनलाई व्यक्त गरे। त्यस भिक्षूले पाखोनिमसलाई लिन अस्वीकार गरे किनभने भिक्षूले अपनाएको मरुभूमिको कठोर जीवन त्यस युवकले पालन गर्न सक्दैन भनेर उनले सोचेका थिए। ती भिक्षूले युवकलाई भने, “बाबु, म रोटी र नुनबाहेक केही पनि खान्न। मैले मद्यपान कहिलै पनि गरेको छैन र रातभर जागरण बस्छु।"

पाखोनिमसले जवाफ दिएः “म प्रभु येशूलाई हृदयदेखि विश्वास गर्छु। तपाईंको जीवनशैलीलाई अपनाउन र तपाईंलाई साथ दिन प्रभु येशूले मलाई शक्ति र धैर्यता दिनुहुनेछ भनेर म पूर्ण विश्वस्त छु। तपाईंसँग

प्रार्थनामा लगनशील हुन्छु र तपाईंको पवित्र कार्यमा म पछि पछि लाग्दछु।" यस साहसिलो जवाफ पछि ती भिक्षूले पाखोनिमसलाई आफ्नो मतमा भित्र्याए। पाखोनिमसलाई उनले आफ्नो अभिन्न मित्र र अनुयायी बनाए। पालेमनले त्यस युवकलाई यो बाचा गराएः "तिमी र मेरो बीचमा सम्झौता गरौं। परमेश्वरले नछुटाएसम्म हामी एक आपसमा कहिलै पनि नछुटौं।"

# १३ भिक्षू भितालिस

**भिक्षू भितालिस (सातौं शताब्दी)**

सातौं शतब्दीमा मिश्र देशको गाजा मरुभूमिको गुफामा भितालिस भन्ने भिक्षु रहन्थे। उनी कहाँबाट आएका हुन् भनेर कसैलाई थाहा थिएन। एक दिन उनी अलेक्जान्द्रिया शहरमा भिक्षुको पोसाक लगाएर पसे। त्यस सहर सान्सारिक रहनसहनको चपेटामा थिए। त्यो सहरका मानिसहरू मोज मस्तीमा लागेका थिए। शहरको खैलाबैलाको बीचमा उनी तर्साउने व्यक्ति जस्तो देखिन्थे। उनले एक दिन आफ्नो अनकङ्टार गुफामा येशूको अगाडि ल्याइएकी वेश्याको बारेमा पढेका थिए। त्यो पढेपछि शहरमा आएर त्यस्तै गति भएका स्त्रीहरूलाई परमेश्वरको सुसमाचार सुनाउन उनलाई प्रेरणाले एकदम घचेट्यो। त्यस शहरमा भएको प्रत्येक पतित स्त्रीहरूको नाम उनले सङ्कलन गरे। उनले दिनभर ज्यालादारी काम गरे। अनि आफूले पाएको दैनिक ज्याला लिएर हरेक रात एक जना दुर्भागी स्त्रीकहाँ पुग्थे।

वेश्या पेशामा अपनाएका स्त्रीकहाँ ती भिक्षु जानु एकदम अनौठो र परम्परा अनुसार अनुचित थियो। उनी वेश्याकहाँ गएर आफूलाई चिनापर्ची गराउँथे। उनीसँग खाना खान्थे। खाना खाइसकेपछि आफूले आर्जन गरेको पैसा ती स्त्रीलाई दिन्थे र अनुरोध गर्थे: "म तिमीलाई यो पैसा दिन्छु ताकी यो रात तिमी पापरहित जीवन बिताउनू।" अनि त्यस स्त्रीसँग प्रार्थना गर्थे र प्रायजसो

आफूले कण्ठ गरेको भजन उनका अगाडि दोहऱ्याउँथे। त्यस स्त्रीकहाँबाट जानुभन्दा अघि उनलाई बाचा गराउँथेः "म तिम्रो घरमा आएको छु भनेर कसैलाई नभन्नू। यो कुरा गोप्यमै होस् भनी म अनुरोध गर्दछु।" सन्दिघ्न स्त्रीकहाँ आफू आएको कसैले थाहा नपाओस् भनी उनी चाहन्थे। तर बिस्तारै उनको भेटघाटको बारेमा हल्ला चल्यो र मानिसहरूले उनीप्रति गलत भावनाले हेर्न थाले। मानिसहरूले उनलाई अनेकन लाञ्छना लगाउन थाले। उनको बारेमा चर्चमा गुनासो पनि पुग्न थाले। तर चर्चले उनको खिलाफमा हस्तक्षेप गर्न अस्वीकार गरे र आफ्नो काममा उनले निरन्तरता दिए। मानिसहरूले उनलाई दोषी चश्माले हेरेकोमा उनलाई चिन्ता थिएन। परमेश्वरमाथि अटल विश्वास गरेर आफू स्पष्ट नीतिमा हिँडेका थिए। परमेश्वरले नै अभागी स्त्रीहरूकहाँ सुसमाचार सुनाउन आफूलाई पठाउनुभएको हो भन्ने कुरामा उनी यकिन थिए। उनी अलेक्जान्द्रिया शहरको प्रत्येक वेश्याको घरमा पुगेका थिए। उनको शुद्धताः इमान्दरिता र विश्वासले गर्दा धेरै स्त्रीहरू प्रभावित भएका थिए। उनको अनुरोधमा धेरैले आफ्नो लज्जापूर्ण जिउ बेच्ने पेशा त्यागेका थिए। धेरै जना त्यो पेशा छोडेर विवाह र घर गृहस्थीको जीवन अपनाएर खुशी भएका थिए। उनीहरूमा कतिपय स्त्रीहरू आमा र असल पत्नी भएका थिए।

तर यो कथा दुर्भाग्यवस वियोगमा अन्त हुन्छ। उनी एक बेलुका त्यस्तै सन्दिघ्न स्त्रीकहाँबाट फर्कँदै थिए। उनीप्रति गलत भावना राख्ने धर्मको भेषमा हिँड्ने

एक जना मानिसले उनको टाउकोमा हिर्काएर लडाए। भितालिस सकिनसकी आफ्नो दयनीय कोठामा घिस्रिँदै आए। उनको यो अवस्था देखेर हुलका हुल मानिसहरू उनको सुत्ने कोठामा आए। जब मानिसहरू आए तब तिनी घुँडा टेकेर मरिरहेको भेट्टाए। उनको हातमा थोत्रो कागतको मुठो थियो। त्यसमा यो लेखिएको थियो: "जबसम्म प्रभु आउनुहुन्न तबसम्म कसैको न्याय नगर्नू। उहाँले नै अन्धकारमा गोप्य राखेका प्रत्येक कुरालाई खुलासा गर्नुहुनेछ। त्यसबेला नै मानिसको नियतको छर्लङ्ग हुनेछ।"

अनि त्यस शहरमा रहेका प्रत्येक स्त्री जसलाई उनले राहत दिएका थिए, उनको उदाहरणीय कामलाई जनसमक्ष राखिदिए। अनि सारा शहर उनलाई सम्मान गर्न उल्टिए। सारा स्त्रीहरू हातमा बत्ती र मैनबत्ती लिएर उनलाई दफन गर्ने ठाउँमा भेला भए।

यसरी एक जना मानिस जो परमेश्वरसँग रहस्यमय तरिकाले हिँडेका थिए, उहाँको वचनमा अडिग भएर चलेका थिए, आफू स्पष्ट गतिमा लागेका थिए, तर धर्मको भेष लगाएर बस्ने अर्को मानिसले गलत सम्झिँदा सन्त भितालिसको असमायिक तरिकाबाट मृत्यु भयो। मरुभूमिबाट पापले खेलबाड गरेको अलेक्जान्द्रिया शहरमा आउँदा भितालिस करिब साठी वर्षको थियो। प्रभुको प्रेरणामा हिँड्यो भन्दैमा अरूले निको मान्नुपर्छ भन्ने छैन भन्ने कुराको ज्वलन्त उदाहरण सन्त भितालिसको किस्साले दिएको पाइन्छ।

# १४ बेनिडिक्ट बिसकप

## (ई.स. ६९०) वेरमाउठको धर्मगुरू

बेनिडिक्ट बिसकपको जन्म (ई.स. ६९०) बेलायतको आङ्लो-साक्सन जातको उच्च घरानामा जन्मेको थियो। नर्थुम्ब्रियाका राजा ओसवीको दरबारमा उनले उच्च दर्जा पाएर काम गरेका थिए। त्यसबेला उनी नव युवक थिए। जब उनी तेइस वर्षका भए तब उनले आफ्नो जागिर र पैतृक सम्पत्ति त्यागि दिए। आफ्नो जीवन परमेश्वरको सेवा गर्न समर्पण गरे। उनी ईसाइ भिक्षु भए। सन्त विलफ्रेडसँग मिलेर उनी रोम गए। त्यसपछि उनी इटाली र बेलायतको बीचमा ओहरदोहर गरे। जब उनी रोमबाट बेलायत फर्कन्थे तब आफ्ना साथमा पुस्तक र धार्मिक वस्तुहरू ल्याउँथे। त्यसका साथै रोमबाट शिल्पकारहरू उनले ल्याए। बेलायतका चर्चहरू आकर्षितरूपले बनेका उनी चाहन्थे।

बेलायतको वेर नदीको मुखमा राजा ओसवीका छोरा एगफ्रीले उनलाई जग्गा दिए। त्यहाँ उनले चर्च र ईसाइ गुम्बा बनाए। उनले बेलायतमा प्रथम पटक सिसा भित्र्याए। त्यो सिसा फ्रान्सबाट ल्याएका थिए। फ्रान्सबाट अरू पत्थर र निर्माण सामग्रीहरू पनि भित्र्याएका थिए। त्यसका साथै उनले विदेशी कालिगढ र

सिकर्मीहरूलाई बेलायतमा ल्याएर त्यहाँका आङ्ग्लो-साक्सन मानिसहरूलाई विभिन्न सिपहरू सिकाउन लगाएका थिए। बेलायतमा नभएका सामानहरू ल्याउन विभिन्न समुद्रहरू पार गरेर खोजी खोजी ल्याएका थिए। उनको चर्चलाई अत्यन्त आकर्षित र आभूषणयुक्त बनाउन गर्न उनले कुनै पनि दुःखलाई दुःख मानेनन्।

तर बेलायतमा उनको मुख्य देन उनले ल्याएका पुस्तकहरू थिए किनभने उनी पुस्तकहरू जम्मा गर्न अत्यन्त सोखिन् थिए। आफ्ना वेरमाउथ गुम्बामा ठूलो पुस्तकालय बनाउने उनको प्रबल आकाङ्क्षा थियो। उनले विदेशबाट विभिन्न चित्र, रंगिन कलात्मक मूर्ति र सङ्गीतहरूलाई आयात गरे। रोमको सेन्ट पिटर्स चर्चका सङ्गीत अगुवालाई पनि उनले बेलायतमा ल्याए। वेरमाउथ चर्चमा गाउने गीत, बजाउने सङ्गीत र आराधना गर्ने चलन रोमको प्रतिलिपिमा उनले ढाले। चर्चको सङगीत, शास्त्र पढ्ने ढाँचा र श्लोक कसरी फलाक्ने भनेर सिकाउन उनले तालिम कक्षाहरू पनि सञ्चालन गरे। उनको यस अनगिन्ती देनहरूले गर्दा बेलायतको प्रारम्भिक चर्च अत्यन्त सम्पन्न भएको थियो।

बेनिडिक्टको कामप्रति प्रभावित भएर राजकुमार इगफ्रिडले फेरि केही जग्गा बेलायतकै जारव भन्ने ठाउँमा उपहारस्वरूप उनलाई दिए। त्यस जग्गामा उनले अर्को गुम्बा वा चर्च मठको निर्माण गरे। पछि त्यही गुम्बा

पश्चिम जगतमा विद्याको महान् र प्रख्यात केन्द्रमा परिवर्तन भयो। सातौँ शताब्दीमा त्यो ठाउँ प्रख्यात विद्वान् बिडीको घर भएको थियो। बेनिडिक्ट विभिन्न कामहरूमा अत्यन्त व्यस्त हुन्थे। उनलाई सघाउन उनको मन मिल्ने भतिजा एस्टरविनलाई साथमा लिए। पछि उनलाई त्यस मठको आबोट अर्थात् मूल नाइके बनाइयो। त्यस ठाउँमा धेरै स्थानीय साक्सनहरू पनि भिक्षु भएर बसेका थिए। तिनीहरू सबै मिलेर खेतबारीमा काम गर्थे । साथै धातुका कामहरू पनि गर्थे। रातमा तिनीहरू सबै जना एउटै शयनकक्षमा सँगै सुत्दथे। तिनीहरूको बीचमा को ठूलो को सानो भन्ने थिएन।

त्यही बेनिडिक्ट बिसकपका सामग्रीले गर्दा पछिका बिडी जस्ता विद्वानहरूलाई आत्मिक ज्ञानमा ठूलो सहयोग पुगेको थियो। त्यही गुम्बामा नै इङ्ग्लश चर्चको ठोस जग बसेको थियो। बेलायतको राष्ट्रिय इङ्ग्लश चर्चको महिमाको स्रोत त्यही चर्च अर्थात् गुम्बा थियो। उनको मृत्यु भएपछि पनि जारोको त्यस गुम्बामा छसय बिद्वानहरू कार्यरत थिए। त्यसका साथै पर्यटकहरूको ओइरो पनि लाग्थ्यो। नर्थुम्बियाको चर्चको कार्यशैली पुरानो सेल्टिक चलनबाट रोमी चलनमा ल्याउन उनको प्रमुख भूमिका थियो।

उनको परिश्रम र यात्राले गर्दा त्यस समयको इसाई जगतमा ठूलो फलिफाप भएको थियो। तीन

वर्षसम्म पक्षघातको कष्टकर जीवनपछि बेनिडिक्टको मृत्यु भयो। उनको मृत्यु पछि पनि उनको कामलाई निरन्तरता दिन उनका अनुयायीहरूलाई अनुरोध गरेका थिए। इसाई अनुशासन बेनिडिक्टको नियम पालन गर्न र उनको बृहत् पुस्तकालयलाई संरक्षण दिई राख्न उनले अन्तिम चाहना ती अनुयायीहरूलाई प्रकट गरेका थिए। आठौं शताब्दीको सभ्यता र विद्याको श्रेय बेनिडिक्टले बसालेको जगमा आधारित थिए भनेर इतिहासविद्हरूले बताउँदछन्।

# १५ जर्ज फक्स

(सन् १६२४-९१)क्वेकर संम्प्रदायको संस्थापक

"घुँडासम्म आउने छालाको पाइन्ट" लगाउने भनेर प्रख्यात भएको जर्ज फक्सको जन्म बेलायतको फेनी स्ट्राटफोर्ड भन्ने गाउँमा भएको थियो। उनका बुबा तानबुन्ने व्यवसायमा लागेका थिए। विपन्न वर्गमा जन्मिएको जर्ज बार वर्षको उमेरमै जुत्ता सिउने काममा लाग्नु परेको थियो। रोजी रोटीको निम्ति सङ्घर्ष गर्नु परेपनि परमेश्वरको विश्वासमा उनी पछि परेका थिएनन्। आत्मिक जीवनमा पनि उनले धेरै सङ्घर्ष गर्नु परेको थियो। लामो समयको अथक प्रयास र प्रार्थनाद्वारा आत्मिक जीवनमा एक मनोक्रान्ति आएको उनले आभास पाएका थिए। त्यो आध्यात्मिक क्रान्तिमा एक विश्वासको सूत्रपात उनले गरे। उनको निष्कर्ष थियो, "परमेश्वरले प्रत्येक मानिसलाई भित्री चेतनाबाट बोल्नुहुन्छ। मानिसको भित्री हृदय नै परमेश्वरको आवाजको थलो हो।" त्यस बेला कतिपय इसाईहरूले उनीसँग सहमति भएनन् र चर्चबाट पनि उनले राहत पाएको महशूस गरेनन्। उनको यो विश्वासलाई टेवा दिन कुनै पनि पादरीहरू अघि सरेनन्। यसको फलस्वरुप उनी फिरन्ते प्रचारक बने। बानी व्यहोरा, जीवनशैली, लुगा लगाउने तरिका,

बोल्ने तरिका र आराधना गर्ने तरिकामा उनको अतिवादी दृष्टिकोण थियो। यसले गर्दा तत्कालीन संस्कारसँग उनको टक्कर परेको थियो। उनको उग्रसुधारवादीले गर्दा कतिपय मानिसहरूले उनको खिसी गरेका थिए साथै उनको विरुद्धमा धेरै जना उठेका थिए। यद्यपि, आफ्नो विवेकले मानेका विश्वासमा अडिग भएर बसे र कहिले पनि लोकसम्मतिमा चल्न उनी चाहेनन्। प्रत्येक मानिसलाई परमेश्वरले व्यक्तिगत रूपमै बोल्नुहुन्छ भनेर प्रचार गर्दै फरक जीवन बिताएका जर्ज फक्सलाई धेरै कठिनाइ आएका थिए। कतिले उनलाई पिटे, ढुँगाले हाने, काठको ठेङ्ग्रोमा खुट्टा हालेर ताल्चा लगाइ दिए र धेरै पल्ट त उनी झ्यालखानामा पनि परे। तर समय बित्दै जाँदा उनको सिद्धान्तप्रति फेरि कतिपय मानिसहरू पनि आकर्षित भएका थिए। बिपन्न, अज्ञानी मानिसहरूमात्र उनका अनुयायी भएनन्, बेलायतका प्रधान मन्त्री विलियम पेन जस्ता गन्यमान्य, धनी तथा बुज्रुकहरू पनि उनका अनुयायी हुन पुगेका थिए।

उनी सङ्गठनमा सिपालु थिए। यसले गर्दा सारा बेलायतबासी नै उनीप्रति प्रभावित भएका थिए। उनले नयाँ किसिमको नैतिकताको सुरुवात गरे। विश्वासी भएपछि सबै कामकुरोमा इमान्दार हुनुपर्छ भनेर मानिसको हृदयमा नैतिकता उनले कुँदाएका थिए। उनका अनुयायीहरूलाई क्वेकर भनेर कहलाउन थाले

किनभने प्रार्थना गर्दा तिनीहरू काम्थे। जहाँ जहाँ गएपनि क्वेकर व्यवसायीहरूलाई सबैले सम्मान र आदर गर्थे किनकि उनीहरू इमान्दारीका प्रतीक बन्न पुगेका थिए। सन् १६५६को दशकमा उनका धेरै अनुयायीहरू भएका थिए र त्यसबेला धेरै प्रचारकहरू एटलान्टीक समुद्र पार गरेर आफ्ना आस्थालाई फैलाएका थिए। झ्यालखानाबाट छुटेपछि जर्ज फक्स आफैं पनि अमेरिका र वेस्ट इन्डिज टापुहरूमा प्रचार गर्ने क्रममा पुगे। वेस्ट इन्डिजमा स्थानीय मानिसहरूलाई समातेर बेचबिखन गरेर दास बनाएको देख्दा उनी वाक्क भएका थिए। दासप्रथाको विभत्सताका विरुद्धमा लाग्ने उनले अठोट गरे। जब उनी बेलायतमा फर्केर आए तब दास उन्मूलन अभियान चलाए। जसको फलस्वरुप उनका पछिका अनुयायीहरूले सदनबाटै दासप्रथा उन्मूलन गर्न लगाए।

बेलायतको लिचफिल्ड भन्ने शहरमा उनी प्रवेश गर्दा भएको एउटा कथा प्रख्यात छ। जब उनी शहरको सिमानामा आइपुगेका थिए, तब उनको मनमा अनौठो आभास भएको पाए। परमेश्वरको वचन उनको हृदयमा आगो जस्तै बलिरहेको थियो भनेर उनले भन्छन्। अचानक उनले खाली खुट्टाले टेक्दै “रगतले भरिएको शहर लिचफिल्डलाई धिक्कार छ" भन्दै सारा लिचफिल्ड शहर ओहोर दोहर गरे। जब उनले शहरमा तलमाथि गरे त्यस शहरका सडकहरू रगतै रगतले भिजेका जस्तै

देखेका थिए। यसरी किन आफू यसरी अनौठो तरिकाले चलें भनेर आफैं पछि अचम्म माने। तर पछि उनलाई याद भयो कि त्यस लिचफिल्ड शहरमा हजार जना इसाईहरू शहीद भएका थिए। उनले भनेः "त्यसैकारण जुत्ता बिना चिच्याउँदै म यसरी घुमे। ती शहरका बजारहरूमा बगेका रगतका खोलामा टेक्दै चिच्याउँदै गएँ किनभने हजार वर्ष अघि शहीद भएकाहरूको रगतबाट स्मारक खडा गर्न चाहन्थें। त्यहाँका मानिसहरूले परमेश्वरका जनहरूप्रति देखाएका चिसोपनाको प्रतीकको रूपमा खाली खुट्टा र ठण्डामा त्यहाँका सडकहरूमा तलमाथि गरें। ती शहीदहरूको रगत ममा भएको आभास मैले पाएँ। त्यसकारण मैले परमेश्वरको वचनलाई पालन गर्दै यो कार्य गरें।"

उनलाई सतावट गर्नेहरूबाट पनि उनले धेरै पटक सम्मान पाएका थिए। जब उनी बेलायतको दर्वीको जेलमा परेका थिए, एकदिन जेलका हाकिम विनम्र भएर आए। त्यस हाकिमले उनलाई निष्ठुर व्यवहार गरेका थिए। त्यस हाकिमलाई ठूलो समस्या परेको थियो। अनि त्यस हाकिमले उनीसँग जेलको त्यही कालकोठरीमा रात बिताउन चाहे। जर्ज फक्सले भने, "त्यस हाकिमले मसँग रात बिताउन चाहे। मसँग रहन मैले अनुमति दिएँ। रातभरिमा त्यस हाकिमले आफ्ना सारा दुःख मलाई पोखे।" भोलिपल्ट त्यस हाकिमले शहरको बडा

हाकिमसँग जेलबाट जर्जसँग एक माइल हिंड्न दिन अनुमति मागे। बडा हाकिमले जेलको हाकिमको अनुरोध अनुसार जेलबाट जर्जसँग बाहिर हिंड्न अनुमति दिए। जर्ज जेलबाट भागून् भनेर जेलका हाकिमले चाहेका थिए। यो कुरा जर्जले महशूस गरेका थिए। तर उनले भनेः “मबाट यस्तो कुरा हुनसक्दैन। यदि म जेलबाट छुट्नु छ भने सम्मानपूर्वक छुट्न चाहन्छु। यदि नभए यही जेलमा बस्छु।" केही समयपछि आफ्नो जेलको सजायँ भोगेपछि उनी त्यहाँबाट छुटे। अनि दश वर्षपछि जब जर्ज त्यही डर्बीमा घुम्दैफिर्दै आएका थिए, उनले त्यस जेलका हाकिमलाई भेटे। त्यो हाकिम त जर्जको मत क्वेकरको एक सक्रिय भक्त बनिसकेका थिए। यो देखेर उनी अत्यन्त रमाएका थिए।

जब जर्ज फक्स पैंतालीस वर्षका थिए तब उनले मार्गीरित फेलसँग विवाह गरे। मार्गीरित न्यायधीश फेलकी विधुवा थिइन्। उनी अति विलक्षण चरित्रकी थिइन् र क्वेकर मतका परमभक्त थिइन्। जर्जको दुःखमा उनले साथ दिइन्। उनीहरूको घर बेलायतको लङ्काशायर गाउँमा थियो। त्यहाँ आफ्नो घर स्वार्थमोर हललाई क्वेकरहरूको लामो समयसम्म शरणस्थल बनाए। जर्जलाई तुफानी यात्राबाट विश्राम दिन एकमात्र स्थल त्यस सुन्दर र शान्त घर भएको थियो।

# १६ नोलाको फेलिक्स

(तेश्रो शताब्दी)

रोमी साम्राज्यको मातहतमा रहेको असेरिया देशको काम्पनिया भन्ने इलाका थियो। त्यस इलाकामा रोमी सैनिक दफा थियो। त्यस दफाका एक जना हाकिमका दुई छोराहरू थिए। दुवै छोराहरूलाई आफ्नो मृत्युपछि सबै सम्पत्तिको हकदार बनाएका थिए। कान्छो छोरोचाहिँ बाबु जस्तै रोमी सैनिकमा भर्ना भएको थियो। उनी सम्राट् सिजरको सेवामा लागे। तर जेठो फेलिक्सचाहिँ इसाई भिक्षु भए र येशूको निम्ति सक्रिय कार्यकर्ता बने।

प्रभुका कामका निम्ति अभिषेक गरिएपछि फेलिक्स नोला प्रान्तका बिशप माक्सिमसका सेवक बने। तर त्यस बखत इसाईहरू विरुद्ध सतावट चर्कियो। बिशप माक्सिमस पहाडमा भागेर भूमिगत हुन पुगे। त्यस बिशपको अभिभारा फेलिक्सले सम्हाल्न पुगे। उनको समर्पणले गर्दा उनी भावी बिशपका निम्ति चुनिएका थिए।

जब माक्सिमसलाई पक्रिन रोमी सिपाहीँहरू आए त तिनीहरूले ती वृद्ध बिशपलाई भेट्टाएनन्। उनको ठाउँमा फेलिक्सलाई समातेर झ्यालखानामा हालियो। त्यसै बखत भूमिगत भएका माक्सिमस जाडो र भोकले कष्ट भोगिरहेका थिए। त्यसमा पनि उनी वयोवृद्ध भएकोले उनलाई बाँच्न कठिन भइरहेको थियो।

एक दिन फेलिक्सले सपनामा दर्शन पाए र त्यही दर्शनमुताविक उनी झ्यालखानाबाट भाग्न सफल भए। उनी भागेर आफ्ना धर्मगुरूको खोजमा लागे। धेरै समयको खोजपछि फेलिक्सले माक्सिमसलाई भेट्टाए। त्यसबेला उनी थकानले लम्पसार परेर बसेका थिए। आफूसँग भएका केही खाने र पिउने कुरा दिएर माक्सिमसलाई बिउँझाए र रातमा उनलाई बोकेर एक वृद्ध र धर्मी महिलाकहाँ पुऱ्याए। ती महिलाले माक्सिमसको स्याहारसुसार गरिन्। फेलिक्स आफैंचाहिँ इसाई विरुद्धमा भएको सतावट नरोकुन्जेल भूमिगत भए।

केही समय सतावट रोकिएपछि फेरि नयाँ सतावटको थालनी भयो। फेलिक्सको जीवन फेरि जोखिममा परेको थियो। उनी फेरि भूमिगत हुनुपऱ्यो। उनलाई पक्रन जतातत्तै मानिसहरू खटाएका थिए। तर उनलाई नचिनेका कारण समात्न सकेनन्।

यसरी फेलिक्स भागी भागी हिँड्दा एक दिन एउटा भत्केको घरमा आइपुगे। त्यहाँ घरको भत्किएको पर्खाल भित्र एउटा दुलो भेट्टाए। त्यहाँ उनी गोप्य रूपमा लुकेर बस्न पुगे। त्यस दुलोको माथिबाट एउटा माकुराले जाल बुनेर त्यस दुलोलाई छोपिदियो। त्यस बखत फेलिक्सलाई खोज्न मानिसहरू आए। तिनीहरूले त्यस घरभरि खोजे। तर जब उनी लुकेको दुलोमा आइपुगे तब तिनीहरूले माकुराको जाली देखे। माकुराको जालीले छोपेको ठाउँमा को होला भनेर ती खोज्ने समूह त्यस दुलो भित्र पसेनन् र फेलिक्सलाई नपक्री रित्तै हात फर्के।

केही महिनासम्म जे छ त्यही खाएर र त्यहाँ भएका नचलाएका इनारको पानी खाएर उनी बाँच्न सफल भए। जब सतावट रोकियो, उनी आएर नोला प्रान्तमा फेरि सेवाकार्य सुरू गरे। जब माक्सिमसको मृत्यु भयो तब उनलाई बिशप बनाउन चुनिए। चुनिएको सात दिन पछि उनले आफूभन्दा आदरणीय र वरिष्ट भिक्षु देखे, उनले त्यही मानिसलाई बिशप बनाए। यो फेलिक्सको नम्रता र महानताको उदाहरण थियो।

उनको सबै श्रीसम्पत्ति सतावटको दौरानमा सरकारले जफथ गरेको थियो। उनले केही रोपनी जग्गा भाडामा लिए। त्यहाँ आफ्नै हातले खनजोत गरेर आफ्नै खानेकुरा उमारे। चर्चको आम्दानीमा भर नपरी उनी दुःखै गरेर भएपनि आफ्नै खुट्टामा उभिए। आफूले उमारेको केही भाग गरिबलाई उदारताका साथ उनले दिए।

फेलिक्स धेरै वर्षसम्म बाँचे। उनी सुरा, हँसिला र रसिला भाव भएका व्यक्ति थिए। कतिपय चित्रकारले उनको चित्र कोरेको पाउँछौं। प्रायजसो उनी दुलो भित्र लुक्दा माकुरोको जालोले छोपेको दृष्य चित्रकारले कोरेको पाउँछौं। साथै स्वर्गदूतले उनको सिक्री फुकालिदिएको चित्र पनि पाउँछौं। उनका बारेमा चित्रण गर्दा चित्रकारले फेरि उनको साथमा अङगुरको झुप्पो भएको पनि देखाउँदछ। यसले उनले वयोवृद्ध माक्सिमसको सेवा गरेको देखाउँथ्यो। अझ वृद्ध मानिस बोकेको चित्र पनि उनको सम्झनामा कोरेको देख्छौं।

# १७ ब्रिजिड

## आयरल्याण्डको किलडेरको इसाई मठकी मूल भिक्षुणी

इस्वी सनको पाँचौं शताब्दीमा बेलायतको छिमेकी देश आयरल्याण्ड सन्तै सन्तहरूको देश मानिन्थ्यो। इसाई जगत्का प्रख्यात पाट्रिक र कोलोम्बा त्यस देशका इसाई अगुवाहरू थिए। यस समयमा एक सरदारको घरमा ब्रिजिडको जन्म भएको थियो। तिनकी आमा एकताका दासी थिइन्। ब्रिजिड अत्यन्त सुन्दरी थिइन् साथै अत्यन्त कोमल हृदय भएकी थिइन्। उनी उदार भएका कारणले कुनै पनि माग्ने मानिसलाई खाली हात पठाउँदैनथिन्। उनीसँग विवाहको निम्ति धेरै आकर्षित प्रस्तावहरू ल्याएका थिए। तर उनले कसैसँग विवाह नगरी बस्ने र आफ्नो जीवन परमेश्वरको सेवामा समर्पण गर्ने प्रण गरेकी थिइन्। आयरलाण्डको किलडेर प्रान्तमा परमेश्वरको उपासना गर्न एक सानो गुफा बनाएकी थिइन्। उनका भक्तिबाट प्रभावित भएर धेरै महिलाहरू उहाँका चेला हुन पुगे। यसै दौरानमा उनले त्यहाँ महिलाहरूको ठूलो धार्मिक समुदाय खडा गरिन्। उनको निष्ठा र पवित्रता भक्तिले गर्दा धेरै मानिसहरू उनीप्रति आकर्षित भए। समय बित्दै जाँदा उनी बसेको ठाँउको वरिपरि गाउँ शहर बने। उनका कारण धेरै

विश्वासीहरू बढे। आफ्नो गाउँमा परमेश्वरको महिमाका निम्ति एक चर्च भवन बनाउने उनको ठूलो आकाङ्क्षा थियो। त्यो पनि पूरा भएको थियो। आफ्नै अनुयायी र गाउँलेहरू बीच उनी अत्यन्त लोकप्रिय भएकी थिइन्। उनी महिला भएतापनि चर्चले उनलाई ठूलो अधिकार र जिम्मेवारी दिएको थियो। उनी बिशप अर्थात् किलडेर क्षेत्रको चर्चको मूल अगुवा भएर काम गरिन्। भद्र स्वभाव, हँसिलो र निष्ठा जस्ता मूल गुणहरूले उनी सुसज्जित भएकी थिइन्। यसले गर्दा उनलाई चिन्नेहरू सबैजना उनीप्रति आकर्षित भएका थिए। उनी ठूलो प्रचारक पनि थिइन्। यसले गर्दा अरू प्रचारकहरूसँग हातेमालो गरेर परमेश्वरको सुसमाचार प्रचार गर्न अग्रसर भएकी थिइन्।

एक दिन आएरल्याण्डको प्रख्यात सुमाचार प्रचारक सन्त पाट्रिकले प्रचार गर्ने क्रममा उनी सुतिन्। तर सन्त पाट्रिकले उनलाई हाँस्दै क्षमा दिए। आफू सुतेको बेलामा सपना देखेको कुरा सन्त पाट्रिकलाई भनिन्। उनको सपनामा एक ठूलो जमिन कसैले खनेको थियो। त्यहाँ सेतो लुगा लगाएका व्यक्तिले असल बिऊ छरेको थियो। अनि कालो पोसाक लगाएका केही मानिसहरू आएर ती बिऊहरूलाई जोतेर निकाले र ती जमिनमा सामा छरे। आयरल्याण्डमा झूठा धर्मगुरूहरू आएर असललाई निकालेर झूठो शिक्षाको खेती गर्नेछन्

भनेर पाट्रिकले उनलाई भने। यो सुनेर उनी धेरै दुःखित भइन्। यसको फलस्वरुप उनी प्रचारको काममा झन खटिन्। मानिसहरूलाई परमेश्वरप्रति निष्ठावान् हुन उनले आह्वान गरिन्। उनको चर्चमा निरन्तर बलिरहने दियो थियो। आयरल्याण्डबाट त्यो दियो कहिले पनि निभ्न हुन्न भनेर उनले मानिसहरूलाई अनुरोध गरिन्। त्यो दियो आयरलाण्डका मानिसहरूका हृदयमा सधैं बलिरहने सुसमाचारका ज्योति हुन् भनेर उनले प्रचार गरेकी थिइन्। उनको सम्झनामा आयरलाण्डको किलडेर प्रान्तमा रहेको चर्चमा अझै पनि निरन्तर रूपमा दियो बलिरहेको छ।

# १८ अलेक्जेन्डर

अलेक्जान्डर (इ.सन् ४३०) रोमी सेनाको एक अफिसर थिए। तर उनी नरम मिजासका मानिस थिए। उनले एक दिन येशूको कथा सुने। यसमा एक जना धनी हाकिमलाई आफ्नो धनसम्पत्ति छोडेर आफ्नो पछि लाग्न येशूले आह्वान गर्नुभएको कथा सुने। यो कथादेखि अलेक्जेन्डर अत्यन्त प्रभावित भए। येशूको कथामा हाकिमले उहाँलाई भन्दा आफ्नो सम्पत्तिलाई बढी माया गरेको थाहा पाएर उनले दुःख माने। यही कथाबाट प्रेरणा पाएर उनले आफ्नो सेनाको जागिर मात्र छोडेनन् आफ्नो सबै श्रीसम्पत्ति बेचेर इसाई भिक्षु बने। सेनामा लागेको मानिस जोशिलो हुन्छ।

अलेक्जान्डर केवल भिक्षुको रूप धारण गरेर ध्यानमात्र गर्न उनको जोशिलो मनले मानेन। उनी सात वर्षसम्म इसाई गुम्बा वा संघमा बाहिरी संसारबाट अलगिएर बसे। तर त्यहाँ उनलाई उकुसमुकुस भएको अनुभव गरे। केही न केही गरूँ भन्ने हेतुले उनले अचानक ध्यान गर्ने गुम्बा छोडे। येशूप्रतिको जोश उनले थाम्न सकेनन् र एक दिन उनले एउटा शहरको एउटा मूर्तिको मन्दिरमा आगो लगाइदिए। सारा शहरका मानिस उनको खिलाफमा उत्रे। यसको फलस्वरुप उनलाई

झ्यालखानामा हालियो। तर त्यहाँ पनि प्रेरित पावलले जस्तै त्यस झ्यालखानाको हाकिम र उसको परिवारलाई येशूको बारेमा प्रचार गरे। उनको प्रचारले हाकिम र उसका परिवार इसाई बने, र सबैले बप्तिस्मा लिए। केही समय पछि अलेक्जेन्डर जेलबाट मुक्त भए र उनी मरुभूमितिर लागे। तर त्यहाँ डाँकाहरूको समूहमा उनी परे। ती डाँकाहरूले अनकङ्टार मरुभूमिको गुफामा आफ्नो अखडा बनाएका थिए। त्यहाँ अलेक्जेन्डरलाई आफ्नो घेरामा राखे।

अलेक्जेन्डरले तिनीहरूसँग मुकाविला गरेनन्, न त भाग्न नै खोजे। तर तिनीहरूलाई पनि येशूको बारेमा उनले प्रचार गरे। उनको प्रेरणादायी वचन सुनेर डाँकाहरू सबैजना इसाई भए। जब उनीहरूको सरदारको मृत्यु भयो, अलेक्जेन्डरले ती सबै डाँकाहरूलाई भिक्षु बनाए र डाँकाहरूको ओढारलाई गुम्बामा परिवर्तन गरे। ती भूतपूर्व डाँकाहरू जो भिक्षु भएका थिए, एक दिन अलेक्जेन्डरले तिनीहरूबाट एक जनालाई गुम्बाको अगुवा बनाएर आफूचाहिँ मेसोपोटामियातिर लागे। मेसोपोटामियाको युफ्रेटिस नदीको किनारामा उनले अर्को गुम्बा स्थापना गरे। आखिरमा उनले घुमन्ते गुम्बा स्थापना गरे।

एकसय पचास जना अनुयायीहरू लिएर उनी एक ठाउँबाट अर्को ठाउँमा सर्दै प्रभुको प्रचार गर्न थाले।

उनका अनुयायी भिक्षुहरू एकसय पचासबाट तीनसय भए। ती तीनसय भिक्षुहरूलाई उनले छ ओटा गीत गाउने समूहमा विभाजन गरे। ती समूहहरूको काम परमेश्वरको स्तुति गर्ने र प्रार्थना गर्ने थियो। ती समूहलाई पालै पालो निरन्तर गीत गाउने र प्रार्थना गर्न लगाए। त्यो रिले सेवाकार्य थियो। यसले गर्दा चौबीसै घन्टा भजन र प्रार्थना गर्न रोकिएन। त्यस ताका उनीहरू जागा रहने परमेश्वरका जन भनेर प्रख्यात भए।

# ११ मेलास

## मिश्र देशको बिशप

चौथो शताब्दीको समयमा रोममा सम्राट् एरियनले राज्य गरेका थिए। उनले आफ्नै धार्मिक सिद्धान्तलाई स्थापना गरेका थिए। जो जो उनले स्थापना गरेको धर्ममा चल्दैनन् तिनलाई देश निकाला गरेका थिए। यही पङ्क्तिमा इसाई विशपहरू पनि परेका थिए। एरियन मतमा नलागेका मानिसहरूलाई पक्रन राज्यले सिपाहीँहरू खटाएका थिए। सम्राट्को धर्म नमान्ने मानिसको खोजतलासमा तिनीहरूले एउटा चर्चका धर्मगुरू बिशप मेलासलाई चर्चको टुकीहरूमा बत्ती बालिरहेको भेट्टाए। पुरानो लुगा, तेल र माटो भएको पटुका बेरेको व्यक्ति बिशप नै थिए भनेर कसैले ठम्याउन सकेको थिएन। ती व्यक्ति चर्चको कुनै कामदार होलान् भनेर ती सिपाहीहरूले ती व्यक्तिलाई बिशपकहाँ आफूहरूलाई लैजान हुकुम दिए। ती व्यक्तिले नम्र भएर ती सिपाहीहरूलाई बिशपकहाँ लैजान मञ्जुर गरे।

ती व्यक्तिले ती सिपाहीँहरूलाई आफ्नै घरमा लगे। तिनीहरू थाकेको हुनाले बैठकमा बस्न उनले अनुरोध गरे। टेबुलमा खानेकुरा राखिदिए र उनीहरूको हात धुन पानी पनि ल्याइदिए। जब ती सिपाहीहरू

खानपिन गरेर ताजा भए तब बिशपकहाँ लैजान अनुरोध गरे। तब ती व्यक्तिले आफ्नो पहिचान दिएर भने "म नै बिशप हुँ र यहाँहरूलाई के सेवा गरूँ?" एक छिन त ती सिपाहीँहरू लाज मानेर अकमक्क परे। तिनीहरूले आफूहरू आएको लक्ष्य बताइदिए र भने, "हामीले तपाईंलाई देश निकाला गर्ने उर्दी लिएर आएका हौं। तर यो उर्दी पालन गर्न तपाईं जस्तो आदरणीय व्यक्तिलाई हामीले कसरी समातेर लैजाने?" तब बिशपले मृदु स्वरमा जवाफ दिए, "देशको नियम पालन गर्न मलाई झर्को लाग्दैन। मेरो लागि दुःख कष्ट साधारण नै हो। मेरो विश्वास तथा सिद्धान्तको निम्ति देश निकाला गरिन तयार छु।" उनी अरू बिशपहरूभन्दा आफूलाई ठूलो नठानी उनीहरूकै दुःखमा आफू पनि सहभागी हुन राजी भए। इसाई धर्मगुरू मेलास जस्ता गुनले भरिएका र आत्मियताको उदाहरण देखाउने येशूभक्तहरू इसाई विरोधी रोममा प्रशस्त थिए।

# २० एरमिनिल्डा

**(सातौं शताब्दी) बेलायतको एक प्रान्तको महारानी**

विभिन्न राज्यमा विभाजित भएको बेलायतमा मर्सिया भन्ने एक राज्यको राजाको नाउँ विलफहर थियो। उनकी महारानी एरमिल्डा आफैं पनि अर्कै राजाकी राजकुमारी थिइन्। त्यस ताका एङ्ग्लो-साक्सन धर्म बेलायतमा जताततै फैलिएको थियो। यो मूर्ति पूजा तथा विभिन्न अमानवीय तत्वहरूले भरिएको धर्म संस्कार थियो। एरमिल्डाले आफ्नो प्रभावशाली प्रभावबाट उनको देशमा रहेको मूर्तिपूजा गर्ने धर्मलाई हटाएकी थिइन्। त्यस धर्मको अन्तिम पकडमा रहेको राज्य उनकै थियो। उनको सदाचारी स्वभाव र कहिलै नथाक्ने परोपकारी गुणले गर्दा उनको राज्यमा रहेका जनहरूको मन उनले जितेकी थिईन्। दुःख पिर मर्का र पीडामा रहेका मानिसहरूप्रति उनी अत्यन्त दया र करूणा देखाउँथिन्। उनका निम्ति करूणा भनेको केवल धार्मिक प्रवचन वा दुःख मनाउने अनुहारको प्रदर्शन मात्र थिएन। उनले आफ्नो जीवनभरि इसाई महारानीको अनुकरणीय उदाहरण उनले प्रस्तुत गरिन्।

समय बित्दै जाँदा उनका श्रीमान् राजा विलफेहरको मृत्यु भयो। उनकी आमा केन्ट र एलीको

अवेस भन्ने प्रान्तहरूका महारानी थिइन्। तर उनी पनि विधवी भएर एलिप्रान्तमा रहेको एक इसाई मठको मूल भिक्षुणी बनेकी थिइन्। आफ्ना श्रीमान् राजाको मृत्यु पछि एरमिल्डाले उनी पनि आफ्नो राज्यको श्रीसम्पत्ति त्यागेर भिक्षुणी भएर आमासँगं काममा संलग्न भइन्। उनकी आमाको मृत्यु पछि उनी त्यस मठको मूल भिक्षुणी भइन्। आफ्नो बाँकी सम्पूर्ण जीवन परमेश्वरमा समर्पण गर्न चाहेकी थिइन्। उनको कार्यकालमा उनका मठ वरिपरि रहेका गाउँ घर अत्यन्त विकसित भएका थिए। एली मठ त्यस समाजको केन्द्रविन्दु थियो। त्यो मठमा एक पछि अर्का अगुवा महिला भिक्षुणीहरू पूर्व रानी भएकोले त्यस मठलाई सबैले असाधारण मानिएको थियो। एरमिल्डाभन्दा पहिले त्यस मठको मूल भिक्षुणी उनकै दिदी एथलिद्रेदा थिइन्। उनी पनि महारानी नै थिइन्। एरमिल्डाको छोरो सन्त वर्टबुगा त्यस समयमा येशूको सन्देश दिने प्रख्यात प्रचारक थिए। यसरी येशूको आस्थामा चार पुस्तासम्म कार्यरत रहेका एरमिल्डाको परिवारलाई सबैले सराहना गरेका थिए।

सातौं शताब्दीमा बेलायत जङ्गलै जङ्लले भरिएको थियो। त्यस समयमा गाउँघरका मानिसहरू जङ्गली स्वभावका थिए। तिनीहरूमा सभ्यताको अर्थ थाहा थिएन। यस्तो असभ्य समाजमा ती रानीहरूले निश्वार्थपूर्वक इसाई स्वभावलाई प्रस्तुत गरेका थिए।

येशूको भक्त बनेर तिनीहरूले समाजको अगाडि उच्च आदर्श प्रदर्शन गरेका थिए। उनीहरूको अनुकरणीय उदाहरणले सबैलाई प्रभाव पारेको थियो। उनीहरूको सदाशयता, करूणामय तथा कोमल गुणले कमाएका लोकप्रियता केवल स्थानीय राज्यमा मात्र सीमित थिएन। उनीहरूको इसाई सद्‌गुण यत्रतत्र सर्वत्र फैलिएको थियो। बेलायतको इसाई इतिहासमा उनीहरूको नाउँ पनि सन्तहरूको अग्रपङक्तिमा गनिन्छ। बेलायतमा तिनीहरू येशूको प्रखर तथा अगाध भक्तको नाउँमा चिनिएको हुनाले तिनीहरूको उदाहरण अत्यन्त विशिष्ट रूपमा लिइन्छ।

# २१ आन्थोनी

**महान् इसाई भिक्षु सन्त आन्थोनी (सन् ३५६)**

इसाई सन्यासीहरूका संस्थापक अन्थोनीको जन्म इजिप्ट अर्थात् मिश्र देशमा अत्यन्त धनादढ्य परिवारमा भएको थियो। उनको जन्म तेस्रो शताब्दीमा भएको थियो। उनका मातापिताको मृत्युपछि उनीहरूको सम्पूर्ण श्रीसम्पत्ति उनको हातमा परेको थियो। ठूलो जग्गाजमिन पैतृक सम्पत्तिको रूपमा उनले प्राप्त गरेका थिए। धनमा चुर्लुम्म डुबेर जीवन बिताउन अवसर भएको अन्थोनी केवल बीस वर्षका मात्र थिए। तर एक दिन, एक धनी युवा शासकलाई आफ्नो सम्पत्ति बेचेर आफ्नो पछि लाग्नु भन्ने येशूको वचन उनले सुने। त्यस वचनबाट उनी तुरन्तै प्रभावित भए र आफ्नो धनसम्पत्तिको मोहले उनलाई वशमा राखेन। आफ्नी बहिनीलाई चाहिने सम्पत्ति दिएर सबै थोक उनले त्यागे र सन्यासी जीवन बिताउने निर्णय गरे। आफ्ना दाजुको त्यो प्रण देखेर उनले पनि सबै थोक त्यागेर एक इसाई मठमा भिक्षुणी जीवन बिताउन पुगिन्।

सन्यासी जीवन बिताएको पन्ध्र वर्षपछि उनी इसाई साधु बने। एउटा सुक्खा पानीको ट्याङ्कीमा आफू बस्ने ठाउँ बनाए र कठोर त्यागी जीवन उनले बिताउन थाले।

यसको अर्थ उनी धार्मिक विधि अपनाएर उपवास र प्रार्थनाको जीवन व्यतित गर्न थालेका थिए। शहरको नजिक त्यस्तो साधु जीवन बिताउँदा पनि उनलाई चित्त बुझेको थिएन। सैतानले उनलाई धेरै लोभ लालचमा फसाउन थाल्यो भनेर उनी जङ्गल भित्र रहेको एक अग्लो पहाडको गुफामा ध्यान गर्न गए। त्यस गुफाको माथि एक सानो प्वाल थियो। त्यहाँबाट उनले प्रत्येक ६ महिनामा खानेकुरा कसैले डोरीबाट खसाली दिन्थ्यो। उनले त्यसरी तपस्वीको जीवन बीस वर्षसम्म बिताए। तपस्या गरेर उनी सिद्ध इसाई हुन चाहेका थिए।

उनको जीवनदेखि प्रभावित भएर उनका धेरै अनुयायीहरू हुनथाले। उनीप्रति आकर्षित भएर मानिसहरू आउन थालेपछि उनलाई एक्लो जीवन बिताउन मुस्किल भयो। उनको अनुसरण गरेर धेरै मानिसहरू सन्यासी भए र जमातका जमात मानिसहरू भिक्षु हुन थाले। तिनीहरूमा पुरुष मात्र नभएर महिलाहरू पनि साधुनी बन्न पुगेका थिए। मिश्र देशको नाइल नदीको वरिपरि र लिबिया देशको मरुभूमिमा धेरै इसाई मठहरू स्थापना भए। घरबार छोडेर हजारौं मानिसहरू द्रुतगतिमा इसाई साधु भएर आन्थोनीका चेला बन्न पुगेका थिए। उनीहरू बसेका जङ्गल र गुफाहरू उनीहरूका गीतले गुञ्जायमान हुने गर्दथे। येशूको पुनरुत्थानको चाडमा पचासौं हजार

मानिसहरू उनीहरूका अगाडि आएर पुनर्जीवित येशूको उत्सव मनाउँथे।

ती मरुभूमिका भिक्षुहरूको शरीर असाधारण रूपमा हष्टपुष्ट र बलिया थिए। उनीहरूमा अत्यन्त महान् जोश र जाँगर थियो। एक्लो जीवन बिताएपनि आन्थोनीले आफ्नो शरीरलाई चनाखो र तगडा बनाइ राखेका थिए। मरुभूमिको प्रतिकूल वातावरणमा पनि ती इसाई वीरहरू आत्मिक रूपमा तन्दुरुस्त राखेका थिए। चाहे पुरुष हुन् वा महिला हुन् आन्थोनीलाई पछ्याउनेहरू असल स्वास्थ्य र अनेकन् सद्गुणहरूले सुसम्पन्न भएका थिए।

आन्थोनीको बारेमा धेरै यस्ता कथाहरू छन् जसमा उनले अनेक जङ्गली पशुहरूको सामना गरे भनेर भनेका छन्। प्रार्थनाको शक्तिद्वारा ती पशुहरूको मात्र सामना गरेनन् आफ्नो मगजमा खेलिने अनेकौं डरलाग्दा दिवास्वप्न तथा कल्पनाहरूलाई पन्छाउन सफल भएका थिए। जङ्गली पशुहरूलाई तालिम दिन पनि उनमा विलक्षण वरदान थियो। यसले गर्दा उनलाई पशुहरूलाई रक्षा गर्ने सन्त भनेर पनि कहलाइन्थ्यो। कतिपय समयमा डरलाग्दा जङ्गली जनावरहरूले उनलाई हमला गर्न खोज्दथे। तब त्यसबेला उनले तिनीहरूलाई सुम्सुम्याउँदै भन्ने गर्थे, “मैले तिमीलाई केही हानी गरेको छैन, त्यसकारण मलाई तिमीले किन दुःख दिन

चाहन्छौ?" यो सुनेर ती जनावरहरू शान्तिसँग उनलाई छोडेर जान्थे रे।

उनी साधु सन्त र पवित्र जन भनेर प्रख्यात भएका थिए। सबै मानिसहरूले उनलाई अत्यन्त आदर गर्दथे। अरूहरूको अगाडि उनी पूजनीय व्यक्तित्वको रूपमा लोकप्रिय भएका थिए। तर एकदिन उनको विवेकमा एक मधुरो स्वरले भन्यो, “हे साधु आन्थोनी, तिमी आफू सिद्ध छौ भनी ठान्दछौ होला। तर म भन्दछु अलेक्जेन्द्रिया शहरमा भएको एक गरिब जुत्ता सिउने मानिसभन्दा तिमी सिद्ध छैनौ।" यो वचन सुनेर उनी चकित भए र आफ्नो लौरो लिएर त्यो जुत्ता सिउने मानिस को रहेछ भनेर उसको खोजी गर्न गए। त्यो जुत्ता सिउने मानिसको अगाडि त्यस्तो प्रख्यात पूजनीय व्यक्तित्व अचानक खडा हुँदा उनी अचम्म माने। उनीसँगै बसेर असल मानिस बन्न आफ्नो दैनिक जीवन कसरी बिताउने गरेको रहेछ भनेर आन्थोनीले सोधे। उनले जवाफ दिए, “हे गुरू, मैले त्यस्तो कुनै राम्रो काम गरेको जस्तो लाग्दैन। म गरिब र साधारण जीवन बिताउने एक साधारण जुत्ता सिउने मानिस मात्र हुँ। जब म बिहान छिट्टै उठ्छु तब शहरका सबै मानिसहरूको निम्ति प्रार्थना गर्दछु। विशेष गरेर मेरा छिमेकीहरू र म जस्तै गरिब मित्रहरूको भलाइका निम्ति परमेश्वरसँग बिन्ति गर्दछु। अनि म दिनभर जिउनको निम्ति आफ्नो काममा तल्लीन हुन्छु।

म छलकपट र झूठो व्यवहारबाट अलग बस्न कोशिस गर्दछु। खराब नियतलाई म अत्यन्त घृणा गर्दछु। म कसैलाई पनि सापटी आश्वासनले मक्ख पार्दिन। मैले दिएको वचनलाई म पूरा गर्दछु। र मैले गर्नुपर्ने काममा म इमान्दारीपूर्वक पूरा गर्दछु। अनि मसँग बाँकी भएको समय आफ्नी श्रीमती र छोरासँग बिताउँछु। मेरो ज्ञानले भ्याएसम्म तिनीहरूलाई परमेश्वरको बारेमा सिकाउँछु। उहाँको आराधना र सेवा गर्न म सिकाउँछु र साथै उहाँप्रतिको श्रद्धालाई पनि जगाइ राख्न म प्रयास गर्दछु। यही नै म जस्तो गरिबको दैनिक जीवनको कहानी हो।"

यो सुनेर आन्थोनी अत्यन्त अचम्म भए। कोही मानिस सिद्ध हुन चाहन्छ भने केवल सन्यासी जीवन बिताएर कुनै गुफामा तपस्या गर्ने मात्र होइन रहेछ भनेर उनले सिके। येशूभक्त हुन मरुभूमि वा कुनै पहाडको गुफामा भिक्षु हुनै पर्छ भन्ने छैन भनेर आन्थोनीले व्यवहारिक इसाई जीवनको पाठ सिक्न पाउँदा उनी खुशी भएका थिए।

# २२ जोन हावर्ड

**(१७२६-१७९०) बेलायतका कारागार सुधारवाद**

बेलायतको हाकनी भन्ने शहरमा जोन हावर्डको जन्म भएको थियो। उनका बाबु व्यापारी थिए। उनलाई पनि व्यापारी बनाउने उद्देश्यले उनका बाबुले उनलाई विभिन्न पसलहरूमा काम गराएका थिए। उनको बुबाको मृत्युपछि ठूलो जग्गा जमिन उनको हातमा परेको थियो। बाबु जस्तै उनी पनि विभिन्न थोक तथा खुद्राहरूको व्यापारमा लागेर व्यापारी बने। सन् १७५४मा व्यापारकै शिलशिलामा उनी जहाजबाट पोर्चुगलको यात्रा गरिरहेका थिए। एक दिन समुद्रमा डाका मार्ने फ्रान्स देशका जमातले उनी रहेको त्यस जहाजलाई कब्जा गरे र ब्रेस्ट भन्ने गाउँमा लगेर उनलाई र त्यस जहाजमा यात्रा गरिरहेकाहरूलाई बन्दी बनाएर थुने। त्यहाँ तिनीहरूले निर्मम यातना भोग्नु परेको थियो। केही समय पछि उनलाई मुक्त गरियो। तर उनले बन्दव्यापारमा नलाग्ने निधो गरे। आफ्नो देश बेलायतमा आएर कार्गिन्टन भन्ने शहरमा बसोबास गरे र त्यहाँ उनले मौसम विज्ञान सिकाउने विद्यालयमा मौसम सम्बन्धी ज्ञान सिक्न भर्ना भए। मौसम सम्बन्धी ज्ञानमा उनी निपुण भए जसको फलस्वरुप उनी विद्वानहरूका निम्ति खोलेको शाही समाजका सदस्य भए।

विद्या हासिल गर्न जोन अत्यन्त उत्सुक थिए। उनको दिमाग जहिले पनि सोधपुछले भरिरहन्थ्यो। उनको योग्यताले गर्दा उनी बेडफोर्ड जिल्लामा कानून लगाउने मूल आधिकारी व्यक्ति बने। आफ्ना मातहतमा रहेका कारागारहरूमा उनले निरीक्षण गर्दा त्यहाँको स्थिति एक दम नराम्रो देख्दा उनी अत्यन्त वाक्क भए। आफ्नो जीवनकाल भरि कारागारमा सुधार गर्न प्रण गरे। एक वर्ष भित्रमा बेलायतका सबै कारागारहरूमा उनले निरीक्षण गरे। ती कारागारहरूको नाजुक अवस्था र बन्दीहरूप्रति गरिएको दुर्व्यवहारको भण्डाफोर गर्न उनी पछि परेनन्। त्यसका लागि उनले समय र पैसाको ख्याल गरेनन्। बन्दीहरू पशु सरह व्यवहार गरिएको उनले भेट्टाए। महिला र पुरुष एकै ठाउँमा राखेका थिए। चोर, डाका, ऋणमा परेकाहरू र सानातिना र महा अपराधीहरू पनि एकै ठाउँमा जाकी दिन्थे। कतिपय मुद्धाको निम्ति पर्खेका थिए भने कतिपय त बिना अभियोग नलगाई अनजान मानिसहरूलाई पनि कारागारमा खाँदेका थिए। कतिपय ठाउँहरूमा कारागार चलाउन न त कुनै नियम थियो, न त कुनै अनुशासन। बन्दीहरूको स्वास्थ्य अवस्था पनि नाजुक थियो। सर सफाइमा कुनै ध्यान दिएको थिएन। कोही मानिस बन्दीहरूसँग भेट्न आए कारागारको हाकिमले त्यससँग पैसा लिन्थे। कारागारका हाकिमहरूले बन्दीहरूलाई शोषण गर्दथे।

पैसा कमाउन ती झ्यालखानाका हाकिमहरूले बन्दीहरूलाई जसरी भएपनि चुस्थे। कारागारहरू आफैं पनि भ्रष्ट र दुष्टताको अखडा बनेका थिए। साना अँध्यारा कोठाहरूले गर्दा पशुहरूको निम्ति पनि योग्य थिएन। भ्रष्टाचार, अनैतिक तथा अनेकौं दुराचारहरूलाई जन्मदिने ती कारागारहरूमा कतिपय  मानिसहरू भोक भोकै पर्दथे। दयनीय अवस्थामा रहेका ती झ्यालखानाहरूमा सबै बन्दीहरूको अवस्था अत्यन्त अमानवीय तथा कष्टकर थियो। कति बन्दीहरू त रोगै रोग लागेर पीडा भोग्नु परेको थियो।

ती बन्दीहरूले खेप्नु परेको यातनाको अनुभव आफू गर्न जोन हावार्ड आफैं केही समय झ्यालखानाको काल कोठरीमा थुनिन कर गरे। त्यो कोठा यस्तो साँघुरो र फोहोरी थियो कि त्यो ठाउँमा थुनिएका अपराधीले त्यस ठाउँबाट निकालिएर बरू झुन्ड्याइ दिऊन् भनेर अनुरोध गर्दथे। हावर्डले शङ्का गरेको त्यो अवस्था आफ्नै अनुभवबाट पुष्टि गरे। अनि झ्यालखानाको सुधारको निम्ति गठन गरिएको समितिमा उनले प्रत्यक्ष अनुभवको प्रतिवेदन बुझाए। ती समितिले सदनमा कारागार सुधारका निम्ति सुझाब पेश गरे। यसैको आधारमा बेलायतको सदनले कारागार सुधार गर्न निर्देशन दियो। कारागागरका पदाधिकारीहरूलाई उचित तलब दिने, उचित व्यक्तिहरूलाई कारागारको रेखदेख गर्न लगाउने,

वन्दीहरूको विमारलाई हेरचाह र स्वास्थ उपचार गर्न कोठाको व्यवस्था गर्ने, प्रत्येक वर्षमा सबै कारागारहरू पूरा सफा गर्ने, रङ्ग लगाउने साथै अरू धेरै सुधारहरूको व्यवस्था गर्न सरकारले कानुन पास गऱ्यो।

उनी बाँकी पाँच वर्षको जीवन महामारी र अरू सरुवा रोग के हो, किन फैलिन्छ कसरी रोकथाम गर्ने भन्ने खोज अनुसुन्धानमा लागे। त्यसबेला युरोपमा महामारीहरू व्यापक रूपमा फैलिएका थिए। यही निरीक्षणको शिलशिलामा उनी देशी र विदेशी सरुवा रोग अस्पतालहरूमा निरीक्षण गर्न पुगेका थिए। यही क्रममा उनी एक दिन फोहरी जहाजमा स्मरिना भन्ने शहरबाट इटालीको भेनिसमा यात्रा गरे। दुई महिनाको यात्राको बीचमा उनी बसेको जहाजमा समुद्री डाँकाहरूले हमला गरेका थिए। थकित अवस्थामा उनी भेनिसको महामारी रोगलाई उपचार गर्ने अस्पतालमा केही समय बिताए। उनको अन्तिम यात्रा रूसमा भएको थियो। त्यहाँ उनले सैनिक अस्पतालहरूमा निरीक्षण गर्न गएका थिए। त्यही अवस्थामा उनलाई भीषण ज्वरो आयो र त्यहीँ मृत्यु भयो। रूसको सन्त निकोलास भन्ने शहर जाने बाटोमा डफिनी भन्ने गाउँमा उनको शवलाई गाडियो।

मानिसहरूको उपकारको निम्ति जुन लगनशीलता जोन हावर्डले देखाए त्यसको प्रेरणा उनको येशूप्रतिको प्रेमले गर्दा भएको थियो। बिमारी र झ्यालखानामा

परेकाहरूको सेवा गर्न येशूको वचनबाट प्रेरणा मिलेको थियो। त्यसबेला केवल थोरैले मात्र अरूको सेवाको निम्ति समय दिन्थे तर धेरै मानिसहरू रोगी बिमारी हुन्थे। विमार र झ्यालखानामा परेकोहरूको सेवासुश्रुषा गर्नेमा जोन हावर्ड अग्रपङक्तिमा भएको पाइन्छ। येशूले धर्मको पोसाक लगाउनेहरूलाई हप्काउनुभएको वचन उनको हृदयमा झलझली आउँथ्यो। उहाँले भन्नु भएको थियो, “म विमारी थिएँ, झ्यालखानामा थिएँ, तर तिमीहरूले मलाई भेट्न आएनौ।" जोन हावर्ड येशूको वचनलाई आत्मसात् गर्दै आफ्नो लक्ष्यमा हिंडे र आफ्नो ज्यान अर्पण गरे। इसाई इतिहासमा जोन हावर्डको नाउँ दयाको प्रेरित र आस्थाको निम्ति शहीद भएका महान् व्यक्तित्वको रूपमा चिनिन्छ।

# २३ वलस्तान

## (सन् १०९५) वरसेस्टरको बिशप

बेलायतको वरसेस्टर प्रान्तको बिशप वलस्तान एङ्गलो–साक्सन मूलका अन्तिम बिशप अर्थात् स्थानीय मूल इसाई धर्मगुरू थिए। उनको जन्म बेलायतको वार्कविशायर भन्ने गाउँमा भएको थियो। पिटरबरोह् र एभशान भन्ने गाउँहरूमा अवस्थित इसाई गुम्बाहरूमा उनले शिक्षादीक्षा हासिल गरेका थिए। केही वर्ष उनी चिपिङ्ग सोडबरी भन्ने गाउँको नजिक रहेको चर्चको अगुवा भएर काम गरे। त्यसपछि वरसेस्टरको गुम्बामा शिक्षक हुन पुगे। समय बित्दै जाँदा त्यस गुम्बामा गायक अगुवा, भण्डारे र सहायक मठाधीसको पद सम्हालेर चर्चको सेवा गरे। उनी कुनै प्रख्यात विद्वान् थिएनन् न त कुनै धार्मिक दर्शनका पुस्तकहरू लेखे। तैपनि उनी प्रखर प्रचारक भएको हुनाले उनले प्रवचन दिंदा धेरै मानिसहरू उनको प्रवचन सुन्न जम्मा हुन्थे। गाउँघरमा उनी दयालु र करुणामय व्यक्तित्वको नाउँमा चिनिएका हुनाले जब उनी रहेको प्रान्तमा बिशपको पद खाली भयो तब उनलाई नै बिशप अर्थात् प्रान्तको मूल चर्च धर्मगुरू चुने। पहिले त त्यस पदका निम्ति आफू योग्य नभएको भनेर अस्वीकार गरेका थिए। तर जब विश्वासीहरूले त्यो पद सम्हाल्न

धेरै अनुरोध गरे तब त्यसलाई अवसरको रूपमा ग्रहण गरे। अरूको सेवा गर्ने वरदानले सुसज्जित व्यक्तित्व भएका कारणले बिशप भएर मानिसको सेवा गर्न पाउँदा अत्यन्त हर्षित माने।

उनी सबैको प्रियपात्र बनेका थिए। उनी जोशले प्रचार गर्थे। उनी अविवाहित इसाई भिक्षु थिए। उनी जतिसुकै व्यस्त भएतापनि परमेश्वरसँग अमूल्य व्यक्तिगत समय बिताउन छोडेनन्। जो कोही पनि उनको ढोकामा आउँथे, उनले कसैलाई पनि खाली हात पठाएनन्। कतिपय उनका हितैषीहरूले उनलाई मानिसहरूले धेरै दुःख किन दिएको भनेर गुनासो व्यक्त गरेका थिए किनभने आवश्यक परेका मानिसहरूका निम्ति उनका ढोका जहिले पनि खुला थिए। “के रे, मानिसहरूले किन मलाई दुःख दिएको रे?" उनले चिच्याएर भने, “त्यसैकारणले त म यहाँ छु!" उनी जतिसुकै भद्र भलादमी भएतापनि अरूले हेपेको उनले सहन सकेका थिएनन्। नम्र हुनु भनेको कसैको अगाडि निहुँरेर बस्नु वा हेपाहालाई टाउकोमा चढाउन दिनु होइन भन्ने उनको सिद्धान्त थियो। एकदिन एक उच्च दर्जाकी महिलाले उनीसँग आफू कत्तिको धर्मात्मा छु भनेर बेकारमा वहस गरेर उनको समय बरबाद गरेकी थिइन्। तब त्यो उनलाई असह्य भयो र एकान्तमा बोलाएर उनका कानमा मुक्का बजाइदिए।

उनी कुशल प्रशासक र चर्चका महान् निर्माता थिए। उनकै समयमा वरस्तरको प्रख्यात कथिड्रल अर्थात् चर्च भवनको पुनःनिर्माण भएको थियो। तर आफ्नो चर्चको मातहतमा रहेका विशाल प्रान्तका भक्तजनहरूको घर घरमा गएर भेटघाट गर्ने काममा उनी व्यस्त हुन्थे। गृष्म ऋतुमा चर्चकै विभिन्न कार्यक्रमहरूमा आफूलाई व्यस्त राख्थे। उनको सरल तथा लोकप्रिय र हृदस्पर्शी प्रचार गर्ने शैलीले गर्दा उनी बजारका बिशप पनि कहलाउँथे। गाउँका चर्चहरूको आँगनमा बसेर मानिसहरूसँग बातचित गर्ने र बालबालिकाहरूलाई मनमोहक कथाद्वारा आकर्षित गर्ने बानी उनलाई असाध्ये मनपर्थ्यो।

कसैसँग हाकाहाकी बोल्न उनी डराउँदैनथे। एक दिन हठी राजा हेराल्ड उनलाई भेट्न तीस माइल हिँडेर आएका थिए। ती राजाले केही अपराध गरेकोले उनीसँग पापको क्षमा माग्न आएका थिए। राजालाई कडा शब्दमा उनको पापको आलोचना गरे। क्यान्टबरीको आर्कबिशप अर्थात् क्यान्टबरी जिल्लाको मूल बिशप ल्यानफ्रान्कसँग एक दिन उनको वादविवाद भयो किनभने त्यस बिशपले वलस्टानलाई पदबाट हटाउन खोजेका थिए। बेलायतको इतिहासमा एङ्ग्लो-साक्सन जातका मानिसहरूलाई खतम गर्न फ्रान्सका नर्मन जातका मानिसहरूले हमला गरेका थिए भनेर उल्लेखित गरिएको छ। त्यही क्रममा वलस्टन

भएको प्रान्तमा पनि हमला गरेर सबै भौतिक तथा प्रशासनिक संरचनाहरू हातमा पारेका थिए। तिनीहरूले कुनै पनि चर्चलाई पनि आफ्ना मातहतमा ल्याउन बाँकी राखेनन्। वलस्टनको चर्चलाई पनि कब्जा गर्न उनीहरू तम्सेका थिए तर उनले जिद्दी गरी आफूले सम्हालेको चर्चलाई नर्मनहरूको हातमा सुम्पेनन्। नर्मनहरूको रिसलाई खपेर भएपनि आफ्नो स्वतन्त्रता उनले कायम राखे। ती नर्मनहरूलाई वलस्टनले परमेश्वरको अभिशाप भन्दथे। तिनीहरूले एङ्गलो-साक्सनलाई तल्लो जातका मानिसहरू भन्थे। फ्रेन्च भाषा बोल्न नजाने पनि आफ्नो कथिड्रल र लण्डनमा अहिले पनि रहेको प्रख्यात वेस्टमिनिस्टर चर्च भवनलाई आफ्नै हातमा राखिछाड्न उनी सफल भए। ती नर्मनहरूले वलस्टनलाई सोझो, पुरानो विचारभएका मानिस भनेर हेप्दथे, तर उनको दाँजोमा ती नर्मनहरू कहिलै पनि पुग्न सकेका थिएनन्।

उनको जीवनमा उनले धेरै समाज सुधारका काम गरेका थिए। तिनीहरूमा उनको उल्लेखनीय कामचाहिँ आयर्ल्याण्डका मानिसहरूलाई बेलायतका साहुहरूले दास बनाएर बेचेको विरुद्धमा अभियान चलाएका थिए। ती दासहरूलाई बेचेर बेलायतको शाही खजाना भर्थे। त्यसमा राजाको खजाञ्चीको सक्रिय हात थियो। साहुहरूले गरिब आयर्ल्याण्डबाट महिला केटाकेटी र पुरुषहरूलाई बन्दी बनाएर ल्याउँथे। अनि बेलायतको ब्रिस्टोल जस्तो

प्रमूख शहरहरूमा तिनीहरूलाई बेच्दथे। ती दासहरूलाई गरेको निर्मम व्यवहारप्रति वलस्टन क्रुध्द भएका थिए। इसाई धर्मको आडमा र आर्कविशप लानफ्रान्कको समर्थनमा वलस्टन निडर भएर त्यस दासप्रथाको चर्को स्वरमा विरोध गरे। दासप्रथा उन्मूलन गर्न उनले येशूको नाउँमा ठूलो अभियान नै चलाए। उनको घन्किएको आवाजले सदन पनि तातेको थियो। त्यसको फलस्वरूप दासप्रथा उन्मूलन गर्ने ऐनलाई बेलायतको संसदले पारित गऱ्यो। विश्वको इतिहासमा उनी नै पहिला अङ्ग्रेजी व्यक्ति थिए जसले दासलाई स्वतन्त्र गर्न उल्लेखनीय भूमिका खेलेका थिए। उनी वयोवृद्ध भएर बाँचे। परमेश्वरको काममा र मानिसलाई सेवा गर्ने काममा उनी कहिलै पनि थाकेनन्। उनले न त विश्राम लिए न त अवकास नै लिए। अन्तिम घडी सबैको माया पाएर उनी बाँचे। त्यत्तिमात्र होइन विदेशी राष्ट्रका बिजेता नर्मनहरूको सम्मान पनि उनले पाउन सफल भए।

# २४ सबस्टियन

**(सन् २८८) रोमी सिपाही र इसाई सहिद**

येशूको मृत्यु पछि पनि उहाँका बैरीहरूले उहाँका अनुयायीहरूलाई खेदो गर्न छोडेका थिएनन्। विशेष गरेर पाश्चात्य देश रोमका प्रथम, दोस्रो र तेस्रो शताब्दीका सम्राट्हरूले येशूभक्तहरूलाई खोजी खोजी हत्या गर्दथे। ती सम्राट्हरूमा इसाई रक्तका पिपासु डाइक्लेशियन प्रख्यात छन्। उनको पालामा इसाईहरूको निर्मम हत्या हुन्थ्यो। त्यही हत्यालाई सहन नसकेर येशूका अनुयायीहरूलाई गोप्य रूपमा छुटाउन एक जना सबास्टिएन नाम गरेका गोरा युवक रोमी सिपाहीमा भर्ना भएका थिए। रोमको उनी अत्यन्त बफादारी सिपाही पनि थिए। सिपाही भएतापनि उनले राम्रो नाम कमाउन सफल भएका थिए। उनको यश सम्राट् डाइक्लेशियनको दरबारसम्म पुग्यो। उनको बहादुरीपनप्रति सम्राट् प्रभावित भएर उनलाई शाही अङ्गरक्षक सैनिक समूहको सहसेनानीमा नियुक्त गरे। जब त्यस उच्च पद र अधिकार पाए तब उनलाई ख्रीष्टको खातिर झ्यालखानामा परेकाहरूलाई मुक्त गर्न झन सजिलो बनेको थियो, यद्यपि, त्यो काम सजिलो थिएन किनभने आफ्नो पदलाई प्रयोग गरेर इसाईहरूलाई मुक्त गर्दा उनले आफ्नो ज्यानलाई बाजी लगाउनु परेको थियो।

प्रारम्भिक इसाई इतिहासमा उनले खेलेको भूमिका उल्लेखनीय छ। सास्ति पाएका इसाईहरूलाई निडर भएर उनले धेरैलाई राहत दिएका थिए। धेरै जसो उनको यो जोखिमपूर्ण गोप्य काम रोचक पनि थियो। उनको बारेमा धेरै कथाहरू लेखिएका छन्। तीमध्ये दुई जना इसाई दाजुभाइहरूका बारेमा रोचक कथा छन्। इसाई धर्म अवैध गरेको रोमी सरकारले ती दुवै जनालाई दोषी ठहर गर्दै नजरबन्दमा राखेका थिए। त्यो ठाउँ रोमको एक प्रान्तमा थियो। जब सबास्टियनले दुई इसाई दाजुभाइ नजरबन्दमा राखेको छ भन्ने थाहा पाए तब उनी सरासर त्यस प्रान्तका बडा हाकिमकहाँ पुगे। त्यहाँ सोऱ्ह जना गैर-इसाई कैदीहरू पनि थिए। आफू रोमी सिपाही सहसेनानी भएको नाताले सबास्टियन त्यस बन्दीगृहमा सीधै पसे। कैदीहरूलाई बडा हाकिमका घरमा राखेका थिए। त्यहाँ ती दुई जना दाजुभाइ र अन्य कैदीहरूका साथै बडा हाकिम र बन्दी गृहको हाकिमलाई येशूको प्रेमको बारेमा सुसमाचार उनले सुनाइदिए। उनको सन्देशप्रति सबै जना प्रभावित भए। उनको सन्देश सुनेका सबै जनाले येशूलाई ग्रहण गरे। इसाई हुनेहरूमा बडा हाकिम र झ्यालखानाका हाकिम पनि थिए। जब तिनी हाकिमहरूसाथै उभिएका थिए त्यसबेला छानाको झ्यालको प्वालबाट सूर्यको किरण चम्केको थियो। त्यो किरण उनमा परेको थियो र उनले लगाएको शाही सैनिक पोसाक प्रकाश झैं भएर चम्किरहेको थियो। उनी उभिएको ठाउँ बाहेक सबै कोठा अँध्यारो थियो। त्यसले

गर्दा पनि उनले बोल्दा प्रभावकारी भएको थियो। तर त्यस समूहमा कसलाई थाहा थियो कि उनलाई धोका दिने एक जना व्यक्ति खडा भएको छ।

ती बन्दीमध्ये एक जनाले जस पाउन बडा हाकिमको घरमा भएको कार्यविधिको सुराक माथिल्लो निकायको हाकिमकहाँ खबर पठाए। त्यस उच्च ओहोदाको हाकिमले (रोमी शासनको अनुसार प्रिफेक्ट) बन्दीगृहको हाकिमलाई बोलाएर उसले सुनेको खबरको बारेमा जानकारी लिए। झ्यालखानाको हाकिम क्लडियसकै मुखबाट कैदी र हाकिमहरू इसाई भएको थाहा पाएर ती उच्च ओहोदाको हाकिम आगो भए। उनले बडा हाकिमसँग स्पष्टीकरण माग्न आफू समक्ष खडा हुन झ्यालखानाको हाकिमलाई आदेश दिए। क्लडियस अत्यन्त चिन्तित भएर बडा हाकिमकहाँ गएर प्रीफेक्टको आदेश सुनाए, “तपाईंको घरमा कैदीहरू आउन दिएकोमा प्रिफेक्ट अत्यन्त रिसाउनुभएको छ। त्यसकारण त्यसको स्पष्टीकरण दिन तपाईंलाई उहाँको सामु खडा हुन आदेश दिनुभएको छ।" त्यो सुन्ने बितिकै त्यस बडा हाकिम आफ्नो हाकिम अर्थात् प्रिफेक्टकहाँ पुगे। आगोसरह भएर बसेको प्रिफेक्टलाई आफ्नो घरमा भएको सबै कुरा नलुकाई सुनाइदिए। प्रिफेक्टको सभाघरमा अरू कर्मचारीहरू पनि थिए। जब बडा हाकिमले परमेश्वरको आत्माद्वारा प्रेरित भएर सबास्टियनले दिएको सुसमाचार सुनाए तब प्रिफेक्ट साथै सबै जना प्रभावित भए। त्यसको फलस्वरुप त्यस

प्रीफेक्ट र अरू अठसाठी जना मानिसहरूले येशूलाई ग्रहण गरे र बप्तिस्मा पनि लिए। यसरी सबास्टियनका भएको परमेश्वरको आगो अरूहरूमा पनि सल्केको थियो।

तर सबास्टियनको यस्तो गतिविधि सधैं लुकाएर राख्न सकेनन्। येशूका अनुयायीका परम शत्रु सम्राट् डाइक्लेशियनले थाहा पाए र आफ्नो सामु खडा हुन हुकुम गरे। सबास्टियनको बफादारी र देशभक्तिको ख्याल नराखी सबैको सामु त्यस सम्राट्ले उनलाई देश द्रोही र देशप्रति कृतघ्न भएको भनी सबैको अगाडि निन्दा गरे। सबास्टियनमाथि देशको शान्तिलाई खलबल्याउन अग्रसर भएको दोष ती सम्राट्ले थुपारे। तर सम्राट्को आरोपप्रति असहमत भएर आफू इसाई भएको तर आफ्नो सैनिक काम र कर्तव्यप्रति कहिलै पनि नचुकेको भनेर स्पष्टीकरण दिए। सम्राट् र त्यहाँ उपस्थित भएका सबैका सामु उनले भने, “म दिनदिनै हजुरको सुरक्षा र देशको फलिफापको निम्ति प्रार्थना गर्दछु।" तर राक्षसी प्रवृत्ति भएका सम्राट् डाइक्लेशियनले सबास्टियनको कुरा सुन्न चाहेनन् र उनलाई मृत्युदण्डको सजायँ सुनाइयो। सबास्टियनलाई दरबारबाट बाहिर निकालिएर सबैको सामु एक जना धनुषधारीले वाणै वाणले उनलाई छेडे। अनि उनी मरिसकेको भनेर त्यस धनुषधारीले उनलाई त्यत्तिकै गिद्धहरूले खाउन् भनेर चौरमा छोडेर गए। तर अचम्म त उनी मरेको थिएन। उनी चल्न थालेकोले उनका एक जना मित्रले उनलाई आफ्नो घरमा ल्याएर स्याहार सुसार

गरेर निको पारे। ती मित्रको घर सम्राट्को दरबार नजिकै थियो। उनका मित्रले उनलाई भागेर भूमिगत हुन अनुरोध गरे। तर मित्रको सल्लाहलाई उसले वास्ता गरेनन्। एक दिन सम्राट् डाइक्लोशियन सवारीसाथ बाटोमा आइरहेको बेलामा सबास्टियन सुरो भएर जानाजानी उनको अगाडि खडा भएर रोम देशको अत्यन्त भक्त र बफादारी इसाईहरूलाई राहत दिन अनुरोध गरे।

सबास्टियन देखेर सम्राट्को सातो पुत्लो उडेको थियो, किनभने ऊ मरिसकेको भनी सूचना पाएकोथिए, र आफू सामुन्ने खडा भएको व्यक्ति सबास्टियनको भूत भनेर तर्से। "जबसम्म निर्दोषहरूको हत्या गर्न हजुर रोक्नुहुन्न तबसम्म तपाईंलाई कहिलै पनि शान्ति हुने छैन" भनेर बाटोमा हिंडरहेका सबैका सामु सम्राट्लाई चुनौती दिए। रिसले चुर भएर उनलाई मर्ने गरी बाँधेर ढलमा फ्याँक्न सम्राट्ले हुकुम गरे। सबास्टियनलाई मारिएर ढलमा फ्याँके पछि एक जना लुशियाना नाम गरेकी इसाई महिलाले उनलाई भेट्टाएर आफ्नो बगैंचामा ल्याइन् र सरसम्मानसाथ आफ्नो बगैंचामा सबास्टियनलाई गाडिन्। यसरी रोम देशको बफादारी सैनिक तर भूमिगत येशूभक्त सबास्टियन रक्त पिपासु सम्राट डाइक्लोशियनको निर्मम हातबाट सहिद भए। सम्राट् डाइक्लोशियन इसाई विरूद्ध जतिसुकै शक्तिशाली देखाइएतापनि उनी आफ्नो राज्यप्रति दिक्क भएर गद्दी त्यागेका थिए भनेर रोमको इतिहासले भन्दछ।

# २५ आनियस

(इस्वी सन् ३०४)। सहिद

रोमन चर्चमा सन्त आनियासको सम्झनामा भोज मनाइन्छ। तर उनको आगमन पहिले रोममा महिलाहरूले विशेष चाड मनाइन्थ्ये। जब आनियासलाई श्रद्धा गर्न थाले तब उनलाई सम्झेर युवतीहरू उनकै नाउँमा त्यो चाड मनाउन थाले। आनियसले पाएको ईश्वरीय ज्ञान ती युवतीहरूमा पनि होस् भनेर तिनीहरूले पिनलाई टिप्दै, प्रार्थना गर्दै आफ्ना सुन्दर भविष्यको आशा गर्दछन्।

सुरूको रोमको चर्चमा आनियासलाई जत्तिकै श्रध्दा अरूलाई दिएको देखिँदैन। उनी केवल तेर वर्षकी थिइन् जब सम्राट् डाइक्लोशियनको निर्मम सतावटमा ज्यान गुमाएकी थिइन्। ग्रीक भाषामा आनियासको अर्थ पवित्र हो र रोमको ल्याटिन भाषा अनुसार पाठोको प्रतीक हो। उनी ती महिलाको प्रतिनिधित्व गर्दछिन् जो शुद्ध, पवित्र, चरित्रवान्, नैतिकवान् लक्षणकी थिइन्। रोम शहरको पर्खालको बाहिर एउटा चर्च अहिले पनि छ जहाँ उनी यातनाद्वारा शहादत अर्थात् बलिदान भएकी थिईन्। प्रत्येक वर्ष उनको सम्मानमा जुलुस निस्कन्छ। सिँगारिएको पाठोलाई अघि अघि लग्दै त्यस जुलुसले सहरमा परिक्रमा गर्दछन्।

केवल १३ वर्षकी पाश्चात्य देश रोमका बालिका कसरी सम्मानित हुन पुगिन् त? उनी एक सम्पन्न घरानाकी छोरी थिइन्। उनी अति सुन्दरी थिइन्। उनको धन र सुन्दरताप्रति आकर्षित भएर त्यस सहरको हाकिमका छोराले उनीसँग विवाह गर्न प्रस्ताब गरे। तर त्यस प्रस्तावलाई इन्कार गर्दै उनले भनिन्, “मैले मेरो जीवन येशू ख्रीष्टलाई सुम्पेको छु। उनैलाई नै अर्पण गर्दै म जिउँछु।" तै पनि त्यस युवाले उनलाई पछ्याउन छोडेनन्। तर आफ्नो कुमारीत्वलाई रक्षा गर्दै ती युवाको अनुरोधलाई अस्वीकार गर्दै रहिन्। जब आनियास आफ्नो नहुने थाहा पाएपछि उनी इसाई भएको भनी पोल उनको बाबुलाई लगाए। आफ्नी छोरी इसाई भएको थाहा पाएर बाबु अत्यन्त वाक्क भए र उनी बहुलाहि भइन् भनेर उनीमाथि दुर्व्यवहार गर्न थाले। त्यस समयमा कोही मानिसले येशूलाई विश्वास गर्दा उनलाई देशद्रोही र अपराधीसरह व्यवहार गरिन्थ्यो। धेरै इसाईहरू भूमिगत भएर बस्नु पर्दथ्यो। आनियासका बाबु र परिवारले उनलाई येशूमाथिको विश्वास त्याग्न कर गरे। तर परिवारलाई भन्दा येशूप्रतिको प्रेम महत्त्वपूर्ण भएकोले उनीहरूको मागलाई अस्वीकार गरिन्। तब तिनीहरूले उनलाई रोमी मन्दिरमा कुमारी देवदासी बनाउन योजना बनाए। उनी बालकै थिइन् तैपनि आफ्नो परिपक्वतामा वर्षलाई नाघेकी थिइन्। येशूप्रति आफ्नो प्रतिबद्धता व्यक्त

गर्दै उनले भनिन्, “के मेरो शरीरलाई ती निरर्थक ढुँगाका देवताहरूलाई समर्पण गरूँ?" “तिमी उमेरमा पाको देखिएतापनि तिमी त सानै छ्यौ।" तिनीहरूले उनलाई हेपेर जवाफ दिए। तर उनले जवाफ दिइन्, “हो, म सानै छु। उमेरमा पनि म सानै छु। तर याद गर्नुहोस्, परमेश्वरमाथिको आस्था उमेरमा होइन तर हृदयमा जागेर बस्दछ।"

जब उनी अटेरी भएर उनीहरूको कुरा नसुन्ने भनेर तिनीहरूले थाहा पाए, तिनीहरूले सार्वजनिक रूपमै उनलाई बेइज्जत गर्न तम्सिए। उनलाई सर्वाङ्ग नाङ्गो बनाएर घरबाट निकालिदिए र शहरको बाटोमा उनलाई नाङ्गै फ्याँकिदिए। आफ्नो लाजलाई कपाल फिजाएर छोप्नु परेको थियो। आफ्नै आमाबाबुले छोरीलाई यस्तो दुर्व्यवहार गर्ने रहेछन् भन्ने विश्वास गर्न सजिलो त छैन। पछि उनलाई वेश्यालयमा राखिदिए। किम्बदन्ती अनुसार स्वर्गदूतले सेतो पोशाक ल्याएर उनको शरीरलाई छोपिदिए भनिन्छ। “मेरो अस्मितालाई तिमीहरूले उदाङ्गो पार्दछौ होला, तर परमेश्वर हुनुहुन्छ जो मेरो रक्षक हुनुहुन्छ।" भनेर बिचलित नभएर सबै वेइज्जत उनले सहिन्।

कुनै तरहबाट पनि उनलाई तह लगाउन नसकिएपछि उनलाई मृत्यु दण्डको सजायँ सुनाइयो। वेश्यालयबाट घिसार्दै उनलाई सहरमा बेइज्जत गर्दै

डुलाए। सहरका मानिसहरूले उनलाई गिज्याए, उनको आस्थाप्रति खिल्ली उडाए। “बोक्सीलाई मार मार!" भन्दै सबै मानिसहरू उनीप्रति आक्रामक भए। सबैका अगाडि उनलाई जिउँदै चितामा घिसार्दै राखे। दाउराहरूको मुनि आगोलगाइ दिए। चितामाथि बस्दै उनले प्रार्थना गरिन्, “हे परमेश्वर, तपाईंको नाउँलाई धन्यको भन्दछु। सदा सर्वदा तपाईंको महिमा होस्। मेरो ओठले तपाईंलाई स्वीकार गर्छु। मेरो सम्पूर्ण हृदयले तपाईंको चाहना गर्दछु।"

जब उनी प्रार्थना गर्दै थिए तब आगो निभेका मानिसहरूले देखे। उनलाई डोरीले बाँधेर चितामाथि फेरिराखे। अचम्म तरिकाले उनलाई बाँधेको डोरी पनि फुस्कियो। तब अन्तमा उनलाई तरबारले मारिदिए। जब उनको मृत्यु भयो तब सारा मानिसहरू उनलाई चिहानमा गाड्न गए। उनको जीवन छोटो थियो। उनको कहानी वियोगान्त र अनौठो थियो। तर उनी पवित्र र सत्गुणीको प्रतीक भएर मानिसको हृदयमा सदा रहनेछिन्।

# २६ भिनसिन्ट

(इ.सं. ३०४)

तेस्रो शताब्दीमा भएको इसाईहरूप्रतिको यातना सम्राट् डाइक्लेशसियनले केवल रोममा मात्र सिमीत नराखेर अरू देशमा पनि फैलिइएको थियो। पाश्चात्य देश स्पेनमा पनि इसाईहरूलाई आतङ्क गराइएको थियो। स्पेनमा धेरै इसाईहरूले ज्यान गुमाउनु परेको थियो। येशूको निम्ति सहिद हुनेहरूमा आरागौन भन्ने शहरको भिनसिन्ट अत्यन्त उल्लेखनीय छ। सारागोसा भन्ने इलाकाको बिशप भालेरियसको सेवक भएर पादरी युवक भिनसिन्ट सुरुमा काम गरेका थिए। त्यस पछि उनी मूल डिकन भएर चर्चमा सेवा गरेका थिए।

रोमी साम्राज्यको मातहतमा रहेको स्पेन देशमा पनि डाइक्लोशियनले इसाईहरूप्रति कमकष्ट सहनु परेको थिएन। रोम देशमा भन्दा पनि स्पेनका इसाईहरूले अत्यन्त भयानक यातना खप्नुपरेको थियो। बिशप भालरी र उनका सहयोगी पादरीहरूलाई सिक्रीले बाँधेर भलेनशिया भन्ने प्रान्तमा कैदी बनाएका थिए। उनको बोली स्पष्ट नभएकोले उनको र उनका पादरीहरूका निम्ति भिनसिन्ट बोल्दथे। अवैध घोषणा गरिएको इसाई धर्मलाई निडर भएर आफ्ना आस्था ती इसाई वीरहरूले जनाएका थिए।

यसको फलस्वरुप बिशपलाई देशबाट निकाला गरियो र उनको हत्या गरियो। यसरी केवल येशूको भक्त भएको नाताले बिशप सहिद भए। भिनसिन्टलाई पक्रेर थुनेको पनि थियो। बन्दीगृहमा उनलाई अत्यन्त निर्मम याताना दिइयो। उनले सहनुपर्ने यातना वर्णन गर्न पनि त्यत्ति सजिलो छैन। उनलाई एउटा फलामको काँटीमा तन्काएको थियो। अनि तिखो फलामको जालीको फ्रेममा उनलाई राखियो। त्यसको मुनि आगो बालिदिएको थियो।

येशूलाई त्यागोस् भनेर उनका बैरीहरूले राक्षसी पाराले भरमग्दुर प्रयास गर्दा पनि उनको आस्थालाई बदल्न सकेनन्। अनि अझ क्रुर भएर उनका यातनाकारहरूले उनलाई फुटेका माटाका भाँडाहरू फ्याँक्ने खाल्डोमा फ्याँकिदिए। घाउले चिराचिरा पारेको शरीर त्यहाँ फ्याँक्दा उनले असीमित दर्द सहनुपरेको थियो। येशूका अनुयायीहरूले त्यस कालमा अत्यन्त यातना सहनुपरेको थियो। येशूप्रतिको निष्ठाले गर्दा उनीहरूले ठूलो मूल्य चुकाउनु परेको थियो।

स्वर्गबाट स्वर्गदूतहरू परमेश्वरले पठाएर उनलाई सान्त्वना दिए भनेर उनले दाबी गरे। उनी रहेको काल कोठरी स्वर्गको उज्यालोले भरियो र गुलाफको फूलको अत्तरले उनको कोठा भरिएको थियो भनेर उनले भनेका थिए।

महाकष्टमा पनि उनले भजन गाउन छोडेनन्। जेलको हाकिम उनको त्यो चर्तिकला देखेर अत्यन्त अचम्म भए। जब कोठाको प्वालबाट यातनाले ग्रस्त भएका सन्तलाई ती हाकिमले हेरे तब उनले भिन्सिन्ट आफ्नो भाँचिएको घुँडा टेकेर परमेश्वरको स्तुतिप्रशंसा गर्दै थिए। यो देखेर त जेलका हाकिम अत्यन्त प्रभावित भए र आफू पनि येशूलाई हृदय दिएको भनेर घोषणा गरे।

यो सुनेर त्यस प्रान्तमा रहेका रोमी बडा हाकिम अत्यन्त क्रोधित भए र येशूप्रति भिन्सिन्टको आस्था मार्न अझ बढी क्रुरता अपनाए। आखिरमा केही सीप नलागेपछि उनलाई यातना दिन रोक लगाए। यातनाबाट मुक्त भयो भने उनको मन जित्न सकिन्छ भन्ने ती बडा हाकिमको इच्छा थियो। यदि उनी यातनामै मरे भने उनलाई सहिद घोषणा गरिने छ र उनको ख्याती अझ बढ्नेछ भन्ने ती हाकिमको डर थियो।

कैद मुक्तभएका भिनसिन्टले केही राहत त पाएका थिए। इसाई महिलाहरूको नम्र हातले उनको घाउलाई स्याहार सुसार गरे। अनि ती महिलाहरूले उनलाई सान्त्वना र सेवा गरे। तर उनले जुन तीब्र कष्ट सहनु परेको थियो, त्यसले गर्दा उनी धेरै बाँच्न सकेनन् र उनको मृत्यु भयो।

जब उनको मृत्यु भयो तब सरकारका पदाधिकारीहरू झन रिसाए। उनी गाडिएको चिहानमा

तिनीहरू रिसले चुर भएर गए। त्यहाँ मरेका भिनसिन्टलाई चिहानबाट निकालेर खेतमा चरा र पशुले खाऊन् भनेर फ्यँकिदिए। तर अचम्म, कुनै पनि पशु वा गिद्धले उनको मृत शरीरलाई छोएनन्। त्यो देखेर सरकारी मानिसहरू झन रिसाए, तब भिनसिन्टलाई ढुँगामा बाँधेर समुद्रमा फ्याँकिदीए। तर रातमा त्यो शरीर समुद्रको किनारमा बगेर बस्यो। त्यहाँ, पछि मायालु हातहरूले श्रद्धापूर्वक ल्याएर गोप्यमा गाडे।

# २७ चार्लस् किङ्गसली

(सन् १८१९-७५)

बेलायतको इसाई विद्वान् चार्लस् किङ्गसलीले एक जना अलमलमा परेका मानिसलाई लेखे, "म कहिले पनि नास्तिक त भइन। तर युवाअवस्थामा जीवन र संसारको बारेमा व्याख्या गर्न खोज्दा म रनभुल्लमा परेको थिएँ। अनेकन शङ्का र उपशङ्काको भूमरीमा परिरहेको थिएँ। जीवनको अर्थको बेकारको खोजमा परिरहेको बेलामा मैले आमाको काखमा जे सिकें त्यो सम्झना आयो र मैले यो निष्कर्ष निकालें जुनकुरा मैले आमाको काखमा सिकें त्यो जस्तो पूर्ण ज्ञान मैले अरू कुनैमा पनि पाइनँ। जीवनको सार्थकताको विद्या आमाबाटै मैले बालककालमा सिकेको थिएँ।"

चार्लस् किङ्गसली इसाई धर्मगुरूहरू उत्पादन गर्ने देशमा जन्मेका थिए। उनले क्लिफ्टन र क्याम्ब्रिजमा शिक्षा हासिल गरेका थिए। हिसाब र पौराणिक साहित्य अध्ययनमा उनले प्रथम स्थान ओगटेका थिए। त्यसपछि उनले कानूनको अध्ययन गर्न थाले। तर त्यसबाट उनी चित्त नबुझेर धर्मदर्शन वा बाइबलको विद्यामा निपुण हुन अध्ययन गर्न थाले। एक दिन उनले आफ्ना मित्रलाई यो लेखेः "परमेश्वर र तपाईंको भारी ऋण मैले बोकिरहेको

छु। एक ताका इसाई धर्मलाई मैले अपमान गरेको थिएँ। अब त्यसको ऋण कसरी चुक्ता गर्ने भनेर मैले संघर्ष गरिरहेको छु। परमेश्वरको पवित्रता र शुद्धताको प्रचारक बन्दै मेरो जीवन उहाँमा सुम्पेको छु।"

बेलायतको हाम्पशायर भन्ने प्रान्तमा रहेको एभरसली इलाकाको उनी भिकार अर्थात् मूल इसाई पादरी भए। यो पद उनले जिन्दगीभर सम्हाले। ती गरिबै गरिबहरूले भरेको इलाका थियो। झारै झार भएको र हिलो नै हिलो भएको त्यस इलाकामा घुमन्ते वा जिप्सी र गैर रूपमा जङ्गली जनावरहरूलाई मार्नेहरूको बस्ती थियो। जब उनलाई त्यस इलाकामा खटाइयो तब उनी परालको छानो भएको सानो घरमा बस्नु परेको थियो। उनले पहलो पल्ट चर्चमा प्रचार गर्दा कोही पनि थिएन। त्यहाँ सुलसुले किराले खाएको बेदी थियो, र हात धुन फुटेको बाटा थियो। “म बिर्को लगाएको तामाको बाकसमा थुनिएको बिरालोको बच्चा जस्तै थिएँ।" भनेर उनले भनेका थिए। तर अन्धकार र भविष्यहीन भएको इलाकाको रूप केही समयभित्र उनले बदलिदिए। इसाई हुनु भनेको हात बाँधेर बस्नु वा गुफामा ध्यान गर्नु उनको लागि अमान्य थियो। त्यसकारण समाजको हितको लागि उनी चहार्न थाले। प्रथमतः उनले स्कुल खोले। तब विभिन्न क्रियाकलापलाई प्रोत्साहन दिन झुन्डहरू खडा गरे। आफू विद्वान् भएको कारणले आफूले जानेको कुरा

सिकाउन बेलुका कक्षाहरू सञ्चालन गर्न थाले। गाउँलेहरूको जीवनमा उनी सहभागी भए। खेत जोत्न, धान काट्न र परालको मूठो बनाउँदै गाउँलेहरूलाई सहयोग गरे। जनमानसमा उनको प्रभाव यस्तो गरी परेको थियो कि जब उनले चर्चमा कोही इच्छा गर्छ भने आउनुहोस् भनी आह्वान गर्दा एक जना रूखो स्वभाव भएको सिकारी उनको अगाडि पहिला देखा परे। तबेला स्याहार गर्नेदेखि लिएर समाजलाई तह लगाउने व्यक्तित्वहरूसम्म सबैले उनलाई यो समाचार सुनाए, "यदि श्रीमान् किङ्सले चाहेको खण्डमा हामीहरू सबै चर्चमा आउन तयार छौं किनभने हामी सबैले येशूलाई ग्रहण गरिसकेका छौं।"

उनको काम केवल चर्चको वरिपरिमात्र थिएन। केही समय क्याम्ब्रिज विश्वविद्यालयको इतिहास पढाउने प्रोफसर पनि भए। बेलायतकी महारानीका पुरोहित पनि भए साथै शाही खानदानका शिक्षक पनि भएर काम गरे। उनी शिक्षित समाजका पनि सदस्य भएका थिए। चर्चको सेवाकार्य बाहेक उनको अरू पनि चासोको विषय थियो। विशेष गरेर इसाई समाजवादको दर्शन अर्थात् विद्या उनले अगाडि सारे। उनका प्रवचनहरूमा इसाई प्रजातन्त्रको आवाज घन्किएको हुन्थ्यो। लोकप्रिय अगुवाहरूलाई इसाई भएको नाताले सबै मानिसलाई समान व्यवहार गर्नुपर्छ भनेर आह्वान गर्दथे। मजदुरवर्गहरूसँग आफू एक

भएको आभास दिएका थिए। नराम्रो र अस्वस्थ तथा फोहरी घरको वातावरणप्रति उनले रोष प्रकट गरेका थिए। मजदुरवर्गहरूलाई उनले लेखे, “हे बेलायतका मजदुरहरू हो, तपाईंहरूले सोच्नुभएको भन्दा बढी मित्रहरू तपाईंहरूका साथमा छन्। ती साथीहरूले तपाईंबाट केही अपेक्षा गर्दैनन्, तर तिनीहरूले तपाईंलाई माया गर्दछन् किनभने तपाईंहरू तिनीहरूका दाजुभाइ हुन्। तिनीहरूले परमेश्वरप्रति अगाध श्रद्धा राख्दछन्। तपाईंहरूलाई नकार्न उनीहरूले चाहँदैनन्। तपाईंहरूको हक-हित र अधिकारका निम्ति तिनीहरूले भर मग्दुर प्रयास गरिरहेका छन् र तिनीहरूले तपाईंहरूका निम्ति त्याग गरिरहेका छन्।" तर यो व्यक्त गर्न पनि उनी हिचकिचाएनन्ः “तर जब तपाईंहरूले स्वतन्त्रताका लागि चित्कार गर्दा त्यो वाहियात नहोस्। तपाईंहरूको स्वतन्त्रता तपाईंहरूलाई बिगार्ने अनुमति नहोस्। बेलायतमा नयाँ उज्यालो दिन आउँदैछ। स्वतन्त्र, विज्ञान र उद्योगहरूले बेलायत घन्किनेछ। तर सत्गुण बिना सही स्वतन्त्रता हुँदैन। धर्म बिना सही विज्ञान हुँदैन, परमेश्वरको भय र तपाईंका मित्र-नागरिकहरूलाई गर्नुपर्ने प्रेम र सम्मान बिना सही उद्योग, कलकारखाना हुँदैन।" तिनीहरूलाई उनले चिप्लो घस्ने र उनीहरूको स्वार्थीपना र अदुरदर्शीपनाको भण्डाफोर गरेका थिए। तैपनि उनले सहानुभूति र बौद्धिक क्षमताद्वारा तिनीहरूका

मन जितेका थिए। उनले यस्तो भावना पनि व्यक्त गरेः "मलाई कसैको इनाम र आशीष चाहिँदैन, न त कसैको अनुग्रह र कदर। तर गरिब र जलसेनाका जवानहरूका बीचमा समानता हुनुपर्दछ। जसरी मैले भित्री हृदयदेखि आनन्द लिइरहेको छु र सबैले समान अवसर पाऊन् भन्ने चाहना ममा भएको जस्तै बेलायतका सबै वर्गहरूले त्यही अनुभूति होस् भन्ने म इच्छा गर्दछु।"

त्यही जोशिलो आत्माले प्रेरित भएर उब्जनीको शङ्कटमा पनि आफ्नो दशांश दिएका थिए। अल्छीपना र अपराधीको कारणबाहेक आफ्नो कुनै चर्चका सदस्यहरूलाई गरिबलाई पाल्ने गृहको शरणमा पठाएनन्। उनको जीवन पूर्ण रूपमा येशू ख्रीष्टमा समर्पित थियो। उनको इलाका एभसली अरू इसाईहरूको निम्ति तीर्थस्थल बनेको थियो। उनको अनुकरणीय विश्वासको कारण मानिसहरूले उनको अनुहारमा येशू चम्केको देखेका थिए।

# २८ क्याडोक

**(६ शताब्दी) बेलायत टापु वेल्समा अवस्थित इसाई गुम्बाका महन्त**

बेलायतसँग जोडिएको वेल्स प्रान्त अहिले बेलायतकै अधीनमा छ। तर प्रथम केही शताब्दीहरूमा ती प्रान्त विभिन्न इलाकाहरूमा विभाजित भएका थिए र त्यहाँ धेरै साना ठूला राजाहरूले रजाइँ गर्दथे। तीमध्ये छैटौं शताब्दीका क्याडोक एक सानो प्रान्तका राजाका छोरा थिए। तर ती राजा डाँका पनि थिए। एक दिन ती राजा हतियारले सुसज्जित आफ्ना तीनसय जवानहरूलाई लिएर छिमेकी सरदारकी छोरीलाई आफ्नी श्रीमती बनाउन अपहरण गरे। त्यसबेला ती राजा र सरदारका बीचमा ठूलो संग्राम भयो। त्यो नराम्रो संघर्षमा राजाका दुई सयजना जवानहरूको मृत्यु भयो। त्यस अमिल्दो र तितो गठबन्धनको बीचमा क्याडोकको जन्म भयो। तिनी हिंस्रक बाबु राजाको स्वभावको विपरीत थिए। वेल्स प्रान्तमा उनी सन्त भनेर पुकार्दथे। वेल्सको लानकारभानमा इसाई गुम्बा उनले स्थापना गरेका थिए।

जङ्गली र असभ्य पृष्ठभूमिमा जन्मेको बालक भलादमी, मिजासिलो र बौद्धिक क्षमता भएको राजकुमार कसरी भयो भन्ने कुरा बुझ्न त्यति सजिलो छैन। आफ्नो छोरोको स्वभाव आफूभन्दा फरक भएकोले सन्की र आवेगमा त्यसलाई आयरल्याण्डको इसाई भिक्षुको

स्याहारमा राखिदिए। ती राजाले त्यो इसाई भिक्षुको गाई चोरेका थिए। त्यो भिक्षुले निडर भएर राजाकहाँ त्यो गाईं फर्काउन बाध्य गराएको थियो। त्यस भलादमी इसाई भिक्षुबाट क्यादोकले पौराणिक ल्याटिन भाषा सिके। त्यसपछि उनी आयरलाण्डमा अध्ययन गर्न गए। त्यहाँ अरू अध्ययनको साथै बाइबलको शिक्षादीक्षा हासिल गरेका थिए। आफ्नो पढाइ सकेपछि उनी राजकुमार हुन चाहेनन्, बरू पादरी हुन चाहना गरे।

उनका बारेमा धेरै किवदन्ती अर्थात् विश्वासै गर्न नसकिने कथाहरू छन्। राजकुमार जीवन बिताउन नचाहेपछि उनको जीवन गरिब अवस्थामा गुज्रिरहेको थियो। एक समय क्यादोक गरिब मात्र होइन आफ्नो प्रान्तमा भएको अनिकाल पनि सहनु परेको थियो। उनी भोक भोकै ओछ्यानमा जानु परेको थियो। त्यसबेला एक कथा अनुसार उनी आफ्नो सानो कुटीमा एकदिन किताब पढिरहेका थिए। एउटा सेतो मुसा पर्खालको दुलोबाट आयो। त्यो मुसाले एउटा मकै लिएर आएको थियो र त्यो मकै क्यादोक बसेको ठाउँमा भएको टेबुलमाथि छोडेर गयो। क्यादोक त्यस दुलोलाई खोतल्दै गयो त उनले पौराणिक सेल्टीकहरूले बनाएको अन्नको भकारी भेट्टायो। त्यो भकारी आफू बसेकै कुटीको मुनि थियो। अर्को कथामा एक दिन उनी हतियारधारी शत्रुहरूबाट जङ्गलमा लुकेर बसेका थिए। त्यसबेला एउटा जङ्गली बँदेल उनी बसेको ठाउँमा आयो। उनलाई देखेपछि त्यो बँदेल रिसले चुर भयो। त्यो बँदेल तीन पल्ट उनीतिर

तीन चोटि हान्न गयो, तर उनलाई केही गर्न सकेन। तब त्यो जनावर त्यहीँबाट गायब भयो। त्यो रिसले हान्न आएको बँदेल भएको ठाउँमा उनले रूखको तिनवटा हाँगाले चिनो लगाए। त्यही ठाउँमा उनले ठूलो चर्च र इसाई मठ बनाए। त्यो ठाउँ वेल्सको लानकारभान गाउँमा पर्दछ। उनी आफैं पनि भवन बनाउन सक्रिय रूपमा भाग लिएका थिए। उनले भने, "सबभन्दा देश प्रेमी त्यो हो जसले आफ्नो देशको जमिनलाई खनजोत गरेर आवाद गर्दछ।

एक दिन एक हुल हतियारधारी डाकाहरू उनी बसेको इसाई मठलाई लुट्न आए। तर उनीहरू आएको थाहा पाएपछि क्यादोक र उनका अरू इसाई भिक्षुहरू बाजा गाजा साथै गीत गाउदै उनीहरूलाई भेट्न गए। त्यो देखेर ती डाकाहरू चकित भए र तिनीहरूको मनस्थिति र गीतदेखि प्रभावित भएर ती डाँकाहरू नलुटिकनै फर्केर गए।

तर सबै कथाहरूमा सबभन्दा उत्कृष्ट कथा त उनका बुबा-आमाको हृदय परिवर्तन हो। आफ्ना छोराको उदाहरण र परमेश्वरप्रतिको समर्पित जीवनले गर्दा तिनीहरू अत्यन्त प्रभावित भएका थिए। तिनीहरूले पनि येशूलाई ग्रहण गरे र आफ्नो जीवनको मोड बदले। जब बप्तिष्माको समयमा सार्वजनिक रूपमा आमाबाबुले परमेश्वरप्रतिको विश्वासमा प्रतिबद्धता देखाए तब त्यो दिन क्यादोकको निम्ति अत्यन्तै रमाहटको दिन थियो। डाका राजाले मुक्तिदाता भेट्टाएको थियो। अनि बाबु र

छोरा दुबै मिलेर यो भजन गाए, "आपद परेको बेलामा परमेश्वरले तिमीलाई सुन्नुहुन्छ।"

पछि आएर जङ्गली एङ्लो-साक्सन जातिको मारबाट बच्न फ्लोटहोल्मस् भन्ने टापुमा क्याडोक शरण लिन पुगे। पछि ब्रिटानी भन्ने सानो टापुमा गए। त्यहाँ पनि उनले इसाई मठको निर्माण गरे। उनले सानो स्कुल पनि चलाए। बालबालिकाहरू उनको स्कुलमा आऊन् भनेर आफ्नो स्कुल भएको ठाउँमा पुग्न उनले ढुँगाको पुल बनाए। आखिरमा उनी बेलायत फर्केर गए। उनले आफ्नो नीति आफैंले पालन गर्न त्यहाँ पुगेका थिए। उनको नीति थियोः "के तिमी महिमा पाउन चाहन्छौ? तब चिहानमा हिंड।" लानकार्भानको आफ्नो सुरक्षित मठबाट टाढा रहेर साक्सनहरूको गाउँमा बसे जहाँ मूर्तिपूजक आक्रमणकारीहरूको आम हत्याबाट स्थानीय इसाईहरू शरण लिन गएका थिए। त्यहाँ ती बिस्थापित र त्राहि त्राहि भएका इसाईहरूलाई सान्त्वना र स्याहार गर्न क्यादोक सरिक भए। आङ्लो र साक्सन जातिय युद्धमा इसाईहरूले ठूलो क्षति सहनुपरेको थियो। त्यो थियो छैटौं शताब्दीको बेलायत। नर्थहाम्पशायरको विदन भन्ने बस्तीमा क्यादोक सहिद भए। चर्चमा प्रभुभोज गरिरहेको बेलामा एक दिन साक्सन घोडाचढीहरू आएर उनको चर्चमा हमला गरे। बेदीमा प्रभु भोज गरिरहेकै बेलामा ती जङ्गली जातिहरूले उनको निर्मम हत्या गरे।

# २१ पोलीकार्प

**(सन् १५५) सहिद भएको स्मरीनाको बिशप**

इसाई जगत्को प्रारम्भिक कालमा धेरै विश्वासीहरू सहिद भएका थिए। तिनीहरूमध्येमा कतिपयका नाउँ बाइबलमा लेखिएका छन्। तर बाइबल बाहिर र बाइबलमा उल्लेख नगरिएका सबभन्दा पहिला सहिद पोलिकार्पको नाउँ अत्यन्त उल्लेखनीय छ। उनी पूर्वीय चर्चको मूल धर्मगुरू थिए। त्यसबेला इसाईहरूले महासङ्कष्ट पाएको बारेमा धेरै लेखहरू छन्। एउटा लेखमा यसरी लेखिएको छः "येशूका भक्तहरूको आदर्शमय मनस्थिति, तिनीहरूको धैर्यता र तिनीहरूले प्रभुतिर जुन प्रेम देखाए त्यसको प्रशंसा गर्न कसले चुक्न सक्छ र? तिनीहरूको शरीरलाई छिया छिया हुने गरेर कोर्राको निर्घात कुटाइ, सबैले देखिने गरी अलपत्र पारिएको नशा नशाबाट रगत निस्किएको शरीर हुँदापनि तिनीहरूले सहे। उनीहरूका बैरीहरू तिनीहरूको त्यस सहनशीलता देखेर वाक्क भएका थिए, र तिनीहरूले तिनीहरूको निम्ति शोक मनाउन पनि बाध्य भएका थिए।"

येशूलाई प्रत्यक्ष रूपमा चिन्नेहरूलाई पोलिकार्पले चिनेका थिए। उनी येशूको प्रिय चेला यूहन्नाका चेला थिए। उनका धेरै चेलाहरूमा इरानियसको नाउँ प्रख्यात

छ। पोलिकार्पको विषयमा उनले यसरी लेखेका छन्, "येशूका चेलाहरूबाट सिकेका कुराहरू पोलिकार्पले सिकाउनुभएको थियो। ती चेलाहरूका सत्य वचनहरूलाई चर्चले निरन्तरता दिएको थियो। उनी येरुसलेमको परिसरमा बसोबास गर्नुभएको थियो। प्रेरितहरूसँग उहाँको उठबस हुनपाएकोमा उहाँ गौरव गर्नुहुन्थ्यो। पोलिकार्पले पावलको बारेमा भन्नुहुन्थ्यो,—त्यो धन्यका सन्त पावलको बारेमा म यकिन गरेर भन्न सक्छु। उहाँ उभिएर प्रचार गरेका ठाउँ, उहाँको आवतजावत, उहाँको जीवनमा परेको छाप, उहाँको शारीरिक स्वभाव, मानिसहरूसँग छलफल गर्दा उहाँले देखेको  प्रभुको दर्शन मन्त्रमुग्ध गरेर दिएको वयान र मानिसहरूसँग उहाँको अन्तरक्रिया आदि मलाई झलझली सम्झना आउँछ।'"

टर्कीको स्मरिना (हाल इजमिर)मा सत्तरी वर्षसम्म उनी बिशप भएर प्रभुको सेवा गरे। जब उनी नब्बे वर्षका थिए तब त्यसबेला इसाईहरूप्रतिको सतावट चरम सिमामा पुगेको थियो। त्यसबेला अत्याचारसँग इसाईहरूको सामना गर्नसक्ने शक्ति देखेर धेरै मानिसहरू चकित भएका थिए। बयोवृद्ध र दुर्बल भएतापनि त्यस अत्याचारबाट पोलिकार्पलाई छोडेनन्। एक दिन उत्तेजित भीडले उनीमाथि निर्ममतापूर्वक आक्रमण गरे। इसाईहरूका शत्रुहरू उठेर उनलाई आक्रमण गर्नेछन् भनेर उनलाई चेतावनी दिएका थिए। कुनै गाउँ घरको

कुनामा गएर अवकासको जीवन बिताउन उनलाई हितैषीहरूले अनुरोध गरेका थिए। तर त्यो हुनुभन्दा अघि नै उनका घरका मानिसले नै उनलाई अन्तर्घात गरे। पोलिकार्पले मानिसहरूलाई इसाई बनायो भनेर उनका बारेमा सरकारलाई सुराकी दिए। सरकारले उनलाई पक्रन हातहतियारको जत्थासहित  पुलिसहरूलाई पठायो। तर उनको शान्त स्वभाव र वृद्ध आयु देख्दा तिनीहरू छक्क परे। "यस्ता आदरणीय व्यक्तिलाई पक्रन किन यस्तो प्रयास गर्नु पर्छ र?" भनेर ती पुलिसहरूले भनेका थिए। पुलिसहरू आउँदा बेलुका भएको थियो र पोलिकार्प आराम गर्न आफ्नो कोठामा गएका थिए। जब पुलिसहरू आएको थाहा पाए तब उनी हतास भएनन् बरू तिनीहरूलाई शिष्टाचारपूर्वक सत्कार गरे। उनीहरूलाई खानेपिउने कुराहरू ल्याएदिए। उनलाई पक्रन अघि प्रार्थना गर्न पाऊँ भनेर अनुरोध गरे। ती पुलिसहरूकै सामु उनी उभिएर उनका परिचित सबैका निम्ति प्रार्थना गरे र संसारमा भएका सबै चर्चहरूको निम्ति पनि उनले प्रार्थना गरे।

पुलिसहरूले उनलाई गधामा चढाएर स्मिरिना शहरमा ल्याए। त्यहाँ बग्गीमा चढिरहेका बडा हाकिम भएको ठाउँमा लगे। बडा हाकिमले उनको उमेर देखेर उनलाई आफ्नो बग्गीमा बस्न लगाए। येशूमाथिको निष्ठा र आस्था छोड भनेर हाकिमले अनुनय बिन्ती गरे। तर

उनले मानेनन्। यो देखेर रिसले चुर भएर हाकिमले उनलाई बग्गीबाट खुट्टै भाँच्ने गरी फ्याँकिदिए। लङ्गडो र थकाईले पेलान भएका वयोवृध्द पोलिकार्पलाई घिसार्दै रङ्गशालामा ल्याए। सबभन्दा प्रख्यात इसाई त्यस रङ्गभूमिको बीचमा देख्दा कानै खाने गरी भीड चिच्याए। “येशूलाई सराप, येशूलाई सराप" भनेर तिनीहरूले माग गरे। यसको जवाफमा उनले भने, “असी र छ वर्ष मैले ख्रीष्टको सेवा गरें। मेरा राजा र मुक्तिदातालाई मैले कसरी सराप्ने !" तब तीन पल्ट उनको विरोधमा हजारौंको भीडले चिच्याए, “पोलिकार्प इसाई हुँ भनेर स्वीकार गर्दछन्, उनलाई मार, उनलाई मार !"

अनि त्यो रङ्गशालाको बीचमा चिता तयार गरियो। मानिसहरूले दाउरा र झारहरू जम्मा गरे। इसाईहरूका वयोवृध्द पिताले आफ्नो लुगाहरू फुकाले। मानिसहरूले उनलाई काँटी ठोकेर जलाउन खोजेका थिए। तर उनले भने, “त्यसको आवश्यक छैन। परमेश्वरले आगोको ज्वालाहरूलाई सहन शक्ति दिनुहुन्छ, उहाँले नै मलाई स्थिर भएर उभिन सामर्थ्य दिनुहुन्छ।" जब आगो उनको वरिपरि बल्यो तब परमेश्वरको प्रशंसा र प्रार्थना गरेर उनले आगोको ज्वालालाई स्वागत गरे।

# ३० जोन क्रिसोसटोम

**(ई, सन् ३४७-४०७) कन्स्टान्टिपोलको (टर्की) बिशप**

युनानी अर्थात् ग्रीस देशका जोन क्रिसोसटोम इसाई ग्रीक अङ्ग्रेजहरूमध्ये एक अत्यन्त समर्थवान् व्यक्तित्व मानिन्छन्। उनी सुनौलो वा मीठो बोली भएका येशूभक्तको नाउँमा चिनिन्छन्। रोमी इतिहासका विश्वविख्यात लेखक गिबोनले उनको जीवनको बारेमा अत्यन्त खुला हृदयले कोरेका छन्। उनी एक धनाढ्य, आदर्शयमयी र प्रतिष्ठित परिवारमा जन्मेका थिए। उनकी आमा अत्यन्त ममतामयी थिइन्। कानुनका विद्यार्थी भएर उनले आफ्नो विलक्षण बौद्धिकपन देखाएका थिए। जब उनले येशूलाई विश्वास गर्न थाले तब उनका गुरूहरूले "ए जोन क्रिसोटोमलाई त इसाईहरूले चोरेर पो लगेछन्" भनेर विलाप गरेका थिए। सांसारिक उज्वल र प्रतिष्ठालाई त्यागेर उनी येशूको नाउँमा बप्तिस्मा लिए र ६ वर्षसम्म मरुभूमिमा इसाई भिक्षु भएर जीवन बिताए। मरुभूमिको असह्य तपस्वी जीवनलाई उनको शरीरले खप्न सकेन र उनी शहरमा फर्किए। चालीस वर्षका उमेरमा उनलाई धर्मगुरूका रूपमा अभिषेक गराइयो। सिरिया देशको आन्टिओक चर्चमा बिशप भएर १२ वर्षसम्म उनले सेवा गरे। तब उनलाई टर्कीको कनस्टान्टिपोलमा मूल धर्मगुरू वा बिशप हुन बोलाइयो। आफ्ना लोकप्रिय प्रचारकलाई आन्टिओकका

विश्वासीहरूले सिरियाबाट जान दिन चाहेका थिएनन्। तिनीहरूको क्रोधबाट बच्न आन्टिओकका बडा हाकिमले गोप्य रूपमा हतार हतार गरेर उनलाई रथमा राखेर भगाएका थिए।

कन्स्टान्टिनपोलमा उनको लोकप्रियता उच्च शिखरमा पुगेको थियो। तर त्यहाँ उनले धर्मगुरूहरूको भ्रष्ट क्रियाकलापको भण्डाफोर गरे। उनको सरल र त्यागी जीवनले गर्दा चर्चका अगुवाहरूले उनलाई पन्छाउन थालेका थिए। मूल बिशप भएको नाताले येशूको नाउँको बेइज्जत गरेर बस्ने इसाई भनाउँदा धर्मगुरुहरूलाई उनले तिनीहरूको प्रतिष्ठित पदहरूबाट हटाएका थिए। सन्ट सोफियाको प्रख्यात चर्चबाट मुकुण्डोधारी इसाईहरूको खुलारूपमा उनले आलोचना गरेका थिए। त्यसमा त्यस देशकी महारानी पनि उनको आलोचनाबाट वञ्चित भइनन्। यसको फलस्वरूप बप्तिस्मा दिने यूहन्नाको हत्यारा हेरोडियास जस्तै उनले जोन क्रिसोटोमलाई कहिलै पनि माफी दिएनन्। उनका अघिका अगुवाहरूले चर्चमा भएको आम्दानीले मोजमज्जा र शानपूर्वक जीवन बिताएका थिए भने उनले त्यसको ठ्याक्कै विपरित सरल जीवन बिताएर चर्चमा उठेको आम्दानीहरूलाई अस्पताल र परोपकारी संस्थाहरू स्थापना गरे। उनी प्रखर वक्ता भएका कारणले उनी प्रचारकहरूका राजकुमार भनेर गनिन्थे। उनका प्रभावकारी प्रवचन सुन्दा मानिसहरू जोशले भरिन्थे। उनको नैतिक जोशले गर्दा उनको प्रवचन सुन्ने

मानिसहरूको हृदय छियाछिया भएर परमेश्वरतिर मन फर्काउन बाध्य हुन्थ्यो।

तर उनमा एउटा कमजोर चरित्र थियो। उनमा कुटनीति छलकपट नभएकोले र मानिसबाट लोकप्रिय हुन उच्च ओहोदामा बसेका पदाधिकारीहरूसँग उठबस नगर्दा उनी ती मानिसहरूको नजरबाट गिर्न थाले। मूर्तिपूजक देशका भ्रष्ट र अनैतिक आचरणदेखि उनले वाक्क भएर उनीहरूको खुलेआम विरोध गरेका थिए। धनी र गरिबको बीचमा भएको अन्तर र मानिसहरूको हितप्रति देखाएको उदासिनतालाई जनसमक्ष ल्याउँदा उनका बैरीहरू उनीदेखि क्रोधित भएका थिए। राजनैतिक अगुवाहरू, समाजका प्रतिष्ठत वर्गहरू र धार्मिक गुरूहरूको चालबाजीबाट उनलाई उनको पदबाट बर्खास्त गरे। जब जनताले उनी वर्खाष्त भएको थाहा पाए तब सारा जनसमूह उनको समर्थनमा जुलुस निकालेर त्यहाँ ठूलो दङ्गा मच्चाए। जनताको सुरक्षाको हित राखी उनलाई फेरि मूल बिशपकै रूपमा प्रतिस्थापना गरियो। यो खबर पाएपछि त्यहाँको मुख्य शहर बोशफोरसमा मानिसहरूले उनलाई स्वागत गर्न अनगिन्ती भाँडाहरू घाममा चम्काउँदै ल्याए, युरोप र एसियाका समुद्री इलाकाहरूमा बत्तीले झलझलाइएका थिए। उनका निम्ति विजय पाएका मानिसहरूले उनलाई भव्य स्वागत गर्दै उनलाई चर्चमा ससम्मान आसिन गराएका थिए।

दुर्भाग्यबस त्यो सम्मान धेरै समयसम्म रहेन। उनको डाहा गर्ने बैरीहरू निदाएका थिएनन्। दुई

महिनाभित्र सैनिकहरू लगाएर उनलाई बर्खास्त गरे। उनलाई आर्मिनयाको कठोर टौरस पहाडका टुम्पामा एक्लै फ्याँके। तर उनको दुर्भाग्यले उनको दिमागलाई बसाएनन्। एक्लो जीवन बिताउनु परेतापनि उनको जोश निभेन। उनको कष्टले उनलाई झन प्रख्यात बनायो। उनको पवित्र जीवनप्रति मानिसहरू उनका अगाडि निहुरेका थिए। प्रतिशोधको भावनाले प्रेरित उनका बैरीहरूले उनलाई झन त्यहाँबाट चिसो ककेस पहाडमा जान आदेश दिए। उनीहरू चाहन्थे कि जतिसुकै उनलाई टाढा लगियो त्यत्ति नै मानिसहरू उनलाई बिर्सनेछन्। पहाडतिरको कठोर यात्रा उनको निम्ति विषालु भयो। उनको यात्राको दौरानमा उनको मृत्यु भयो। उनी केवल साठी वर्षका मात्रै थिए। उनको मुखबाट अन्तिम वचन यही थियो, “सबै कुराहरूमा परमेश्वरको महिमा होस्।"

उनको मृत्यु भएको तीस वर्षपछि उनको शरीरलाई ससम्मान पहिलेको शहरमा ल्याइयो। राजधानी कन्स्टेटिनपोलबाट सम्राट् आफैं उनको लासलाई हेर्न यात्रा गरे। जब उनले क्रिसोसटोमको पार्थिव शरीर देखे तब त्यसको अगाडि लम्पसार परेर आफ्नो पापको प्रायश्चित गरे र उनलाई क्षमा दिन याचना गरे। क्रिसोसटोमको जीवन यात्राले उनका प्रखर बैरीहरू उनकै धार्मिक समूहमा रहेछन् भनेर देखाइएको छ। साथै प्रभु येशूप्रतिको प्रेमलाई कसैले पनि छिनाल्न सक्दैन भनेर क्रिसोसटोमको उदाहरणले देखाउँदछ।

# ३१ चार्लस् जर्ज गर्दन

**सेनापति चार्लस् जर्ज गर्डन (सन् १८३३-८५)**

चार्ल्स जर्ज गर्डन बेलायतका एक कुशल सैनिक थिए। उनको बहादुरीले उनी सेनापतिसम्म हुन पुगेका थिए। तर उनको दुःखद् मृत्यु सुडानको राजधानी खार्तुममा भएको थियो। उनमा येशूभक्तको जोश थियो। उनमा धेरै गुणहरू थिए। उनी अत्यन्त मिलनसार र धर्मी स्वभावका व्यक्ति थिए। तर उनी कट्टर नभएकोले कतिपयले उनी बाहिरीरूपमा मात्र इसाई तर भित्री रूपमा होइन भनेर लाञ्छना उनलाई लगाउँथे। उनी स्वतन्त्र विचारको मानिस भएतापनि परमेश्वरप्रतिको सरल बिश्वासलाई जीवनभरि थामी राखे। युवाअवस्थामा बेलायतको मनचेस्टर शहरको झोपडीहरूमा गरिबहरूको सेवा गर्दथे। बिरामीहरूकहाँ भेट्न जान्थे र चाहे बिग्रिएको मेचमा होस् वा ढुँगामाथि बसेर होस् वा नुहाउने ठाउँमा होस् त्यहाँ ती गरिब मानिसहरूको निम्ति घुँडा टेकेर प्रार्थना गर्दथे। आफूसँग भएका पर्चाहरू पनि उनी बाँड्थे। सेनामा भर्ती भएर उनी चिनमा पुगेका थिए। त्यहाँ उनी प्रख्यात सैनिक हुन पुगेका थिए। उनले धेरै मानपदवीहरू पनि त्यहाँ प्राप्त गरेका थिए। आफ्नो देश बेलायतमा उनलाई चिनिया गर्डन भनेर मानिसहरूले सम्बोधन गर्दथे। उनी

एक्कासी बराबर सेनापति भएर लडाईँ गर्नुपरेतापनि उनको कुशलताको चुचुरोमा कोही पनि पुग्न सकेको थिएन।

उनी सैनिक पेशामा नलागेको बेलामा आफ्नो देश बेलायतमा फर्केर थोत्राथोत्री स्कुलहरूका केटाकेटीहरूको क्लबहरूमा सहयोगी भएर परोपकारी काम गर्न थाले। आइतबारको दिनमा पनि बालसङ्गतिमा सहायता गर्दथे। उनले एक फेरा यो लेखेका थिए, “गरिब निमुखा बालबालिकाहरूलाई सेवा गर्न अवसर पाउनु भनेको त अति महान् देशको शासक हुनुभन्दा पनि रमाइलो हुँदोरहेछ !" उनको यो सेवाकार्यको जीवन सजिलो थिएन। उनलाई कतिपटक निराशका बादलहरूले छोपेका थिए। तर जतिसुकै निराशाजनक परिस्थितिमा पनि उनी कहिलैपनि विचलित भएनन्। कतिपय बिग्रेका केटाहरू उनको स्नेहले गर्दा बानी सुधारेका थिए। तीमध्ये कतिपय त सम्पन्न र समाजमा प्रतिष्ठित व्यक्तिहरू हुन पुगेका थिए। उनीहरूको उत्थानको श्रेय जर्ज गर्डन नै थिए। एक जना केटा तीन पटकसम्म नराम्रो बाटोमा लागेको थियो र तिनै पटक राति चार्ल्स जर्ज गर्डनको घरको ढोकामा आश्रय लिन पुगेको थियो। फोहरी र गन्दा लुगामा त्यो केटा देखा परेतापनि गर्डनको मायाले उनलाई छोडेको थिएन। त्यस केटालाई तबेलामा लगियो, खाना पिना दिइयो र सफा परालमा सुताइयो। भोलिपल्ट बिहान छ बजे नै साबुन, रुमाल र सफा लुगा

लिएर आए। त्यस केटालाई उठाएर लुगा फुकाल्न लगाइयो र आफ्नै हातले शिरदेखि पाउसम्म नुहाइदिए। अनि काम खोजेर उसलाई काममा लगाइदिए। सहनशील र स्नेही भावनाले अड्डा जमाएको गर्डनको हृदयले यस्ता धेरै केटाहरूलाई राहत दिएका थिए।

केटाहरूलाई मात्र उनले चासो देखाएका थिएनन्। धेरै वृद्ध र असक्त मानिसहरू पनि उनको शरणमा आएका थिए। ती सबैका निम्ति उनी बाबु जस्तै भएका थिए। आफूसँग भएको केही पैसा ती गरिबहरूको महिना खर्च तिरिदिन्थे। एक जना कार्टर नाउँ भएको पक्षाघात भएका व्यक्ति थिए। उनलाई एक दैनिक समाचारपत्र ग्राहक बन्न पैसा तिरिदिएका थिए। र उनलाई खाजा खर्चको निम्ति केही पैसा पनि दिन्थे। अनि ओछ्यानबाट उठ्न नसकेकी सुश्री सरिज थिइन् जसका सेवा उनले गर्दथे। जब उनी बाहिर देशमा थिए त्यसबेला एक गरिब बँगैचे थिए, उनका बारेमा जिज्ञासा राख्दै पत्र लेखेका थिए, “त्यो बूढो चरो कस्तो छ?" वर्षाबाट राहत दिन गर्डनले उनका निम्ति एक छाप्रो बनाइदिएको थियो। त्यसैकारण गर्डन रहेको वस्तीको भित्ताहरूमा र बाटोहरूमा प्रायजसो यस्ता शब्दहरूले कुँदिएका हुन्थे, “परमेश्वरले उनको ढुकुटीलाई आशीष दिऊन्।"

जब उनी सिपाही भएका थिए त्यसबेला उनले आफ्नो सर्वोच्च सेनापति परमेश्वरलाई बनाएका थिए। परमेश्वरको निर्देशनमा हिँड्न उनी अडिग भएका थिए। सैनिक सिविरको आफ्नो पालको बाहिर झण्डा उनले गाडेका हुन्थे। जब प्रार्थना गर्न जान्थे त्यसबेला पालको बाहिर उनलाई बाधा नदिनु भनेर कागजमा लेखेर राखेका हुन्थे। उनले आफ्नो निम्तिमात्र प्रार्थना गर्दैनथे। उनीसँग दैनिक प्रार्थनाका निम्ति लामो सूची थियो। "परमेश्वरको उपस्थितिबाट म कहिलै पनि अलग भएको छैन" भनेर उनले भनेका थिए। उनले पुरानो क्लबका केटाहरूसँगको सम्पर्क चिठीपत्रबाट जारी राखेका थिए। एक जना हब्सीलाई दास हुनबाट उनले बचाएका थिए। त्यससँगको सम्बन्ध पनि उनले छुटाएका थिएनन्। उनले नियमित रूपमा दिनदिनै थोमेस आ केम्पसको *ईमिटेशन अब क्राइष्ट* पढ्थे। यो पुस्तक एक इसाई भिक्षुले लेखेका थिए। यसमा प्रत्येक येशूभक्त येशूको अनुसरण कसरी गर्ने भनेर लेखिएको छ। त्यो इसाईहरूले बाइबलपछि सबै भन्दाबेसी पढ्ने किताब हो। उनको सैनिक कार्यकालमा आफ्नो तलब पाउनेभन्दा कम लिन्थे। एकवर्ष खेदिभ भन्ने ठाउँबाट आफूले पाउनुपर्ने १०,००० पाउण्ड नलिइकन केवल २,०००मात्र लिएका थिए। मिश्रदेशमा उनी कार्यरत हुँदा उनले तलबको केवल आधामात्र लिने गर्थे। त्यस देशका शासक र

मानिसहरूलाई उनले यो देखाउन चाहेका थिएकि कि उच्च पदमा रहेका सबै जनाले धनको पूजा गर्दैनन्। गरिबहरूलाई राहत दिन उनले पाएका तक्माहरू पनि बेचे र आफूले पढ्न चाहेका अखबारका ग्राहक हुन पनि छोडे।

उनको अन्तिम जीवनको यात्रा सुडानको खार्तुममा भएको थियो। युद्धमा आफू होमिए पनि उनको शान्ति र धिरज स्वभावले सारा विश्वलाई चकित पारेको थियो। आफ्नी बहिनीलाई उनले यो लेखेका थिए, "परमेश्वरको नाउँको महिमा होस्। संसार र सुडानका मानिसहरूले परमेश्वरबाट आशीष पाऊन्। र परमेश्वरको पाउमुनि म केवल धुलोमात्र हुनसकूँ।" जब खार्तुमका मानिसहरूले उनलाई घेराबन्दी लगाए तब उनले पाउनु पर्ने सैनिक राहतलाई अस्वीकार गरे, किनभने त्यो आउँदा ढिलो भइसकेको थियो। क्रुद्ध भएका भिडलाई उनले यसरी सम्बोधन गरे, "म सैनिकहरूको साथमा आएको छैन। तर परमेश्वर मेरो साथमा हुनुहुन्छ।" दैनिक बाइबल अध्ययनले परमेश्वरबाट अगुवाई पाउँछ भनेर उनले विश्वास गर्दथे। अनि प्रत्येक येशूभक्त परमेश्वरको हातमा खडा भइरहेको हुन्छ भनेर आफ्नो आत्मिक प्रतिबद्धता जनाएका थिए।

# ३२ सेल्सको फ्रान्सिस

**स्विटजरलाण्डको (ई.सन् १५६७-१६२२)।**

स्विटजरलाण्डमा आनेसी भन्ने एक प्रान्त थियो। त्यस प्रान्तमा सेल्स नाउँ गरेको जिल्लामा फ्रान्सिस भन्ने व्यक्ति थिए। उनी धनीको साथै समाजले मानिएका गन्यमान्य व्यक्ति थिए। येशूप्रति उनको ठूलो आस्था थियो। त्यस आस्था र परोपकारी काम गर्न मन भएकोले आफूले पाएका समाजका मान र सम्पत्तिलाई उनले त्यागे। सुसमाचारको उनी लोकप्रिय प्रचारक बने। उनका प्रवचनहरू सरल र जोशिला थिए। यसले गर्दा सर्वसाधारण मानिसहरू उनको प्रवचनमा मुग्ध हुन्थे। उनी उत्साह र नम्रताको गुणले सजेको येशूभक्त थिए। दुःख, कष्ट, त्याग, तपस्या र कुनै पनि खतराबाट उनी विचलित भएनन्। उनलाई जेनेभाको धार्मिक अगुवा बनाइएको थियो। गरिबहरूप्रति उनी हरदम संवेदनशील थिए। उनको खुला दिल र अरूप्रति ध्यान दिने व्यक्ति भएकोले उनलाई सबैले मन पराएका थिए। आध्यात्मिक व्यक्तित्व भएकोले उनले सकारात्मक मनस्थिति बोकेका थिए। उनी त्यस ताकाका र पहिलेका इसाई पूर्वजहरूका लेखहरूमा अत्यन्त चासो मानेर पढ्थे। उनको युगलाई युरोप महादेशमा पुनर्जागरणको युग भनिन्छ। त्यसबेला मानवतावादी सिद्धान्त लोकप्रिय थियो। फ्रान्सिस पनि

मानवतावादी थिए। स्वर्ग र पृथ्वीका आनन्दलाई मानिसले लिनुपर्दछ भनेर जोडतोडले उनले सिकाउँथे। यदि कोही व्यक्ति येशूको शिक्षामा भक्तिपूर्वक लाग्छ भने सबैको भलाइ उसले खोज्छ र स्वभावैले उसको हृदयमा प्रेम र परोपकारी भावनाले जग बसालेको हुन्छ भनेर उनको विश्वास थियो। “जसरी आत्मा शरीरको जीवन हो त्यसरी नै दानी हुनु आत्माको जीवन हो। जबसम्म हामीमा सास रहन्छ तबसम्म अरूप्रति देखाउने उदारताको वृद्धि भइनै रहनुपर्छ।" भनेर उनले सिकाउँथे।

“आफ्नो मनले रुचाएको सोखबाट आफू कहिलै पनि वञ्चित नहुनू। सय ड्रम चुक अमिलोले भन्दा एक चम्चा महले धेरै झिंगाहरू समात्छ भन्ने कुरालाई पनि नबिर्सनू। आफ्नो विवेकले चाहना गरेको सोखमा बढी से बढी लाग्नू। चिनीले रिकापीलाई कहिलै पनि बिगार्दैन। दुःख, कष्ट र बेदनाले गर्दा मानिसको दिमाग कडा हुँदै जान्छ। तर मायालु, दयालु र ममतामयी स्वभावले त्यस दिमागलाई नरम बनाउँछ। पानीले आगोलाई निभाएको जस्तै रिसलाई पनि मिठो बोलीले शान्त गर्दछ। लगनशील र कोमल भएर बारीमा काम गर्दा कुनै पनि माटो यस्तो हुँदैन जसले कुनै न कुनै किसिमको फल फलाउँदैन।" फ्रान्सिसको अर्ती थियो।

औपचारिक र नियमित धार्मिक क्रियाकलापमा भन्दा मौन रहेर भित्री परमेश्वरको महिमा गर्ने

आध्यात्मिक समूहमा सेल्सको फ्रान्सिस पनि अग्रपङ्क्तिमा थिए। असहिष्णु र धर्म रक्षा गर्ने नाउँमा अरूलाई सतावट दिनेहरूप्रति उनको सहानुभूति थिएन। उच्च ओहोदा र सम्मानका बिल्लाहरू लिन उनले अस्वीकार गरे। उनलाई फ्रान्सको राजधानी पेरिसमा आर्कबिशप अर्थात् मूल पादरी बन्न आह्वान गरिएको थियो। तर त्यस सम्मानलाई उनले वास्ता गरेनन्। युवाको जोश उनमा भएकोले उनी र उनका भतिजाले जेनेभाको तालनिर चाब्ले भन्ने ठाउँमा परमेश्वरको काम गर्न अखडा बनाए। उनीहरू घोडा चढेर त्यस स्थानमा आएका थिए। तर येशू र उहाँका चेलाहरूको अनुसरण गरेर उनले घोडाहरूलाई फर्काइदिए र हिंडेर नै गाउँ गाउँमा परमेश्वरको वचन सुनाउन थाले। यसरी उनी सरल जीवन बिताए। त्याग र भक्तिको जीवनले गर्दा उनी आध्यात्मिक संसारको गहिरोमा पुग्न सकेका थिए। परमेश्वरको शक्ति त्यहीँबाट खिँच्न सफल हुँदा उनी आत्मिक धरोहर हुन पुगेका थिए।

“जो मानिस प्रार्थना गर्दछ, त्यो मानिस यस्तरी परमेश्वरमा तल्लीन हुनुपर्दछ कि उसले प्रार्थना गरिरहेको रहेछ भनेर बिर्सनुपर्दछ।" उनले भन्दथे। जो मानिस हतार हतारमा प्रार्थना गर्दछ र त्यसको जवाफ तुरन्त आउन अपेक्षा गर्दछ त्यस्तो खालको मानिसलाई सम्बोधन गर्दै उनले भन्दछन्: “मानिसहरू कस्ता छन्, मकै उमार्न छ महिना कुर्न सक्छन् र फलफूलको निम्ति वर्षौं पर्खन

सक्दछन्, तर प्रार्थनाको जवाफचाहिँ तुरन्तै चाहियो रे?" भद्र र सदाशयी हुनबाट कहिलै पनि नचुक्नू भनेर अर्ती दिँदै उनले भन्दछन्: "भद्र वा सज्जन जस्तो प्रभावकारी हतियार अरू कुनै छैन। तेल जस्तो नरम र मह जस्तो गुलियो अरू कुनै पनि हुँदैन। तर अरू तरल पदार्थ भन्दा ती दुबै भयङ्कर रूपमा उम्लन्छन्। दम्पत्तिको मामिलामा पनि उनले बुद्धिमान् अर्ती यसरी दिन्छन्: "धेरै आवाज र प्रतिध्वनिका बीचमा माहुरीहरू बस्न सक्दैनन्। जुन घरमा भनाभन, कचकच, तँतमम, कचिङ्गल, होहल्ला, अन्तर्द्वन्द्व, बिरोधको बाहुल्यता हुन्छ त्यहाँ पवित्र आत्मा रहन सक्नुहुन्न। श्रीमान् र श्रीमती बीच कुराकानी जारी राख्नुपर्दछ। एकले गरेको वा गर्ने कुरा अरूले थाहा पाउनुपर्दछ। भुल भएमा एक आपसमा क्षमा माग्ने स्वभाव हुनुपर्दछ। आफ्नो वैवाहिक जीवनको समृद्धिको निम्ति परमेश्वरसँग याचना गर्नुपर्दछ। त्यो केवल औपचारिक वा अविश्वासीले गर्ने जस्तो हुनुहुँदैन। पारस्परिक प्रेम र एक आपसप्रतिको इमान्दारिताको प्रतिबद्धतालाई बराबर सम्झिरहनुपर्दछ। एक अर्का परमेश्वरका हुन् भनेर दाम्पत्य जीवनलाई उहाँमा सुम्पेर त्यस जीवनलाई अर्थमूलक बनाउनुपर्दछ। पतीपत्नीमा सहयोगको भावना हरदम रहनुपर्दछ र एक आपसको जिम्मेवारीपनाबाट कहिलै पनि हट्न खोज्नुहुन्न।"

# ३३ बथिल्ड

**(ई.स. ६८०) फ्रान्सकी महारानी**

बथिल्ड एक दासी युवती थिइन्। उनी बेलायतकी आङ्गोसाक्सन जातकी थिइन्। डेनमार्कका छापामारहरूले उनी बसेको शहरलाई कब्जा गरेका थिए। तिनीहरूले बथिल्डालाई बन्दी बनाएर फ्रान्सका राजा क्लोभियस दुईको मुख्य अफसिरको हातमा बेचेका थिए।

उनको मायालु-आकर्षित स्वभाव, सुन्दरीपना, भलादमीपना र हिस्सीपरेको चरित्रले गर्दा सबैले उनलाई मनपराएका थिए। उनी दासी थिइन् तर आफ्नो दुर्भाग्यप्रति सन्ताप नगरी आफ्ना मित्र दासीहरूलाई प्रेमाभाव दर्शाएर तिनीहरूको मन जितेकी थिइन्। तिनीहरूका च्यातेका लुगा सिइदिन्थिन्, जुत्ता सफा गरिदिन्थी। उनको दयाले गर्दा सबैजना उनीप्रति मोहित भएका थिए। उनको हँसिलो अनुहार र चिटिक्क परेको आकर्षित शरीरले गर्दा कोही पनि उनको सेवालाई नाईँनास्ति गर्न सकेका थिएनन्।

उनका असल लक्षणहरूले गर्दा उनका मालिकले उनीप्रति अत्यन्त प्रभावित भएर उनलाई आफ्नी श्रीमती बनाउन इच्छा व्यक्त गरे। जब यो कुरा उनको कानमा पुग्यो त उनी अत्यन्त सजग भइन्। आफ्नो निर्मल

चरित्रलाई ख्यालमा राखेर र दासी भएर तल्लो स्तरमा रहेकोले त्यस अफिसरकि श्रीमती हुन उनी चाहिनन्। त्यसबाट उम्किन उनी थोत्रो लुगा लगाएर दरबारको तल्लोस्तरका नोकरहरूका बीचमा लुक्न गइन्। जब त्यस अफिसरले उनको खोजनति गरे त उनलाई भेट्टाएनन्। उनी भागिन् होला भनेर ती अफिसरले अर्कै स्त्रीसँग विवाह गरे।

जब बथिल्डाले आफ्ना पुराना थोत्रे लुगालाई फुकालेर राम्रो लुगा लगाउन पुगिन् त उनको सुन्दरता र असल लक्षणप्रति राजा क्लोभिस आफै उनीप्रति आकर्षित भए। राजाले भित्री मनमनै उनलाई प्रेम गर्न थाले। एकदिन उनलाई विवाह गर्न प्रस्ताब गरे। यसरी दासी युवती उन्नाइस वर्षको उमेरमा फ्रान्सकी महारानी हुनपुगिन्। जब सातवर्षपछि राजा क्लोभिसको मृत्यु भयो तब उनले आफ्नो छोरा राजकुमारलाई काखमा राखेर फ्रान्सकि हर्ताकर्ता भइन्। उनको करुणामय र मायालु स्वभावले गर्दा उनलाई सबैले सम्मान गरेका थिए।

हो, उनी असल रानी भइन् र फ्रान्समा बुद्धिमतापूर्वक शासन चलाइन्। कति मानिसहरू अचानक ठूलो र धनाद्य बन्न पुगेपछि आफ्नो बिगतका जीवनलाई बिर्सन्छन्, तर उनी आफू दासी भएर दुःख पाएको कहिलै पनि बिर्सिनन्। युध्दबन्दीमा परेकाहरूलाई राहत दिन उनी कहिलैपनि पछि परिनन्। उनका बारेमा हामीलाई

यसरी जानकारी दिएका छन्, "रानी बथिल्डा अत्यन्त पवित्र र अति धर्मात्मा रानी हुन्। उनमा सदाशयताको सिमा थिएन। आफ्नो बन्धक जीवनलाई सम्झेर उनले बन्धक बनाइएका मानिसहरूलाई छुटाउन उनले ठूलो धनरासी थुपारेकी थिईन्।

छैटौं शताब्दीको फ्रान्समा गरिब र विपन्न वर्गका मानिसहरू थुप्रै थिए। उनीहरूमाथि थुपारिएको भारी करलाई चुक्ता गर्न प्रायजसो आमाबाबुहरूले आफ्ना छोराछोरीहरूलाई दासी अर्थात् कमैयाको लागि बेच्नुपर्दथ्यो। बथिल्डाले करलाई हलुको पारिन् र इसाईहरूका बालबालिकालाई दासी बनाउन मनाही गरिन्। फ्रान्सका कुनैपनि नागरिक दास हुन नपाउने नियम उनले बनाइन्। यदि कोही व्यक्ति फ्रान्समा खुट्टा टेक्छ भने स्वतः त्यो व्यक्ति स्वतन्त्र भएको घोषणा गरिनेछ भनेर उनले ऐन बनाइन्। यसरी त्यस ज्ञानी महिलाले फ्रान्सका जनताहरूको मन जितेर त्यस देशमा शासन गरेकी थिइन्। उनी सबैको मायाको पात्र भएकी थिइन्। विश्वको इतिहासमा दासप्रथा उन्मूलन गर्न अग्रज व्यक्ति सातौं शताब्दीका बथिल्डा हुनपुगेकी थिइन्।

तत्कालीन फ्रान्स जङ्गलै जङ्गलले भरिएको थियो। ब्वाँसा र अरू जङ्गली जनावरहरूले ती जङ्गलहरूमा राज गर्दथे। बेथिल्डाले धेरै चर्च तथा इसाई मठहरू बनाएर अनकङ्टार ठाउँहरूमा मानिसहरूलाई सभ्यपूर्वक बसोबास

गर्न लगाइन्। उनको नेतृत्वमा जङ्गल र बेकारमा परिरहेका जग्गाहरूमा खेती लगाउन दिइन्। कृषि र पशुपालनलाई महत्त्व दिंदा उनले फ्रान्सलाई एक समृद्ध देश बनाउन सफल भइन्। आफ्नो छोराले राज्य सम्हाल्न सक्ने भएपछि उनी आफैंले बनाएको शाही इसाई मठ शेलासमा अवकास लिइन्। पचास वर्ष हुनलागेको कलिलै उमेरमा उनको मृत्यु भयो। उनी दुःख पाएर मरिनन्। उनी मर्नुभन्दा अघि उनले एक दर्शन देखेकी थिइन्। त्यस दर्शनमा स्वर्गको बेदी खोलेको देखिन् र याकूबले जस्तै एक भर्याङ देखिन्। स्वर्गदूतहरू तलमाथि गरिरहेका उनले देखिन् र उनीपनि तिनीहरूसँग माथि गएको देखिन्। तब उनले शान्तसँग आँखा चिम्लिन्। असभ्य युगमा येशूको भक्ति र विगतमा आफूले भोगेको दुःखलाई नबिर्सिंदा उनको नाउँ पनि इसाई इतिहासमा स्वर्ण अक्षरले कोरिन पुगेको छ।

# ३४ ह्यान्ना मोर

**(१७४५—१८३३) लेखिका, धार्मिक र सामाजिक कार्यकर्ता**

हान्ना मोरलाई चिन्ने मानिसहरूले उनको बारेमा यसरी प्रशंसा गर्थे रेः "उनी प्रेमको वातावरणमा रहन्थिन् र हिँडडुल गर्थिन्।" उनी बेलायतको ब्रिस्टोल भन्ने प्रान्तमा जन्मेकी थिइन्। उनका पाँच जना दिदीबहिनीहरू थिए। तीमध्ये उनी अत्यन्त हँसिली र ठट्योरी थिइन्। तिनीहरूले एक स्कुल सञ्चालन गर्दथे। जब हान्ना बीस वर्षकी भएकी थिइन् तब उनी लण्डन आइन्। उनको विलक्षण प्रतिभा र आकर्षक व्यक्तित्वले गर्दा त्यस ताकाका धेरै जसो प्रख्यात र विशिष्ट व्यक्तिहरूसँग हेमचिम गर्ने मौका पाएकी थिइन्। उनी जवानी र महत्वाकाङ्क्षी थिइन्। उनले कविता र नाटकहरू लेखिन्। उनका आलोचक र समालोचकहरूले गर्दा उनमा जोश र जाँगरले भरिएको हुन्थ्यो। प्रत्येक क्षेत्रमा उनको प्रतिभालाई प्रोत्साहित गरिएको थियो। तर बाहिरी रूपमा उनी लोकप्रिय हुनुको कारण उनको भित्री जीवनमा भएको कडा आदर्श चरित्रले उनलाई परिचालन गरेको थियो। भित्री रूपमा गम्भीर स्वभाव भएका कारणले उनको सफलताले उनलाई सन्तोष पार्न सकेको थिएन। अति विशिष्ट व्यक्तिहरूको जमातमा उनी रहेकाले तिनीहरूले उनीबाट अझ ठूलो गुणात्मक लेखनशैलीको

अपेक्षा राखेका थिए। उनी जन्मिएको र हुर्केको प्रान्त ब्रिस्टोलमा मेथोडिस्ट मतका इसाईहरू थिए। तिनीहरूले उनलाई गहिरो प्रभाव पारेका थिए। मेथोडिस्टहरूको चुनौतिपूर्ण जीवनदेखि उनी अत्यन्त प्रभावित भएकी थिइन्। उनी आङ्गिलकन मतकी इसाई थिइन्। उनी सुसमाचार प्रचार गर्ने वातावरणमा हुर्केकी हुनाले सुसमाचार प्रचार गर्ने कामलाई मूल्यवान् ठानेकी थिइन्। तर लण्डनको जीवनशैली यस्तो थियोकि त्यहाँका मानिसहरूमा धर्मको लागि फुर्सद थिएन। एक दुई जना साथीहरू बाहेक धर्मलाई वास्ता नगर्ने जमातमा उनी परेकी हुनाले उनी पनि त्यही लहै लहैमा लागेकी थिइन्। एक दिन उनको संरक्षक र अति मनपर्ने मित्र गारिकको मृत्यु भयो। गारिक अभिनेता थियो। उसको मृत्युले उनको मनमा ठूलो चोट पुऱ्यायो। आफ्नो जीवनको जहाज नै डुबेको आभास उनले पाइरहेका बेलामा सेन्ट मेरी विलनथ चर्चको भिकार अर्थात् उच्च पदाधिकारी जोन न्युटनसँग उनको भेट भयो। तिनीहरू जीवनभरि साथी हुन गए।

न्युटनको भेटघाट पछि हान्नाको जीवनमा आमूल परिवर्तन आयो। आफ्नो सबै सामाजिक कामलाई त्यागिन्। नाट्यशालामा खेलिने नाटक पनि उनले रच्न छोडिन्। रवाफिलो, मनोरञ्जात्मक र रमाइलो मनपर्ने जीवनलाई पनि उनले चटक्कै छोडिदिइन्। त्यसको बदला उनले आफ्नो जोश र जाँगरलाई सुसमाचार प्रचार गर्ने

काममा अर्पण गरिन्।  समरसेट प्रान्तका बीचमा रहेको काउस्लीप ग्रीन भन्ने गाउँमा परालको छाना भएको घरमा उनले अवकाशी जीवन बिताइन्। तर उनको प्रभावले गर्दा त्यो ठाउँ तीर्थस्थल जस्तै हुन पुग्यो। त्यस ठाउँबाट धर्मात्मा, अतिथि सत्कार गर्ने चरित्र भएका मानिसहरू र दानी तथा परोपकारी दाताहरू उर्लन थाले। आफ्नो गाउँका वरिपरि भएका बालबालिकाहरूलाई जम्मा गरेर साप्ताहिक बाइबल सिकाउने पाठशाला खोलिन्। अनि दिउँसो चलाउने स्कुल पनि खोलिन्। त्यस स्कुलमा पठन पाठन बाहेक बालबालिकाहरूलाई उनले हस्तकला पनि सिकाइन्। तिनीहरूलाई चर्च जान पनि उनले उत्साह दिइन्। तत्कालीन गाउँघरको जीवनमा उनले सुरू गरेका क्रियाकलाप नौला थिए। कतिले पूर्वाग्रह राखेर उनको विरोध पनि गरे। तर तिनीहरूको तगारोदेखि उनी हतोत्साहित भइनन्। हो, बालबालिकाहरू पनि जङ्गली स्वभावका थिए र तिनीहरू उच्छङ्खल प्रवृत्तिका थिए। तर तिनीहरूप्रति सदाशय, दयामाया देखाएर उनले तिनीहरूको मन जितिन्। उनले लेखिन्, “बाइबलका मुख्य अध्यायहरूलाई तिनीहरूले जानून् र कण्ठ गरून् भनेर एक पेज बाइबलको एक पेनी दिएर मैले तिनीहरूलाई प्रोत्साहन दिएँ।...सकेसम्म रमाइलोसाथ तिनीहरूलाई सिकाउन मैले भरमग्दुर प्रयास गरें। परमेश्वरप्रति तिनीहरूको स्नेह, माया बढोस् र विशेष गरेर मुक्तिदाताप्रति तिनीहरू कृतज्ञ होऊन् भनेर

तिनीहरूलाई मैले जागृत गराएँ। छ हप्ताको एक पल्ट तिनीहरूलाई मैले अदुवाको बिस्कुट दिन्थें।"

खेतबारीमा काम गर्ने गरिब किसानाहरूतिर पनि उनले आफ्नो ध्यान पुर्‍याइन्।_तिनीहरूको दुःखमा तिनले हेरचाह गरिन्। सुत्केरी र बिमारी भएका किसानका श्रीमतीहरू तथा परिवारको उनले स्याहार सुश्रुषा गरिन्। बिमारीहरूको निम्ति र अरू सामाजिक कामका लागि उनले गाउँघरमा समूह खडा गरिन्। गाउँघरका पिछ्डिएका र पिल्सिएका मानिसहरूका निम्ति सामाजिक सेवा थाल्नेमा उनी अग्रज भइन्। तत्कालीन समाजसेवी तथा प्रधानमन्त्री बिलबोरफोर्ससँग उनको मित्रता भएकोले आफ्नो सारा शक्ति दासप्रथा उन्मूलन गर्ने अभियानमा सक्रिय भूमिका खेलिन्। आफ्ना कलमहरूसँग पनि उनी व्यस्त थिइन्। उनले धेरै धार्मिक पुस्तक र पर्चाहरू लेखिन्। जतातते उनका सामग्रीहरू छरेका थिए। बजार बाटाघाटामा उनको सामग्रीहरू बेचिएका थिए। उनका सामग्रीहरू सबै समूहका मानिसहरूमा लोकप्रिय भएका थिए। उनका पुराना प्रतिष्ठित मानिसहरूले पनि उनका लेखहरूलाई रुचाएका थिए। उनी धेरै वर्ष बाँचिन् र उनलाई सबैले सम्मान र कदर गरे। अठारौं शताब्दीमा भएको इसाई जागरणमा उनको भूमिका उल्लेखनीय थियो। त्यस समयका इसाई जगत्को जोसिलो, जाँगरिलो, भक्त, लगनशील र उद्यमी चरित्रहरूमा उनी पनि एक प्रमुख व्यक्तित्व थिइन्।

# ३५ इग्नेशियस

**(प्रथम् शताब्दी) आन्टिओकको बिशप सहिद**

इसाई जगतमा इग्नेशियसको बारेमा कमै थाहा छ। तर इसाई जगतको निम्ति उनले धेरै महत्त्वपूर्ण पत्रहरू लेखेका थिए। उनको जीवनको अन्तिम यात्रामा उनलाई दश जना सिपाहीँहरूले पक्रेर रोममा लगेका थिए। उनको त्यस यात्रामा ती सिपाहीहरूले उनलाई अत्यन्त निर्दयीपूर्वक व्यवहार गरेका थिए। जब उनी रोममा लगिए तब त्यहाँ उनी सहिद भए।

प्रेरित यूहन्नाको प्रवचनप्रति प्रभावित भएर इग्नेशियसले येशूलाई ग्रहण गरेका थिए। उनी यूहन्नाको बफादार चेला भएका थिए। इस्वी सन् ७०तिर प्रेरित पत्रुसले इग्नेशियसलाई आन्टिओक चर्चको बिशपमा नियुक्ति गरेको थियो। त्यो पद चालिस वर्षसम्म उनले सम्हाले। उनी थियोडरसको नाउँले लोकप्रिय भएका थिए। यसको अर्थ “उनीसँग परमेश्वर हुनुहुन्छ" हो। इसाईहरूलाई सतावट दिने क्रममा रोम राज्यको सम्राट् ट्रेजनको सामु उनी उभिन पुगेका थिए। इग्नेशियसबाहेक थियोडरसको नाउँ किन लिएको भनेर बादशाहले उनलाई सोधेका थिए। “मेरो हृदयमा येशूलाई बोकेको छु" भनेर जवाफ दिएर निष्ठुर बादशाहको सामु “ख्रीष्ट परमेश्वर हो" भनेर उनले स्वीकारेका थिए। “यसको अर्थ के क्रुसमा

टाँगिएको येशू हो त?" भनेर हेर्दै राजाले उनलाई सोधे। “हो त्यही येशू हुनुहुन्छ जसले मृत्युबाट पापलाई जित्नु भयो। उहाँको नाउँ धारण गर्ने सबैलाई सैतानका शक्तिलाई पाइतालामा राख्न उहाँले नै तिनीहरूको हृदयमा सामर्थ्य दिनुहुन्छ।

उनी प्रारम्भिक चर्चको अग्रज पुरुष थिए। उनले नै क्याथोलिक शब्दलाई पहिलो प्रयोग गरेका थिए। चर्चलाई येशूको शरीर भनेर जनाउ दिने त्यो शब्दको अर्थ बिश्वव्यापी हो। यसको अर्थ कुनै सम्प्रदाय होइन, न त रोमन क्याथोलिक चर्च नै भनेर उनले सम्बोधन गरेका थिए। रोमन क्याथोलिक चर्च तेश्रो शताब्दीमा उदय भएको थियो। तर जब इग्नेशियसले क्याथोलिक शब्द प्रयोग गरे उनले भविष्यमा रोमले त्यस शब्दलाई एकाधिकार बनाउनेछ भनेर सोचेका पनि थिएनन्। प्रत्येक इसाई क्याथोलिक हुन्, अर्थात् उनी विश्वव्यापी येशूको शरीरको अङ्ग हुन्।

उनका जम्मा सातवटा पत्रहरू सुरक्षित राखिएका छन्। ती पत्रहरू एसियाका चर्चहरूलाई लेखेका थिए। विभिन्न महत्त्वपूर्ण विषयहरूलाई सम्बोधन गरेर लेखेका ती पत्रहरू इसाई साहित्यका उच्च नमूना हुन्। ती पत्रहरूमा इग्नेशियसका गहिरो व्यक्तिगत भावनाहरू व्यक्त गरेका छन्। उनका लेखहरूमा उनको आउनेवाला मृत्युप्रति उनी संवेदनशील भएको पाइन्छ। पत्र लेख्नुपर्ने

बाध्यतालाई अत्यन्त नम्र पूर्वक यसरी लेख्छन्, “म को हुँ र कसलाई लेख्दैछु सो कुरा मलाई थाहा छ। म अत्यन्त तुच्छ इगनेशियस हुँ। दोषी र खतरामा पर्नेहरूको बीचमा मलाई पारेर मेरो जीवनलाई उदाङ्गो पारेका छन्।"

आफ्ना मित्रहरूबाट टाढा राखिएर, सारा संघर्षका बोझहरू थुपारिएर, असुरक्षित भएर बसेका इग्नेशियसका पत्रहरू अत्यन्त मर्माहत छन्। ती पत्रहरूले परमेश्वरप्रति उनको महान् अटल विश्वास र साहसलाई प्रकट गर्दछन्। भावविभोर भएर उनले लेख्दछन्, “मैले यो पत्र लेखिरहेको बेलामा म जीवितै त छु तर येशूको निम्ति म मर्न उत्सुक छु। ममा भएका शारीरिक अभिलाशाको प्रेम क्रुसमा टाँगिएको छ। कुनै वस्तुलाई पनि प्रेम गर्ने आगो मबाट निभिसकेको छ। तर मबाट जीवित पानीको खोलाचाहिँ बगिरहेको छ।" आफूले जस्तै दुःख कष्ट भोगिरहेकाहरूलाई उनले यसरी उत्साह दिन्छन्, “मै हुँ भन्नेहरूले बाइबलको शिक्षालाई पन्छाएर आफ्नै भाउ बिकाउन सिकाउन खोजेका मानिसहरूबाट सचेत रहनु भनेर अनुरोध गर्दछु। अचानोलाई जत्तिसुकै कुटेपनि सहन सकेको जस्तै विश्वासमा तिमीहरू अटल भएर बस्नू। आदर्श खेलाडी घाइते भएपनि उसले जिती छोड्छ।"

प्रथम शताब्दीमा पनि इसाईहरू विभिन्न सम्प्रदायहरूमा विभाजित भएका थिए। तर उनको

हृदयमा विभाजित इसाईहरूको निम्ति स्थान थिएन। त्यसकारण विभिन्न कारणले छरिएका इसाईहरूलाई एकत्रित पारी एक आपसमा घनिष्ट सम्बन्धमा बाँध्नु उनको महान् चाहना थियो। इसाई जीवनलाई इज्जतसाथ बिताउनुपर्दछ भन्ने उनको आह्वान थियो। प्रभु भोजप्रति संवेदनशील भएर त्यसको पालन गर्नु भनेर उनले आग्रह गरेका थिए, किनभने त्यस समयमा प्रभु भोजलाई विभिन्न रीतिहरू भित्र्याएर अपमानित ढङ्गले इसाईहरूले मनाउन थालेका थिए। त्यत्तिमात्र होइन, यस विधिमा अन्धविश्वासले ठाउँ ओगटेको थियो। येशूको देहरूपी इसाईहरू एक हुन उनले आह्वान गरेका थिए। प्रभु भोज सम्माननित हिसाबले चलाउनू, इसाईहरू नटुक्रिकन एक हुनू र सधैं सत्सङ्गमा लाग्नू- यी तिन कुराहरूले ख्रीष्टको सेवालाई देखाउँछन्। "जे गरेतापनि परमेश्वरको महिमाको निम्ति गर" भन्ने उनको अनुरोध थियो। यसरी प्रारम्भिक चर्चको इतिहासमा इसाई आराधनालाई उच्च मूल्य दिन र चर्चलाई व्यवस्थित ढङ्गले चलाउन इग्नेशियसको ठूलो देन छ। आफ्ना विश्वासीहरूको माझमा बिशप भएर धेरै वर्षसम्म परमेश्वरको सेवा गरेपछि उनको अन्तको दिन नजिक आएको थियो। रोमी सिपाहीहरूले उनलाई पक्रेर सिक्रीले बाँधेका थिए। वयोवृद्ध इगनेशियलाई तिनीहरूले रोममा लग्दै थिए। त्यही यात्राको दौरानमा उनले पोलिकार्पलाई स्मिरिनामा

भेटेका थिए, जो पनि पछि सहिद भएका थिए। रोममा उनलाई झ्यालखानामा राखेका थिए। सन् ११०तिर उनलाई रङ्गशालामा लगियो र त्यहाँ जङ्गली पशुहरूको बीचमा फ्याँकियो। पशुहरूको लुछाछुडको बीचमा उनी सहिद भए। पिपासु रोमी सम्राट्को निर्मम यातना खपिरहेका इग्नेशियसले अन्तिम पटक मार्मिक रूपमा चिच्याउँदै आफ्ना मित्रहरूलाई आह्वान गरे, "तपाईंहरूमध्ये कोही पनि विश्वासबाट पछि नहट्नुहोस्। ममा भएका आनन्द तपाईंहरूमा सधैं रहोस्।"

# ३६ सीभिरस

(ई.स. ३८९)

युरोप महादेशको इटाली भन्ने देशको राजधानी नजिक राभेना भन्ने शहर छ। तेस्रो शताब्दीमा त्यहाँ कपडा बुन्ने एक जना गरिब मानिस थियो। समाजको नगण्य मानिस सीभिरसलाई परमेश्वरले चुनेर चर्चको एक सङ्गठित क्षेत्रको अगुवा बनाउनुहोला भनेर उनले कहिलै पनि सपना देखेका थिएनन्। तर परमेश्वरले मानिसहरूलाई अनौठो प्रकारले आफ्नो कामको निम्ति चुन्नुहुन्छ। कसैले नसोचेको ठाउँबाट उहाँले अगुवाहरू चुन्नुहुन्छ। खेत जोतिरहेको मानिस होस् वा माछा मारिरहेका माझी होस्, तिनीहरूलाई लिएर परमेश्वरले उहाँको महान् अगुवा भक्त बनाउनुहुन्छ। एक दिन राभेना क्षेत्रको बिशप पद खाली हुनपुगेको थियो। चर्च भरि मानिसहरू नयाँ बिशप चुन्ने तरखरमा थिए। चर्चमा के भइरहेको छ सो हेर्न आफ्नी श्रीमती भिनिशियालाई भनेर त्यस चर्चतिर लम्किदैं थियो। उनको श्रीमतीले भनिन्ः “त्यस्तो झुत्रेझाम्रे लुगा लगाएर प्रतिष्ठित मानिसहरूकहाँ किन देखा पर्ने? बरू घरमै बस्नुहोस्।" “त्यहाँ गएर के नराम्रो हुन्छ र?" भनेर उनले जवाफ दिए। झर्को मानेर श्रीमतीले जवाफ दिइन्, “घरमा कत्तिको काम छ। तमाशा हेर्न जानलाई

तपाईँलाई फुर्सद छ र?" तर श्रीमतीको कुरोलाई ध्यान नदिएर उनी जान जिद्दी गरे। "ल, ल, जानुहोस्। कसैले तपाईँको कान निमोठी दिन्छ, अनि थाहा पाउनुहोला। जानुस्, जानुस्, बिशपमा चुनिएर आउनुहोस्।" भनेर रिसले श्रीमतीले घँचटेर पठाइन्।

आफ्नी श्रीमतीको खुकुरी जस्तो धारिलो वचन सहन सीभरसलाई बानी लागेको थियो। खचाखच भिडले भरिएको क्याथिड्रल अर्थात् ठूलो चर्च भवनमा उनी गए। आफ्नो झुत्रेझाम्रे लुगा भएकोले उनी भिडको पछाडि उभिएर बसे। चर्चमा प्रार्थना सभा भइरहेको थियो। चर्चका पदाधिकारीहरूले उपयुक्त र योग्य बिशप चुन्न पवित्र आत्माको अगुवाइको निम्ति प्रार्थना गरिरहेका थिए। त्यसबेला एउटा सेतो ढुक्कुर चर्च भित्र आएर उड्न थाल्यो। यताउति उड्दै त्यो ढुक्कुर गरिब लुगाबुन्ने सीभरसको कानतिर आएर फतफत गर्न थाल्यो। उनले त्यस ढुक्कुरलाई धपाए तर फेरि आएर उनको काँधमा बस्न आए। सारा मानिसहरूको ध्यान त्यतातिर गयो। अनि जब सबैले ढुक्कुर गरिब सीभरसको काँधमा देखे तब उनैलाई बिशप चुन्न परमेश्वरले चिन्ह दिएको हो भनेर सहमत देखाए। अनि सर्वसम्मतबाट त्यस गरिब सीभरसको आनकानीलाई वास्ता नगरेर राभेन क्षेत्रको मूल चर्च अगुवा अर्थात् बिशपमा नियुक्त गरे।

सीभरसकी श्रीमती घरमै थिइन्। चर्चमा के भइरहको थियो सो उनलाई अत्तोपत्तो थिएन। तर छिमेकी एक जना हस्याङ्ग फस्याङ्ग गर्दै दगुर्दै आए र उनलाई सीभरसलाई बिशप चुनेको समाचार सुनाए। यो सुनेर उनी हाँसिन् र विश्वास गर्न इन्कार गरिन्। उनले भनिन्, “यो कस्तो मनगढन्ते कुरो हो? कसरी एक जना गरिब कपडा बुन्ने मानिस त्यस्तो प्रतिष्ठित पदमा आसीन हुनसक्दछ र?" फेरि त्यत्तिकैमा अर्का मानिस आएर त्यही खबर सुनाए। अनि अलिअलि गरेर उनको ढोका अगाडि हुल जम्मा भयो। जब आफ्नो श्रीमान् बिशप भएको खबर पक्का भएको उनले थाहा पाइन् तर उनले बोली नै फुटाउन सकिनन्।

त्यसरी तानमा कपडा बुन्ने मानिस राभेनाको बिशप भए। हुन त समाजमा उनी कपडा बुन्ने असल र भलादमी मानिस भनेर चिनिन्थे। उनका काम र चरित्रलाई सबैले सराहना गर्दथे। ढुकुर बस्दा असल लक्षणको कारणले मात्र उनी चुनिएको नभएर उनको असल गुणहरूले गर्दा पनि उनलाई चुन्न पुगेको भने पनि हुन्छ। उनी लोकप्रिय बिशप हुन गए। उनले सबैको भलाइ खोज्थे। जब उनको मृत्यु हुने बेला भयो तब सबैको अगाडि प्रभु भोज गरेर उनले अन्तिम भजन गाए। अनि सबैलाई आशीष दिएर विश्वासीहरूलाई बिदावारी गरे। सबै मानिसहरू गए पछि उनीसँग केवल एक जना

सुसारे केटा थियो। सीभरसले उसलाई चर्चका ढोकाहरू बन्द गर्न लगाए। अनि बिशपको पोसाक लगाएर उनी चिहानमा गए जहाँ उनको श्रीमती र छोरी गाडेका थिए। त्यस केटाको सहायताले आफ्नो लागि खनेको चिहानको ढुङ्गा उचाले। अनि त्यस चिहानभित्र उनी पसे। केटासँग बिदा लिए। प्रार्थना गरे र आँखा बन्द गरेर चिहानमा सुते। उनको मृत्यु पछि चर्चका पदाधिकारीहरूले उनलाई सन्त भनेर घोषणा गरे। उनलाई बिशपको पोसाक लगाएको र हातमा तान बुन्ने साधन लिएको चित्रण गरिन्छ।

# ३७ बरबुर्गा

(७ शताब्दी)बेलायतको चेस्टर इलाकामा रहेको चर्चकी संरक्षिका

(जब येशूको बारेमा युरोपमा प्रचार गरियो, पन्ध्रौं शताब्दी अघि जताततै त्यस महादेशमा धेरै विश्वासीहरू इसाई भिक्षु र भिक्षुणी बनेका थिए। अनि त्यसबेला ठूला गिर्जाघर र इसाई बिहारहरू बनाउने लहर चलेका थिए। त्यस ताका स्थापना गरेका धेरै चर्च भवनहरू अहिले पनि युरोपमा जताततै छन्)।

बेलायतमा स्टोन अभ स्टाफोर्डशायर भन्ने गाउँमा वरबुर्गाको जन्म भएको थियो। तिनी मर्सिया प्रान्तका राजा वुल्फहेरकी छोरी थिइन्। यसले गर्दा उनी राजकीय घरानाकी थिइन्। उनकी आमा अर्मिङगल अत्यन्त धर्मी थिइन्। आफ्नी आमाबाट बरबुर्गाले बालकैदेखि येशूमाथि विश्वास गर्न सिकेकी थिइन्। जति उनी सुन्दरी थिइन् त्यत्ति उनी धर्मी, नैतिकवान् र असल लक्षणले सुसज्जित भएकी थिइन्। उनको सुन्दरताले गर्दा उनी धेरैको प्रशंसाको पात्र बनेकी थिइन्। उनलाई विवाह गर्न धेरैले प्रस्ताव राखे। पश्चिम साक्सन प्रान्तको राजकुमारले धेरै धनदौलत दिने कबुल गरेर उनीसँग विवाह गर्न चाहेका थिए। राजकुमारले वर्बुगाको ठूलो तारिफ गरेका थिए। तर उसको प्रस्तावलाई उनले अस्वीकार गरिन्। त्यसरी

नै आफ्नो बाबुको दरबार बरबोडको बैठकमा सरसल्लाह दिने बहादुर सेनाले पनि उनीसँग विवाह गर्न चाहेका थिए। उनले कसैको प्रस्ताव स्वीकार गरिनन्। उनले आफ्नो जीवन परमेश्वरमा अर्पण गर्न चाहेकी थिइन्। उनको राजा बुबाले उनलाई बैवाहिक जीवन बिताउन मनाउन खोजेका थिए। तर बुबासँग धेरै अनुरोध गरेपछि उनी इसाई भिक्षुणी बन्न इसाई बिहारमा जान मञ्जुर पाइन्।

जब समय आयो तब दरबारका लावालस्कर सहित ठूलो सम्मानसाथ उनलाई इले भन्ने इसाई बिहारमा लगियो। त्यहाँ उनलाई उनकी काकी एथेलड्रिडा र अरू भिक्षुणीहरूले ससम्मानका साथ स्वागत गरे। उनकी काकी पनि शाही खानदानकै थिइन्। जब उनी बिहारमा पुगिन् तब उनी घुँडा टेकेर बिहारभित्र पसिन्। अनि उनले टि डेवम् भन्ने भजन गाएर भिक्षुणीहरूको समूहमा समावेश भइन्। त्यहाँ उनले महँगो राजकीय पहिरनलाई फुकालेर साधारण भिक्षुणीको लुगा लगाइन्। त्यसपछि अरूले जस्तै बिहारको रेखदेख गर्ने कामधन्दामा सरिक भइन्।

त्यहाँ उनले राम्रो प्रगति गरिन्। उनको लगनशीलताप्रति सबै जना प्रभावित भएका थिए। धेरै वर्षपछि उनका काका राजा एथेलरेडको अनुरोधमा आफ्ना मातहतमा रहेका सम्पूर्ण इसाई बिहारहरूको रेखदेख गर्न उनलाई नियुक्ति गरे। यसले उनको कामको

दायरा ठूलो भएको थियो। उनको काम अत्यन्त फलदायी भएको थियो। उनका मातहतमा रहेका धार्मिक गृहहरू अनुशासित भिक्षुणीहरूको नमुना बने। आफ्नो परिवारको धन र प्रभावलाई उपयोग गरेर उनले धेरै ठाउँहरूमा नयाँ नयाँ इसाई बिहारहरूको स्थापना गरिन्। ट्रेन्थम, हानबरी र विडममा उनले स्थापना गरेका बिहार उल्लेखनीय छन्। आफ्ना काका एथेलरेडलाई मनाएर उनले चेस्टर प्रान्तमा रहेको सेन्ट जोन द बप्तिस्ट चर्च अन्तर्गत गिर्जाघर समूह खडा गरिन्। इग्विन चर्चका निम्ति राजा एथेलरेडसँग जग्गा मागिन् र त्यहाँ ठूलो एभशेम बिहार खडा गरिन्।

धेरै भ्रष्ट र अर्थहीन जीवन बिताइरहेका मानिसहरूबाट पनि उनले ठूलो इज्जत पाएका थिए। परमेश्वरले उनको जीवनमा धेरै आशीषहरूले भरिदिनुभएको थियो। प्रार्थना र अनुशासित जीवनमा नै गहिरो जरा गाडेकोले उनको काम सफल भएको थियो। उनले दिनको एक छाकमात्र खान्थिन् त्यो पनि रूखो खाना थियो। त्यसताका कतिपय इसाईहरू मरूभूमिका गुफाहरूमा भिक्षु भएर बसेका थिए। वर्गुवाको निम्ति तिनीहरू उदाहरण बनेका थिए। प्रत्येक दिन पूरा भजनसंग्रह उनले घुँडा टेकेर पाठ गर्थिन्।

उनी धेरै वर्षसम्म बाँचिन्। उनको वृद्ध अवस्थामा मर्नुभन्दा पहिले आफ्ना मातहतमा रहेका सबै इसाई बिहारहरूमा भ्रमण गरिन्। सबैसँग उनले

व्यक्तिगत रूपमा बिदावारी गरिन्। अनि उनी ट्रेनथिमको बिहारमा अवकास लिइन् जहाँ सन् ६९९मा उनको मृत्यु भयो। उनलाई हानबरीमा रहेको बिहारमा गाडेको थियो। पछि राजा कुलरेड र धेरै इसाई धर्मगुरू अर्थात् बिशपहरूको अग्रसरतामा उनको अस्तु अर्थात् बाँकिरहेको शरीरलाई महँगो धर्मस्थलमा सारेर गाडियो। त्यसबेला उनको सम्मानमा ठूलो समारोह भएको थियो। त्यस ठाउँले धेरै इसाई तीर्थयात्रुहरूलाई आकर्षित गर्दथ्यो। नवौं शताब्दीमा डेनमार्कबाट डरलाग्दा भाइकिङ्गहरूले बेलायतमा हमला गरेका थिए। त्यसबेला तिनीहरूले वर्बुगाको चिहानलाई तहसनहस पार्ला भन्ने डरले उनको लासलाई चेस्टरमा सारेका थिए। कालान्तरमा उनको चिहानमाथि ठूलो गिर्जाघर बन्यो। त्यस गिर्जाघरको अवशेष अहिले पनि छ। त्यहाँ वर्बुगाका पुर्खाहरूका चित्रहरू कुँदिएका छन्। जसमा पौराणिक मर्सियाका राजाका चित्रहरू छन्। गिर्जाघरको भग्नावशेषले वर्बुगाको चिहान अहिले पनि देखाउँदछ। त्यहाँ चारवटा खाल्डाहरू छन्। इसाई तीर्थयात्रीहरू अहिले पनि घुँडा टेकेर रोगबाट निको हुन प्रार्थना गर्दछन्। पछि ती यात्रीहरूले धातुको टुक्रा पाउँछन्। तिनीहरू त्यस स्थलमा पुगे भन्ने चिन्ह त्यो थियो।

# ३८ जोन रोजरस्

## बेलायतको स्मिथफिल्डमा जिउँदै जलाइएका सहिद

ई.सम्वत १५५३मा महारानी मेरी बेलायतकी शासक बनिन्। उनी कट्टर रोमन क्याथोलिक थिइन्। यदि कोही विश्वासी रोमन क्याथोलिक चर्चको दायरामा नबसी स्वविवेकले बाइबलको आधारमा परमेश्वरलाई विश्वास गऱ्यो भने त्यो मानिस पथ भ्रष्ट भएको भनी निर्मम सजायँ पाउँथ्यो। बेलायतको इतिहासको पानामा मेरीलाई ब्लडी मेरी अर्थात् रक्तालु मेरी भनेर लेखिएको छ। त्यस कालमा कमसेकम तीनसय जना विश्वासीहरूलाई धर्मलाई त्यागेको भनेर जिउँदै जलाएका थिए। तिनीहरूमा पाँच जना इसाई अगुवा अर्थात् बिशपहरू पनि थिए। अन्यायको खिलाफमा बोल्ने र परमेश्वरमा बफादारी हुने इसाई अगुवाहरूमा जोन रोजरस् पनि एक थिए। उनलाई पनि जिउँदै चितामा जलाइएको थियो। उनी बेलायतको बर्मिङ्घाम भन्ने इलाकामा जन्मेका थिए। अत्यन्त विद्वान् भएको कारण उनी बेलायतको गरिमामय अक्सफोर्ड र क्यामब्रिज विश्वविद्यालयका सदस्य थिए। उनले साउथवार्क इलाकामा पादरी भएर परमेश्वर र विश्वासीहरूको सेवा गरेका थिए। त्यसपछि उनी हल्याण्डको आन्टवर्प भन्ने इलाकामा रहेको बेलायती व्यापारी कम्पनीको च्यापलेन

अर्थात् धर्मगुरू बने। उनले धनाद्य व्यापारी परिवारकी एक छोरीसँग विवाह गरे। टिन्डेल, कभरडेल र अरू अग्रज प्रोटेस्टेन्ट अर्थात् इसाई सुधारवादीहरूसँग घनिष्ट सम्बन्ध राखेका थिए। बाइबललाई मात्र मानेकोले र त्यसलाई प्रचलित गराउन खोजेकोले ती मानिसहरूलाई बेलायतबाट देश निकाला गरिएको थियो। तिनीहरू युरोपको हल्याण्ड भन्ने देशमा बस्दथे। त्यस ताका बाइबल केवल ल्याटिन भाषामा मात्र थिए, र सर्वसाधारण जनताले पढ्न जानेका थिएनन्। रोमन क्याथोलिक चर्चका अगुवाहरूले सर्वसाधारण जनतालाई बाइबल पढ्नबाट वञ्चित गराएका थिए। तर टिण्डेल जस्ता प्रोटेस्टेन्ट अगुवाहरूले बाइबललाई बडो मेहनतसाथ अंग्रेजी भाषामा अनुवाद गरेर छाप्दथे र भूमिगत तबरले बेलायतमा पठाउँथे। तिनीहरूको कामबाट रोजर अत्यन्त प्रभावित भएका थिए। रोमन क्याथोलिक चर्चका अगुवाले टिण्डेललाई बाइबल अनुवाद गरेर छापेर सर्वसाधारण जनताको माझमा पुऱ्याएको कारण जिउँदै लट्ठामा बाँधेर जलाइ दिएको थियो। उनको मृत्युपछि उनको काम रोजरले निरन्तरता दिन थाले। पछि उनी विटिनवर्ग इलाकामा केही वर्ष प्रोटेस्टेन्ट चर्चको अगुवा हुन पुगे।

उनी १५४८मा लण्डन फर्के। उनको योग्यतालाई कदर गरेर उनलाई लण्डनको प्रसिद्ध सेन्ट पावल चर्चको पादरी नियुक्त गरियो। यसले गर्दा बेलायत सरकारको उच्च ओहोदाका मानिसहरू र इसाई

अगुवाहरूसँग उठबस हुन उनलाई मौका मिलेको थियो। उनलाई पादरी बनाउनुभन्दा अघि बेलायतमा उदारवादी राजा एडवार्डले शासन गरेका थिए। उनले मानिसहरूलाई धार्मिक स्वतन्त्रता दिएका थिए। तर एडवार्डको मृत्युपछि रक्तालु र रोमन क्याथोलिक चर्चका कट्टर अनुयायी मेरी बेलायतको साम्राज्ञी बनिन् उनले एडवार्डले दिएको धार्मिक स्वतन्त्रा खारेज गरिन् र केवल रोमन क्याथोलिक चर्चलाई मात्र मान्न उर्दी दिइन्। रोजरलाई त्यो कुरा थाहा थियो। तैपनि जब रोजरले पावलस् क्रस चर्चमा प्रवचन दिन मौका पाए तब राजा एडवार्डको पालामा सिकेका परमेश्वरका वचनहरू आत्मसात् गर्न उनले मानिसहरूलाई आह्वान गरे। उनको प्रवचनमा जोश थियो। राजा एडवार्डको पालामा सिकेका सत्य वचनहरूबाट नतर्किन अटल भएर बस्न र पोपलाई धर्मगुरू मानेर बाइबलबाट बाहिरका गलत सिद्धान्तहरूलाई नअपनाउन चर्चका विश्वासीहरूलाई उनले सतर्क गराएका थिए।

उनको यो आह्वानबाट रोमन क्याथोलिक चर्चका बिशपहरू आगो भए। उनलाई तिनीहरूको परिषद्मा उभ्याइयो र रोमन क्याथोलिक चर्चको खिलाफमा नबोल्न चेतावनी दिइयो। तर उनले चर्च परिषद्को चेतावनीलाई वास्ता नगरी बाइबललाई मात्र सर्वोपरी मान्न मानिसहरूलाई सिकाउन रोकेनन्। त्यसको फलस्वरूप उनलाई रानीको आज्ञालाई नमानेकोले देशद्रोहीको आरोप

लगाइयो। उनलाई पक्रेर आफ्नै घरमा नजरबन्दमा राखियो। पछि उनलाई न्युगेट झ्यालखानामा सारियो। त्यहाँ हुपर, सौन्दर र ब्रादफोर्द इसाई मित्र अगुवाहरूसँग उनलाई थुनियो। साथै त्यहाँ अरू अपराधीहरू पनि थिए।

बाइबल र बाइबलमात्र मान्ने योद्धा रोजरसको विरुद्धमा मुद्दा चलाइयो। उनलाई न्याय परिषद्मा फेरि उभ्याइयो र आफ्नो क्रियाकलापको स्पष्टीकरण दिन हुकुम गरियो। त्यस समय निडर भएर उनले भने, “म जन्मसिद्ध बेलायती हुँ। मेरो देशको हित म चाहन्छु भन्ने कुरो परमेश्वरलाई थाहा छ।" सत्य चर्च र बेलायतमा हुनुपर्ने आस्थाको निम्ति उनी निडर भएर घोषणा गरे, “क्याथोलिक भन्ने शब्द रोमको चर्चसँगमात्र आबद्ध छैन। यसको अर्थ चर्चहरूले सिकाउने सत्य शिक्षादीक्षाहरूलाई जनाउँछ। त्यो सबै समय र सबै युगमा लागु हुन्छ।" प्रधानमन्त्रीलाई सम्बोधन गर्दै उनले भने, “मेरो स्वामित, हजुरले मलाई क्रुरतापूर्वक व्यवहार गर्नु भएको छ। कानूनको विपरीत तपाईँले मलाई झ्यालखानामा राख्नुभयो। मलाई लगाएको आरोपको न्यायिक जाँच पनि गराउनु भएन। अठार महिनादेखि म झ्यालखानामा छु, र छमहिनासम्म मलाई मेरो घरमा नजरवन्दमा राखियो। परमेश्वरलाई थाहा छ कि तपाईँको आज्ञालाई मैले उल्लङ्घन गरेको छैन, न त तपाईँको खिलाफमा मैले कसैसँग बोलेको छु। अहिले म न्युगेट कैदखानामा छु।

मैले ठूलो मूल्य चुकाइरहेको छु। मेरी श्रीमती र मेरा दस जना छोराछोरीहरू बिल्लीवाठ भएका छन्। मलाई एक पेनी पनि दिइएको छैन। ममाथि गरिएको यो अन्याय सरासर बेलायती कानूनको विरूद्धमा छ।" जब उनलाई चुप लाग र बस भनेर हुकुम गरियो तब उनले भने, "मेरो स्वामी, म उभिन्छु। के मेरो ज्यानको लागि बोल्ने मेरो अधिकार छैन त?" अनि प्रधानमन्त्रीले भने, "हेर, हेर, कस्तो खालको जोस त्यस मानिसमा छ!"

धर्मसँग राज्य मिलेका शासकहरूले रोजरलाई जलाउन फैसला गरियो। उनलाई सुलीमा चढाएर जलाउन दिन तोकियो। त्यस तोकिएको दिनमा न्युगेट जेलको हाकिमकी श्रीमती उनलाई व्युँझाउन उनको कोठामा आइन्। त्यसबेला उनी मस्त निन्द्रामा थिए। आफ्नी श्रीमती र छोराछोरीहरूलाई अन्तिम पटक भेट गर्न उनले अनुरोध गरे। तर उनले आफ्नो भुल स्वीकार नगरेकोले रिसाएका जेलका हाकिमले उनको इच्छालाई पुराउन चाहेनन्। उनले रोजरलाई भने, "तेरो निम्ति म प्रार्थना पनि गर्दिन।" "तर तपाईंको निम्ति म प्रार्थना गर्छु" भनेर रोजरले जवाफ दिए। लण्डनको सडकमा उनलाई मानिसहरूको भिडबाट चितामा लगियो। बाटोमा उनले भजनहरू गाउँदै गए। उनको दृढताप्रति सबै मानिसहरू अचम्म मानेका थिए। उनी धैर्यसाथ र हँसिलो मुहार लिएर जलिरहेको आगोमा प्रभु येशूको निम्ति सती भए।

# ३९ जेम्स स्मिथम

जेम्स स्मिथम (१८२१-८९) बेलायतको नामी चित्रकार थिए। उनी प्रख्यात बुद्धिजीवी रस्किन र कवि रोजेटीका मित्र थिए। उनी मेथदिस्ट मतका इसाई पादरीका छोरा थिए। उनी वेस्ट मिनिस्टर ट्रेनिङ्ग कलेजमा धेरै वर्षसम्म चित्रकला शिक्षकका रूपमा कार्यरत थिए। सुन्दरतालाई जनसमक्ष प्रकट गर्ने उनको धर्म हो भनेर उनले विश्वास गरेका थिए। त्यस लक्ष्यका निम्ति उनले जीवनभरि अथक प्रयास गरिरहे। जब उनी आठ वर्षका थिए, एक दिन चित्र बनाउन रङ्ग किन्न उनी पसलमा गए। त्यहाँ उनले पसलेलाई आफ्नो चित्रकलाप्रति अभिरुची देखाए। उनीप्रति प्रभावित भएर त्यसबेला चार पेन्स पर्ने रङ्ग तीन पेन्समा त्यस पसले महिलाले उनलाई बेचिन्। रङ्ग पाउनासाथ उनले उत्सुकतासाथ चित्र कोर्न थाले। युवा अवस्थामा उनी लिङ्कन शहरको भव्य चर्चको शिल्पकलाकारसँग परिचित हुन पुगे। उनी ती शिल्पकलाकारई सहायोग गर्न थाले। त्यसले गर्दा त्यस भव्य चर्चको साँचो उनको हातमा पऱ्यो। वर्षभरि त्यस चर्चमा कोरेका विभिन्न चित्रकलाहरूदेखि मोहित हुनपुगे। त्यस चर्चको प्रत्येक कुना काप्चामा रहेका चित्रहरू, दलिनमा, छानामा र

भित्तामा कोरेका गीत गाइरहेका स्वर्गदूत र अन्य आकर्षित र मनमोहक चित्रहरूलाई हेरिरहने मौका उनले पाए। त्यहाँ उनले सुन्दर चित्रहरू मात्र होइन, अर्गान बाजाको सुमधुर सङ्गीत पनि सुन्न पाएका थिए। आफूले हेर्न पाएका मनमोहक दृष्यहरूका बारेमा प्रख्यात लेखक रस्किनलाई पत्रहरूद्वारा पोखाएका थिए। ती वयानबाहेक शोफिशायर भन्ने ठाउँमा मानिसहरूको अनुहार कोर्ने काममा आफू कसरी लाग्न पुगे भन्ने कुरा रस्किनलाई लेखेका थिए। शाही कला एकेडेमीमा अध्ययन गरेर त्यहाँ उनी चित्रकला प्रदर्शनीको हाकिम बन्न पुगेका थिए।

तर उनको जीवन संघर्षमय थियो। असफल चित्रकारको रूपमा आफूलाई उनले वाख्या गर्दथे। धन कमाउनतिर आफ्नो चित्रकलालाई प्रयोग गरेको भए आफ्नो प्रतिभा उज्वल बनिन्थ्यो भनेर कहिलेकाहीँ विरक्तसाथ उनले गुनासो गर्दथे। तर धनसम्पत्ति र प्रतिस्पर्धाभन्दा हजारौं गुना आनन्द आफूले पाएको अरूलाई सुनाउँथे। आफ्नो खुट्टा चट्टानमा राख्न पाएकोले भित्री आनन्द यथार्थ थियो। त्यो अरूमा कमै भएको उनले महशूस गरेका थिए। छयालीस वर्षको उमेरमा परमेश्वरको गुणगान गाएर आत्मसन्तुष्टिको अनुभव गर्न पाउनु उनको निम्ति ठूलो उपलब्धि भएको ठानेका थिए। उनको धर्म उनको निम्ति अत्यन्त बहुमूल्य थियो।

नडग्ने, अटल र चिरस्थायी आस्थामा उनका खुट्टा गाडिएका थिए। उनको बुबाको मृत्युपछि उनी केही समयसम्म उदासिन बन्न पुगेपनि पछि आफ्नो सम्पूर्ण जीवन ख्रीष्टमा अर्पण गर्न पुगेका थिए। "आखिरमा गहिरो चोट खेपेको मेरो चेतनालाई ख्रीष्टमाथिको विश्वासले माथ गरेको थियो। त्यसपछि मेरो जीवन अत्यन्त आनन्दले भरियो र त्यसले अझ पनि निरन्तरता पाइरहेको छ" उनको दाबी थियो।

हरेक हप्ता आफूले सुरु गरेको सङ्गतिको अगुवाई गर्न पाउँदा उनी अत्यन्त खुशी थिए। त्यो दिनदुःखीहरूको सङ्गति थियो जसले उनको प्रतिष्ठाको बारेमा ज्ञान पनि थियो। सरल जीवन बिताइरहेका विश्वासीहरूलाई बडो प्यारसाथ व्यक्तिगत रूपमा हेरचाह गर्दथे। आफू पादरी नभएतापनि सङ्गतिमा आउने विश्वासीहरूलाई जोसिलो तरिकाले आत्मिक अगुवाई गर्दथे। समाजका प्रतिष्ठित मित्रहरूसँगभन्दा ती साधारण विश्वासीहरूको बीचमा रहन पाउँदा आफ्नै घरमा रहेको महसूस उनले गर्दथे। ठूला ठूला भवनहरूमा परी र गोठालाहरूका चित्रहरू लेखेर सन्तुष्ट हुनुभन्दा भिज्दै सङ्गतिमा जानु उनको लागि ठूलो इनाम पाएको अनुभव हुन्थ्यो। "हरियो वनजङ्गलमा घुमफिर गरेर प्रकृतिको हावा खानुको मजा साधारण पसलेलाई बुझाउन खोज्नु

त्यत्ति सजिलो छैन" भनेर उनले आफ्नो भावना साथीहरूलाई सुनाउँथे।

उनले सुरू गरेको सङ्गतिमा विभिन्न थरीका मानिसहरू आउँथे। छयासी वर्षको बूढो बा बार्न जो खोक्दा खोक्दा बोल्नै नसक्ने, बगैंचे, पाउरोटी बनाएर बेच्ने भान्से, चिज पसले, हुलाकी, पादरीहरूका साथमा बसेर विभिन्न समसामयिक कुराहरूमा छलफल गर्दथे। तिनीहरूसँगको छलफल उनको लागि अत्यन्त उल्लासमय थियो। "तीस वर्षसम्म परमेश्वरको बारेमा खोजीनीति गरेर उहाँको नजिक आउनु र तेऱ्ह वा चौध वर्षसम्म सङ्गतिको अगुवा हुन पाउँदा मैले ठूलो शान्ति र आराम पाएको छु। ती कहिलै ननासिने कुराहरू हुन्।" भनेर उनले आफ्नो आनन्द व्यक्त गरेका थिए।

# ४० जर्ज विशहार्ट

**मार्च १, १५४६मा सहिद**

मध्यकालीन सुधारवादी युगका जर्ज विशहार्ट स्कटल्यान्डको एक प्रतिष्ठित घरमा जन्मेका थिए। बेलायतको क्याम्ब्रिज विश्वविद्यालयबाट उनले उच्च शिक्षा हासिल गरेका थिए। उनका एक जना विद्यार्थीले उनको बारेमा रोचक तरिकाले यसरी वर्णन गरेका थिए: श्री जर्ज विशहार्ट अग्ला व्यक्ति हुनुहुन्थ्यो। उनको कपाल खुइलिएको थियो। उनले कालो टोपी लगाउँथे। उनको शारीरिक बनावट चिटिक्क परेको थियो। कालो कपाल र लामो दारी भएको उहाँ हँसिलो व्यक्ति हुनुहुन्थ्यो। आफ्नो मातृभूमि स्कटल्यान्डको मुक्त कण्ठले प्रशंसा गर्दथे। उनी भद्र र शिष्ट स्वभाव थिए। उनी सिकाउन अत्यन्त उत्सुक र सिक्नमा पनि उत्तिकै उत्सुक थिए। घुमफिरमा पनि उनी कम थिएन। उनी अत्यन्त उदारवादी थिए। रात होस् या दिन होस्, आवश्यक परेकोलाई सहायता गर्न उनी कहिलै पनि चुक्दैनथे। आफ्नो कालो टोपीबाहेक अरू लुगाहरू बराबर बाँड्थे। आफू परालमा सुतेर भएपनि आफ्नो तन्ना अरूलाई दान दिन्थे। प्रायजसो उनको ओछ्यानको छेउमा बाटा भरि पानी हुन्थ्यो। जब सबै विद्यार्थीहरू सुत्न जान्थे र सुनसान हुन्थ्यो तब चुपचापसँग उनी नुहाउँथे। म जवान

भएपनि उनले मलाई माया गर्थे। म पनि उनलाई माया गर्थें। उनले नसिध्याएको काम परमेश्वरले म जस्तो कमजोर मानिसलाई छोड्नुभएको थियो।"

उनी बेलायतबाट स्कटल्यान्डमा फर्केको एक वर्षमा मृत्युको सामना गर्नुपरेको थियो। त्यसबेला स्कटल्यान्डमा रोमन क्याथोलिक चर्चको विगविगी थियो र प्रोटेस्टेन्ट अर्थात् सुधारवादी इसाईहरूमाथि बन्देज लगाइएको थियो। जर्ज डन्डे भन्ने शहरमा उनले बसोबास गरेका थिए। त्यहाँ उनले बाइबलबाट सीधा शिक्षादीक्षा दिन थाले। उनले जतातत्तै प्रचार गर्न थाले। तर उनको लागि चर्चका ढोकाहरू बन्द गरिए। तब उनी खेतबारीमा प्रचार गर्न थाले। डन्डे शहर छोडेको चार दिनपछि त्यस शहरमा महामारी फैलियो। त्यो थाहा पाएर उनी तुरन्तै त्यस शहरमा फर्के।उनले बिमारीहरूको स्याहारसुसार गर्न थाले। उनले एक पादरीसरीको काम गर्न थाले। उनी आफ्ना शत्रुहरूलाई  पनि माया देखाउँथे। एक जना रोमन क्याथोलिक धर्मगुरूले उनलाई मार्न योजना बनाएका थिए। एक दिन ती धर्मगुरूलाई क्रुद्ध हुलले मार्न खोजेका थिए। त्यो कुरा थाहा पाएर उनले तिनलाई उद्धार गरेका थिए। पछि लोथान भन्ने शहरमा उनलाई पक्रेर सेन्ट आन्ड्रु भन्ने किल्लामा थुनिदिए। भोलिपल्ट सय जना सिपाहीहरूको साथमा उसमाथि मुद्दा चलाउन क्याथोलिक चर्चको आँगनमा ल्याइयो। त्यस चर्चको

ढोकामा एक जना गरिब बिरामी मानिस भीक्षा माग्दै थियो। उसलाई जर्जले आफ्नो पैसाको थैली दिए। पोपलाई सम्मान नगरी बाइबललाई मात्र मान्ने भएकोले उनीमाथि झुठो अभियोग लगाइयो। उनलाई दोष लगाउनले उनी भगुवा र देशद्रोही भनेर दोष लगाए। उनको मुखमा थुकेर अभियोग लगाउनेले उनलाई अभियोगको जवाफ देऊ भनेर माग गरे। विशहार्टले घुँडा टेकेर प्रार्थना गरे। अनि आफू निर्दोष भएको दावी गर्न थाले। तर जब उनी बोल्न थालेका थिए अर्कोले अभद्र तरिकाले उनको कुरा काट्न थाल्यो, “प्रभु भोज वा मास गरिरहेको फादरलाई उनी पुच्छर हल्लाउने स्याल जस्तो तैंले भनिनस् र?" त्यसको जवाफ उनले यसरी दिए, “भित्री हृदय परिवर्तन नगरी केवल जिउलाईमात्र हल्लाउने व्यक्ति नरबाँदरभन्दा अरू कोही हुन सक्दैन। त्यस्तो मानिसले परमेश्वरको सच्चा सेवा गर्न सक्दैन।"

उनको मुद्दा यसरी रोचक तरिकाले चलेको थियो कि उनलाई अभियोग लगाउनेहरू नाजवाफ भएका थिए। उनका जवाफहरू तर्कसम्मत, चुट्किलापूर्ण र इमान्दारी थिए। आखिरमा उनले भने, “मैले परमेश्वरका शुद्ध वचनहरूको हृदयदेखि परिश्रम गरेर सेवा गरेँ।" रोमन क्याथोलिक चर्चका अगुवाहरूले उनलाई मृत्युदण्ड सुनाइ दिए। मृत्यु दण्ड पाएपछि उनले प्रार्थना गरेः “हे दयालु र करुणामय परमेश्वर, ममाथि अन्याय गर्नेहरूलाई माफी

दिनुहोस्।" अर्को दिन उनलाई मार्ने ठाउँको वरिपरि बन्दुक लिएका सिपाहीहरूले घेरा लगाए। किनकि उनका साथीहरू आएर उनलाई छुटाएर लैजान्छन् भनेर उनका शत्रुहरूको डर थियो। उनलाई झुण्ड्याउने ठाउँमा ल्याइयो। उनलाई झुण्ड्याउन खटेका मानिसले उनको अघि घुँडा टेकेर उनीसँग माफी मागे, "किनभने तपाईंको मृत्युको दोषी म छैन।" विशहार्टले उसलाई उठाएर म्वाइ खाएर भने, "लौ, तिमीलाई मैले माफी दिएँ भन्ने चिनो।"

# ४१ सर थोमास मोर

**सहिद सर थोमास मोर (१४७८-१५३५)**

रोमन क्याथोलिक चर्चका मूल धर्मगुरू पोपलाई भगवान् मानेर ढोग्नुभन्दा बरू मर्न चुन्ने विद्वान्‌को नाउँ हो सर थोमस मोर। उनी बहुआयामिक व्यक्तित्वका धनी थिए। उनको दिमाग अत्यन्त तिखो र तेजिलो थियो। उनी दूरदर्शी हुनुका साथै प्रतिभाशाली थिए। उनी राजनीतिज्ञ, वकिल, साहित्यकार र आध्यात्मिक थिए। धनसम्पत्तिमा उनी कुनै कमी थिएनन्। उनको अत्यन्त आकर्षित व्यक्तित्वले सदाशयी, मृदु स्वभावलाई प्रतिबिम्ब गर्दथे। उनी सर्वगुणले भरिपूर्ण थियो। उनी नयाँ ज्ञानका अग्रज थिए। तत्कालीन प्रख्यात विद्वान् इरासमस र कोलेट जस्तै उनी सुधारवादी युगबाट बाहिर थिए। तर उनले मानव आदर्श र उदारवादीका बिउहरू रोपेर जलमल हालेका थिए।

उनको कपाल छोटो थियो। उनी इसाई भिक्षुको अनुशासनमा रहन्थे। उनको विद्वताले गर्दा उनी ओहोदा चढ्दै गए र आखिरमा उनी बेलायतका प्रधान मन्त्री बने। छब्बीस वर्षकै उमेरमा उनी सदनका सदस्य हुन पुग्दा कतिले त उनलाई दारी नभएको केटा भनेर सम्बोधन गर्थे। तर उनी समयसँग खेलाँची गर्दैनथे र कसैसँग डराउँदैनथे। नीतिगत कुरामा राजासँग मुखामुख

गर्न पनि उनी डराउँदैनथे। उनको घर रमाइलो थियो र आफ्ना छोराछोरीहरूलाई धेरै माया गर्थे। विभिन्न अति विशिष्ट, राजनीतिज्ञ र विद्वान् पाहुनाहरूलाई घरमा बराबर निम्तो दिन्थे र उनको बगैंचामा रहेका खरायोका घरहरू भएको ठाउँमा तिनीहरूलाई देखाउन लान्थे। पालेको बाँदरसँग तिनीहरूलाई खेलाउँथे।

मानव सदाशयता र धर्मात्मा थोमास मुर सबैका निम्ति आदरणीय व्यक्ति थिए। युवावस्थामा उनी झण्डै इसाई भिक्षु हुन पुगेका थिए। प्रधानमन्त्री भएका बेलामा उपहार र घुस लिन उनले अस्वीकार गरेका थिए। नीतिवान् भएका कारणले बोल्नमा उनी कम थिएन। भ्रष्टहीन व्यक्तित्वले सजिएका थोमासले तत्कालीन शक्तिशाली राजा हेनरी आठको विवाह आन बोलिनसँग असहमत भएकोले उनले प्रधानमन्त्रीको पदबाट राजीनामा दिए। प्रधानमन्त्री भएका बेलामा राम्रै तलब पाएका थोमस अब केवल सय पाउण्डमा मात्र जीविका चलाउनु पर्ने भएको थियो। चर्चको विरोधमा बोल्नेहरूको खिलाफमा वकालत गर्न उनलाई ५,००० पाउण्ड घुस ख्वाउन ल्याएका थिए। तर त्यसलाई लिन अस्वीकार गरे। राजासँग असहमत भएर राजिनामा दिएका थोमसले राजाको रिस खप्नु परेको थियो। राजाको इच्छामा उनी चल्न नचाहेकोले उनलाई मृत्यु दण्डको सजायँ सुनाइयो। त्यस बेलाका धर्मगुरू पोप पनि थोमसका विरूद्धमा थिए

किनभने उनले पोपको आधिपत्यलाई स्वीकार गरेका थिएनन्। उनको विरूद्धमा चलेको मुद्धाको सामना गर्न उनी अन्तिम पटक डुङ्गाबाट लामबेथ दरबारमा पुगेका बेलामा आफ्ना मित्रलाई उनले भने, "म मेरा प्रभुलाई धन्यवाद दिन्छु किनभने मैले मुद्दा जितेको छु।" स्वच्छ विवेकले चलेको व्यक्ति भ्रष्ट पोपको सामु घुँडा नटेक्दा उनलाई झुन्डयाइदिएको थियो। यसरी एक सच्चा विवेकशील विद्वान् इसाई थोमस मुर, इसाई भनाउँदा धर्मगुरूले नै उनको ज्यान लिइदिए।

उनले लेखेका "युटोपिया" पुस्तकले उनी प्रख्यात भएका थिए। त्यस पुस्तकमा उनले एक आदर्श समाजको परिकल्पना गरेका थिए जहाँ मानिसहरू बुद्धिमान् र प्रकृतिलाई सम्मान गर्दथे। त्यस समाजको वातावरण रमाइलो र जोसिलो थियो। थोमस मुर रहेका समाजका कतिपय मानिसहरू अत्यन्त गरिब र फोहरी थिए। तर उनका किताबले त्यस समयको बेलायतको अस्वस्थ रहनसहनलाई चुनौति दिँदै नयाँ र उदारवादी समाजको चित्रण गरेको थियो। बेलायतको समाजदेखि उनी वाक्क भएका थिए। कोही धनसम्पत्ति र मोजमज्जामा जीवन बिताउँछन् भने कोही अल्छी र बेकारको जीवन बिताउँछन्, यो कस्तो अन्याय हो भनेर उनी दुःख मान्थे। गरिब शोषित, सर्वहारा, विभिन्न कालीगढहरूबिना देश एक वर्ष पनि टिक्न सक्दैन, यद्यपि तिनीहरूलाई नै

अत्यन्त किन हेप्छ भनेर उनी आवाज निकाल्थे। धनी दरबारियाहरूको रवैया देखेर र तिनीहरूको पोशाकमा हिरा मोती देखेर तिनीहरू कस्ता केटाकेटी जस्ता उत्ताउला छन् भनेर तिनीहरूको आलोचना गर्दथे।

सन्ताउन्न वर्षको उमेरमै जीवन गुमाउनुपरेको थोमसको घर चेलिसा नदीको किनारामा थियो। त्यहाँ चिटिक्क परेको बगैँचा थियो। आफ्नो परिवारसँग रमाइलो जीवन बिताएका थिए। सङ्गीतले उनको घर गुन्जायमान हुन्थ्यो। प्रख्यात चिन्तक इरासमस उनको घरमा बराबर बास गर्दथे। उनले थोमसको घरको बारेमा लेख्दछन्, “मोरले लण्डनको नदी थेमस्को किनारामा ठिक्कको भवन बनाएको छ, जहाँ प्रशस्त कोठाहरू छन्। त्यहाँ मोर आफ्ना विशाल परिवारहरूका बीचमा रहन्छन्। त्यस परिवारमा उनकी श्रीमती, छोरो र उनकी श्रीमती, उनका तीन छोरीहरू र तिनीहरूका श्रीमान्हरू र एघार जना नातिनातिनीहरू सबै मिलेर बस्दछन्। आफ्ना छोराछोरी र नातिनातिनीहरूलाई मोरले जस्तो अत्यन्त माया गर्ने व्यक्ति विरलै होलान्। उमेर ढल्केकी आफ्नी श्रीमतीलाई पन्ध्र वर्षकी युवतीलाई जस्तै उनले माया गर्दछन्।"

# ४२ कुथमान

**कुथमान, प्राचिन बेलायत स्टेनिङ्ग गाउँको येशूभक्त**

पाँचौं शताब्दीका पौराणिक आङ्ग्लो साक्सन बेलायतमा धेरै सन्तहरू थिए। तीमध्ये कुथमान पनि एक थिए। उनी डिभोन अर्थात् कर्नवाल भन्ने गाउँका थिए। उनी गोठाला थिए। त्यस गाउँमा एउटा ठूलो खैरो चट्टान थियो। त्यस चट्टानमाथि उनी बस्थे। त्यस चट्टानको वरिपरि उनले ठूलो घेरा बनाएका थिए, जुन घेराबाट भेँडाहरू बाहिर जान दिँदैनथे। जब उनका बुबाको मृत्यु भयो तब उनी र उनका आमा गरिबीको मुखमा परेका थिए। कुथमान असल छोरा भएर प्रमाणित गरेका थिए। आफ्नो घरधन्दाको निम्ति उनले कडा परिश्रम गरेका थिए। तर जब उनकी आमा बिमारी भइन् तब तिनीहरू झन् गरिब र निःसहायको भूमरीमा परे।

कुथमानलाई के गरौं के गरौं भएको बेलामा उनले दुइओटा पाङ्ग्रा भएको ठेलागाडी बनाए। त्यसमा आफ्नी आमालाई बसाए। आफ्नो घाँटीमा डोरी राखेर उनले आमालाई तानेर घर घरमा गएर भीक्षा माग्न थाले। उनी येशू भक्त भएतापनि उनमाथि कुनै समूहले सहायता गरेको थिएन, यद्यपि चर्च खडा गर्ने उनको जीवनको प्रबल चाहना थियो। तर आफ्नो अन्धकार गाउँमा बसेर

परमेश्वरका निम्ति चर्च खडा गर्न सम्भव उनले देखेनन्। त्यसकारण उनी आफ्नो गाउँ कर्नवाल छोडेर पूर्वतिर लागे। आफूसँग भएको अलिकति सरसामानसहित आमालाई ठेलागाडीमा तान्दै उनी बेलायत देश चहारे। त्यही चहार्ने क्रममा ससेस्क भन्ने प्रान्तको स्टेनिङ्ग गाउँमा ठेला तानिने डोरी चुँड्यो। ठेलागाडीलाई तान्न डोरी नहुँदा त्यही ठाउँमा बसोबास गर्ने परमेश्वरको इच्छा रहेछ भनेर उनले ठाने। अनि बाटोको छेउमा बसेर उनले यो प्रार्थना गरे, "हे परमेश्वर पिता तपाईंको निम्ति भवन बनाउने जिम्मा मेरो काँधमा परेको छ। सर्वशक्तिमान् परमेश्वर, तपाईंले मेरो यात्रा यस स्थानमा ल्याएर रोकि दिनुभयो। तपाईंलाई थाहा छ म कति गरीब छु। मैले बालक कालदेखि नै अति परिश्रम गरेको तपाईंलाई थाहा छ। तपाईंले सहायता नगरी म आफैं केही गर्न सक्दिन।"

अडर नदीको छेउको डाउन भन्ने एकान्त गाउँमा उनले आफ्नी आमाको निम्ति उनले एउटा छाप्रो बनाए। अनि चर्च बनाउने ठाउँ उनले नापे। एक्लै उनले जग खने, रूखहरू ढालेर दलिन बनाए। एक्लैले उनले पर्खाल लगाए। स्थानीय गाउँलेहरूले उनको कामले गर्दा प्रभावित भएर दुई हल गोरू उनलाई मद्दत गर्न दिए। एक दिन ती गोरू फुत्केर बरालिन थाले र दुई जना गाउँले केटाले लिएर गए। कुथमानले तिनीहरूलाई

फर्काउन अनुरोध गरे। तर जब ती केटाहरूले गोरूहरूलाई फर्काएनन् तब उनी रिसाएर भने, “हेर बाबुहरू हो, ती गोरूहरू मेरो कामको निम्ति मलाई आवश्यक छैन  तर मैले परमेश्वरको कामको निम्ति पाएको हुँ।" त्यसो भनेर आफ्ना बलिया हातले ती केटाहरूलाई पकडेर तिनीहरूका काँधमा जुआ राखेर ठेला तान्न लगाए। “यो ठेला तान्नु आवश्यक छ, त्यो तिमीहरूले नै तान्नु पर्छ" भन्दै काम गर्न लगाए।

अन्तमा उनले चर्च निर्माण गरी छाडे। त्यस चर्चमा उनले मानिसहरूलाई निम्ता दिए र तिनीहरूका मनलाई हल्लिने गरी उनले प्रचार गरे। त्यसरी उनले त्यस नदीको छेउमा कडा परिश्रम गरी समय बिताए। आखिरमा उनको त्यहीँ मृत्यु भयो। त्यस नदीकै छेउमा गाउँलेहरूले उनलाई गाडे। त्यस ठाउँलाई तिनीहरूले सन्त कुथमानको बन्दरगाह भनेर नामकरण गरे। त्यस जमानामा त्यो नदी फराकिलो थियो र त्यसमा यात्रा गर्न सजिलो थियो। पछि कुथमानले बनाएको काठको चर्च भत्काएर ढुँगाको मजबुत चर्च बनाए र उनको सम्झनामा त्यो चर्च समर्पित गरे।

# ४३ याकोबा डी सेटिसोली

याकोबा र उनको साथी सन्त क्लेर सन्त फ्रान्सिसका मित्रहरू थिए। याकुबा रोम सहरको धनाढ्य र सम्भ्रान्त परिवारमा हुर्केकी एक युवती थिइन्। उनलाई सानै युवाअवस्थामा नै विवाह गरिदिएका थिए। ख्रीष्टप्रति उनको प्रेम अगाध थियो। त्यसैकारण उनी प्रसिद्ध इसाई सन्त फ्रान्सिसको मतमा समावेश हुन आफूलाई समर्पण गरिन्। तर उनी विवाहित भएका कारणले उनलाई तेस्रो दर्जाको समूहमा गाभे। उनी अत्यन्त फुर्तिली थिइन्। उनी लोग्ने मानिस सरह काम गर्थीन्। त्यसले गर्दा मानिसहरूले उनलाई भाइ याकूबा भनेर सम्बोधन गर्दथे। उनी सन्त फ्रान्सिककी चेली थिइन्। जब सन्त फ्रान्सिस रोममा आउँथे त्यहाँ याकोबाले उनलाई आमाले झैं सेवाटहल गर्थिन्। जब सन्त फ्रान्सिस मर्न लागे तब उनले याकोबालाई यो खबरसाथ झिकाए "यदि तिमीले मलाई अन्तिम पटक भेट्न चाहन्छौ भने तुरुन्त एक पटक फेरि आउनू। मलाई गाड्न सरसामान पनि लिएर आउनू।" फ्रान्सिसको अनुरोध अनुसार याकोबा सरसामानसहित आइपुगिन्। फ्रान्सिसको देहान्त नहुन्जेल उनले उनको सेवाटहल गरिन्। उनी फ्रान्सिसका अनुयायीहरू रहेको असिसीमा नै बसिन् र फ्रान्सिसलाई माया र सम्मान गर्नेहरूको नजिक रहेर उनी नमरूञ्जेल फ्रान्सिसको कामलाई संरक्षण दिन सहायता गरिन्।

# ४४ रोलाण्ड टेलर

## बेलायतको हाडलेमा (१५५५) जिउँदै जलाइएको येशूभक्त शहीद

सोऱ्हौं शताब्दीको दशकमा पोपलाई मान्ने रोमन क्याथोलिक चर्चका अनुयायी महारानी मेरीले बेलायतमा राज गरेकी थिइन्। उनी रोमन क्याथोलिक मतका इसाई भएकीले धेरै सुधारवादी अर्थात् प्रोटेस्टेन्ट इसाईहरूलाई सहिद बनाइदिएकी थिइन्। तीमध्ये रोलाण्ड टेलर एक उल्लेखनीय व्यक्ति थिए। उनी बेलायतका हाडलेह भन्ने शहरको मूल पादरी थिए। उनी जतिसुकै भलादमी र असल भएतापनि महारानीको संरक्षक बेलायतको क्याथोलिक उच्च धर्मगुरू कार्डिनल पोलका दोषी आँखा उनमा परेका थिए। तत्कालीन क्याथोलिक चर्चले बन्देज लगाएको बाइबलबाट सीधा प्रचार गर्दा त्यस पोलले टेलरलाई राज्यको धर्मको विरोधमा गयो भनेर अभियोग लगाएर उनको जीवनलाई खतरामा पारेका थिए। अत्यन्त रवाफिलो र समारोहको साथ त्यस कार्डिनल लण्डनको नदीको डुङ्गामा चढे। उनी चढेको डुङ्गामा आफ्नो आडम्बरी देखाउन ठूलो क्रुस राखेको थियो। त्यसलाई घामले चम्काइरहेको थियो। त्यस कार्डिनल डुङ्गामा चढेर बेलायतको संसद वेस्टमिनिस्टरमा आएका थिए। त्यहाँ उनलाई सांसदहरूले शिर निहुऱ्याएर

स्वागत गरे। बेलायतको संसदमा त्यस क्याथोलिक उच्च धर्मगुरू आफ्नो अधिकार देखाउन आएका थिए। उनी सुधारवादी इसाई विश्वासीहरूको बीचमा आतङ्ककारी हुन पुगेका थिए। रातमा सोझा तथा इमान्दारी इसाईहरूमा त्राही त्राहीको आवाज घन्किन्थ्यो किनभने ती क्याथोलिक धर्मगुरूका सिपाहीहरू तिनीहरूलाई खोजी खोजी मार्दथे। दिनको समयमा पनि तिनीहरूलाई निष्ठुर आगोका ज्वालामा जिउँदै जलाइन्थ्यो। स्वेच्छाले परमेश्वरलाई बिश्वास गर्दा बेलायतमा त्यसबेला बाइबल र केवल येशूलाई मात्र विश्वास गर्ने इसाईहरूले ठूलो मूल्य चुकाउनु परेको थियो।

रोलाण्ड टेलर एक विशिष्ट विद्वान् इसाई थिए। उनमा भएका विभिन्न प्रतिभा र नेतृत्व गर्न सक्ने कलाले गर्दा रोमन क्याथोलिक चर्चको आँखामा उनी छारो बन्न पुगे। क्याथोलिक धर्मगुरूको आदेशले उनलाई लण्डन शहरमै समातियो। उनलाई समात्ने थाहा पाएपछि उनकी पतिव्रता पत्नीको हृदयमा चिसो पसेको थियो। उनमा भएको नारी गुणले आफ्ना पतिको अवस्था ठीक हुनेछैन भनेर सोचेकी थिइन्। त्यसले गर्दा अन्धकार रातभरि आफ्ना छोराछोरी लिएर उनी अल्डगेट भन्ने ठाउँमा रहेको सेन्ट बोटल्फ चर्चको प्राङ्गणमा बिताएकी थिइन्। बिहानको अन्धकारमा उनका एक जना बालकले आफ्ना बाबुलाई पुलिसले समातेर लगेको देखे अनि चिच्च्याए,

"आमा आमा ! मेरा बुवालाई समातेर लगे!" अनि टेलरकी श्रीमतीले त्यसै रात आफ्ना श्रीमान्को नाम लिएर कराइन्, "रोलाण्ड, रोलाण्ड तपाईं कहाँ हुनुहुन्छ?" बिहानै भएतापनि यस्तो अन्धकार थियो कि एकले अरूलाई देख्दैनथ्यो।

पुलिसहरूले रोलाण्डलाई पक्रेर लान लागेको बेलामा पुलिसको हाकिमले उनलाई आफ्नी श्रीमतीसँग केहीबेर भेटघाट गर्न समय दिए। उनकी श्रीमती उनकहाँ आफ्नी सानी छोरी मेरी लिएर आइन्। आफ्नी छोरी हातमा लिएर घुँडा टेके। उनको श्रीमती पनि उनीसँगै घुँडा टेकिन्। ती दुईले परमेश्वरसँग प्रार्थना गरेपछि प्रभुले सिकाउनुभएको प्रार्थना दोहोऱ्याए। तिनीहरूको नम्रता, संयमता र परमेश्वरप्रतिको अटल विश्वासको दृश्यले गर्दा पुलिसको हाकिमको आँखामा आँसुको धारा बगेको थियो। त्यो दृश्य देखेर अरू पुलिसहरूका आँखाहरू पनि आँसुले रसाएका थिए। प्रार्थना सकेपछि रोलाण्ड उठे र आफ्नी श्रीमती एलिजाबेथलाई म्वाई खाए पछि हात समातेर भने, "अलबिदा, मेरी प्रिय श्रीमती। ढाडस गर। मेरो विवेक शान्त छ। परमेश्वर पिता मेरा बालबालिकाहरूका निम्ति बुबा हुनेछन्।" अनि उनकी श्रीमतीले भनिन्, "मेरो प्रिय रोलाण्ड परमेश्वर तपाईंसँग होओस्। परमेश्वरको अनुग्रहले तपाईंलाई हाडलेमा भेटुँला।"

लण्डनमा उनको खिलाफमा रोमन क्याथोलिक चर्चका पदाधिकारीहरूले मृत्युदण्डको फैसला सुनाए किनभने चर्चभन्दा परमेश्वरप्रति बढी बफादारी उनले देखाएका थिए। लण्डनबाट लामो यात्रा गरी रोलाण्ड उनकै चर्चतिर ल्याइए। बाटोभरि उनी हँसिला थिए मानौं उनी कुनै विवाह समारोहमा भाग लिन जाँदैछन्। हाडले गाउँ उनको मृत्युलाई पर्खिरहेको थियो। त्यस गाउँमा पुग्न दुई माइल अघि नै घोडाबाट उनले ओर्लिन अनुमति मागे। घोडाबाट ओर्लिने बित्तिकै उनी खुशीले उफ्रेर हिँड्न थाले मानौं उनी कुनै नाचको मञ्चन गरिरहेका थिए। यो देखेर पुलिसको हाकिम छक्क पऱ्यो र सोध्यो, "होइन, ए डाक्टर गुरू, तपाईंलाई के भयो?" उनले जवाफ दिए, "हाकिम साब, परमेश्वरको जय होस्। अहिलेको जस्तो खुशी मलाई कहिलै पनि भएको थिएन किनभने म घर पुग्नै लागेको छु। म परमेश्वर पिताकहाँ कहिले पुगुँ भनेर आत्तुरी भइरहेको छु।"

हाडली गाउँमा उनको लागि चिता तयार गरिराखेको थियो। जब उनी गाउँमा पसेर चितातिर लम्कँदै थिए, बाटोमा भिडले रुवाबासी गर्दै उनलाई सुमसुम्याउन थाले। "परमेश्वरको जय होस् किनभने म घर पुग्दैछु !" शान्त भएर उनले उनका चर्चका अनुयायीहरूलाई जवाफ दिए। "हे महान् असल डाक्टर टेलर, परमेश्वरले तपाईंलाई बचाऊन्। परमेश्वरले

तपाईँलाई शक्ति दिऊन् र सहयोग गरून्। परमेश्वरको पवित्र आत्माले तपाईँलाई साहस देओस्!" दाउरा र अलकत्राले भरेको ड्रमको माथि उनलाई उभ्याइयो। उनको पछाडि काठको खम्बा थियो। त्यस ड्रममाथि उनी चढे र प्रार्थना गरे। आफ्नो खम्बालाई उनले चुम्बन गरे। उनलाई केही पनि बोल्न अनुमति दिएको थिएन। खम्बाको अगाडि उनी उभिएपछि ड्रममा निष्ठुर रोमन क्याथोलिक धर्मका मतियारहरूले आगो लगाइ दिए। केही प्रतिकार नगरी हातले विन्ती गरेर आफ्नो विश्वास तथा आस्थाको निम्ति उनले आफ्नो अमूल्य प्राण त्यागे। यसरी मानिसभन्दा धर्म ठूलो भन्ने जत्थाले रोलाण्ड टेलर जस्ता विद्वान् येशूभक्तलाई जिउँदै आगोमा होमाएर आनन्दको सास फेरेको थियो।

# ४५ रिमीनीकी क्लेर

(ई. सं. १३४६)

यस समय हामीले इटालीकी महान् सन्त क्लेरलाई सम्झनु जरूरी छ। उनी इटालीको रेमिनी भन्ने प्रान्तमा जन्मेकी थिइन्। उनी धनाढ्य र सुखसयलमा जन्मेकी थिइन्। यद्यपि सानै उमेरमा उनी दुर्भाग्यको शिकार बनेकी थिइन्। युवा अवस्थामै उनले आफ्ना पति गुमाइन्। त्यस ताका इटाली गृहयुद्धमा होमिरहेकोथियो। आफ्ना बुबा र दाजुलाई आफ्नै आँखा सामु झुण्डयाएका थिए। उनले आफूपनि अर्कै देशमा भागेर शरणार्थी हुनुपरेको थियो।

उनले दोस्रो विवाह गरिन्। आफ्नै पतिको अनुमतिले उनले अनुशासित र त्यागी जीवन बिताउन सङ्कल्प गरिन्। उनले आफ्ना बहुमूल्य गहनाहरू लगाउन छोडिन् र त्यसको सट्टामा घाँटी, हात र औँलाहरूमा फलामको चक्का लगाइन्। उनी सारो ओछ्यानमा सुतिन् र धेरै समयसम्म उपवास र प्रार्थनामा लागिरहिन्।

उनी रहेको शहरको वरिपरि पर्खालहरू थिए। ती पर्खालहरूमा एउटा धरहरा अर्थात् रेखदेख गर्ने टावर थियो। त्यस टावरमा रहने सन्त भनेर क्लेरको नाम चलेको थियो। त्यो टावर पुरानो र काम नलाग्ने थियो।

इसाई चाडमा उनी त्यस टावरमा एक्लै बस्थिन्। पानी र हुरीबतासले उनलाई सताएतापनि तिनी त्यो ठाउँ छोड्दैनथिन्। त्यस ठाउँमा परमेश्वरको ध्यान गर्थिन्। आफ्नो र उनका देशबासीका निम्ति त्यहाँ प्रार्थना गर्थिन्। उनी केवल प्रार्थनामा मात्र तल्लीन् हुन्नथिन्। केवल साधना वा उपासना गर्ने मात्रै तर अरूहरूको आवश्यकतामा पनि सरोकार नराख्ने खालकी भिक्षुणी उनी थिइनन्। प्रार्थनाका निम्ति लेखिएको पुस्तक अनुसार तिनी जिएकी थिइन्। सबै मानिसहरूलाई शुद्धरूपमा परोपकार गर्दै उनी चल्दथिइन्। परमेश्वरसँग नजिक भएका कारणले र धरहराबाट मानिसहरूको हालत देखेर उनको हृदयमा माया र ममताले भरिएर आउँथ्यो। मानिसहरूको दुःखदर्दमा टुलुटुलु हेरेर बस्ने उनको बानी थिएन। त्यसकारण धरहराबाट हेर्दा कोही अति आवश्यकमा परेको उनले देखिन् भने तिनी त्यहाँबाट ओर्लेर त्यसको स्याहारसुसार गर्थिन्। धर्म भनेको करूणाको प्रवचन दिनेमात्र होइन तर व्यवहारमा उतार्ने उनको नीति थियो। आफ्नो देशबाट भागेर शरणार्थी भएर बसेका दाजुको बिमारमा उनले तिनको स्याहारसुसार गरिन्। अनि तिनी निको भएपछि घरमा ल्याइन्। एक दिन इसाई बिहारमा रहेका भिक्षुणीहरूसँग आगो बाल्ने दाउरा सकियो भनेर थाहा पाइन्। उनी आफैं बन जङ्गलमा गएर बाल्ने दाउरा जम्मा पारिन् र बिहारको

ढोकामा राख्न बाटोभरी बोक्दै गइन्। बाटोमा उनले एक जना आफ्नै नातेदार प्रतिष्ठित व्यक्ति भेटिन्। दाउरा बोकेर आफूलाई तल्लो स्तरमा झार्दा ती व्यक्ति अत्यन्त दुःखित भए। घरमा गएर आफ्ना काम गर्ने मानिसलाई त्यो दाउराको भारी बोक्न पठाए। तर उनले त्यो भारी त्यस मानिसलाई बोकाउन अस्वीकार गर्दै भनिन्, “मेरा प्रभुले बाटाभरी आफ्नो क्रुस बोक्न लजाउनुभएको थिएन, तब म किन लजाउने?" त्यसकारण आवश्यकतामा परेका उहाँका छोराछोरीहरूको निम्ति दाउरा बोकेर लाग्ने उनलाई गौरवको महशूस भएको थियो।

एक दिन एक गरिब किसानीलाई भारी जरिवाना तिराउन बडा हाकिमले फैसला गरेको उनले सुनिन्। यदि उसले जरिमाना तिरेन भने उसको खेतबारी जफत गरिन्थ्यो। त्यो थाहा पाएर क्लेयरले अरूको घरमा आफू नोकर हुन सुम्पिन् र त्यसबाट कमाएको पैसा त्यस बडा हाकिमकहाँ ल्याइदिइन् र त्यस गरिब किसानीलाई सजायँबाट मुक्त गर्न अनुरोध गरिन्। जब क्लेयरले कसरी पैसा कमाएर ल्याइन् भन्ने कुरा बडा हाकिमले सुने तब उसको मन पग्ल्यो र त्यो पैसा लिन अस्वीकार गरे र त्यस किसानीलाई माफी दिए। एक दिन रिसको झोंकमा अरूलाई गाली गरेकी थिइन्। पछि त्यसको पछुतो गर्दै कैंचीले आफ्नो जिब्रोको टुप्पोलाई नै काटी दिइन्।

उनको उल्लेखनीय अनुशासित र परोपकारी जीवनका धेरै कथाहरू छन्। त्यसका साथै उनले शहरको बाहिर भएको भत्केको पुरानो पर्खालमा एक इसाई मठ खडा गरिन्। त्यहाँ शहरमा भएका मानिसहरूको सहायताको निम्ति उनी चनाखो भएर मठको झ्यालबाट हेर्ने गर्थिन्। पछि उनका अनुयायीहरूले पनि उनकै पाइलामा हिँडेर उनले जस्तै शहरका बासिन्दाहरूको सेवा गरिन्। उनको जीवनको अन्तिम घडीमा उनी अन्धा भइन्। जुन आँखाले ख्रीष्टप्रतिको प्रेमले ओतप्रोत भएर मानिसहरूलाई दयाले हेर्थिन् ती आँखा अब कहिलै देख्न सक्ने भएनन्। यद्यपि उनलाई शहरतिर हेर्ने रेमिनी धरहराको सन्त भनेर मानिसहरूले आदर गर्दथे। जब उनको देहान्त भयो तब उनले नै बनाएको पर्खालको मुनि रहेको आराधना स्थलमा उनलाई गाडिदिए।

# ४६ केदमन

## बेलायतको ह्वितवी गाउँको भिक्षु र बेलायतकै प्रथम चिनिएको इसाई कवि

येशूभक्त विड भन्ने व्यक्तित्वले केडमनको बारेमा लेखा राखेका थिए। उनी बेलायतको ह्वितबी भन्ने गाउँमा गाई चराउने काम गर्दथे। उनी एकदम रुखो मिजासका थिए र कुनै औपचारिक शिक्षादीक्षा थिएन। तर उनमा अचम्मको शक्ति कताकताबाट आउँदा उनले गीतहरू रच्न थाले जसले गर्दा उनलाई अङ्ग्रेजी काव्यका पिता हुन पुगे। यो प्रतिभालाई जनसमक्ष ल्याउँदा उनी एकदम वृद्ध अवस्थामा थिए भनेर कसै कसैले भन्दछन्। किम्बदन्ती अनुसार आफूसँग भएको प्रतिभालाई मानिसहरू सामु ल्याउन उनलाई अत्यन्त लाज लाग्थ्यो रे। चाडबाडमा उनलाई गाउन अनरोध गर्दा उनी लुकेर बस्थे रे। जब भोजभतेरमा गीत गाउने समयमा उनको पालो आउनै लागेको हुन्थ्यो र उनको हातमा बाजा आउनै लागेको बेलामा उनी सुट्टुक्क लुकेर घरतिर जान्थे।

एक रात उनी  भोजमा गीत नगाई भागेर घोडाको तबेलामा लुकेर बसेका थिए, उनमा एउटा आवाजले ढकढकाउन थालेको महशूस भयो। “गाऊ काडमन गाऊ, मेरो लागि गीत गाऊ" भन्ने आवाजले

उनलाई तीनछक्क पाऱ्यो। भकभकिँदै केडमनले जवाफ दियो, “म गाउन सक्दिन।" “तर तिमीले गाउनै पर्छ।" भन्ने जवाफ उनले पाए। छक्क परेर केडमनले जवाफ दिए, “मैले के गाउने त?" “सृष्टिको सुरूदेखिको गीत गाएर मानिसहरूलाई सुनाऊ।" त्यस आवाजले जवाफ दियो। अनि त्यत्तिकै बेला उनले गीत गाउन खोज्दा उनको भकभकिने जिब्रो सफा हुन पुगेको उनले भेट्टाए।

बिहानी पख उनले आफूले पाएको आवाज अनुसार गाएको गीतमा अरू हरफहरू थपेर चर्चको एक मठको मूल भिक्षुणी हिल्दाकहाँ गए। उनलाई आफ्नो अचम्मको अनुभव सुनाए। रातमा गाएको गीत उनलाई सुनाए। उनको गीत सुनेर त्यस मूल भिक्षुणी र अरू सुन्नेहरू छक्क परे। “परमेश्वरबाट स्वर्गको अनुग्रह उनमाथि परेको थियो।" भनेर सबैले सहमत गरे।

गाई गोठालाको काम छोडेर उनी ह्विटबीको ठूलो चर्चमा इसाई भिक्षु भए। उनका मित्र भिक्षुहरूले उनलाई बाइबलका सत्य आत्मज्ञानहरू सिकाए। उनले सिकेका ती ज्ञानहरूलाई उनले कवितामा परिणत गरे। उनले कविता वाचन गर्दा मानिसहरूका कानमा यस्तो मिठास भएको थियो कि उनका गुरूहरू उनका श्रोतावर्गहरू हुन पुगे। इसाई भिझु बिडले भने, “ संसारको सृष्टिकोसाथै उनले गाएका गीतहरूमा मानिसको सृष्टि, इस्राएलको इतिहास, ख्रीष्टको जन्म, मृत्यु र पुनरुत्थान, र

प्रेरितहरूका शिक्षादीक्षाहरू थिए।" धर्मशास्त्र बाइबलको पूरा कहानी उनले काव्यमा रचना गरे। उनी पछि कतिपय मानिसहरूले उनका जस्ता धार्मिक कविताहरू रच्न कोशिस गरे तर उनको दाँजोमा कोही पनि पुग्न सकेनन् किनभने उनमा भएको दक्षता मानिसबाट आएको नभएर परमेश्वरबाट आएको थियो।

मानिसको कल्पना र स्वाभाविक विलक्षणलाई जगाउने शक्ति बाइबलमा भएको अचम्म मान्नुपर्दछ। साधारण मानिसहरूको कानमा धर्मशास्त्र बाइबलको यथार्थता र उर्जा केडमने पुऱ्याए। बेलायतको राष्ट्रिय जीवनमा उनको रचनाले गहिरो छाप पारेको थियो। उनले रचेका बाइबल काव्य संसारका अङ्ग्रेजी बोल्नेहरूलाई शताव्दियौंसम्म जागरुक बनाएको थियो। उनीबाट पाएको प्रेरणा अङ्ग्रेजी बोल्ने संस्कारमा कहिल्यै पनि हराएन।

# ४७ ब्रदर लौरेन्स

**ब्रदर लौरेन्स (ई.सन् १६१०-९१)**

ब्रदर लौरेन्स भनेर प्रख्यात भएतापनि उनको खास नाउँ निकोलास हरमन थियो। उनी फ्रान्सको लौरेन भन्ने गाउँमा जन्मेका थिए। उनी तत्कालीन प्रख्यात प्रबुद्ध व्यक्ति पास्कालका समकालीन व्यक्ति थिए। तर उनी किसानका घरानामा जन्मेका साधारण र लेख्न पढ्न नजान्ने व्यक्ति थिए। उनलाई सिपाहीमा भर्ना गरियो र लडाईंमा परेका थिए। उनलाई जासुसी गरेको भनी गोली हानेर मार्न लागेका थिए तर उनी बचेर भागे। युद्धमा उनी घाइते भएका थिए र जिन्दगी भर उनी लङ्गडो भएर बसे। अनि उनले सैनिक सिविरमा सानोतिनो काम पाए। तर उनी भद्दा भएको कारणले जहिले पनि के न के भाँचिरहन्थे। पछि उनी फ्रान्सको कार्मलाइट इसाई मठमा तलब नलिई काम गर्न थाले। त्यहाँ उनले भान्सा घरमा काम गर्न थाले।

अठार वर्षको उमेरमा उनले येशूलाई ग्रहण गरेका थिए। बाइबलमा उल्लेख गरेका अगमवक्ता यर्मियाले जस्तो उनले जाडोमा नाङ्गिएको रूख देखेका थिए। एक दिन उनले त्यसमा ध्यान गर्दा त्यो नाङ्गो रूखले वसन्त ऋतु ल्याउने चिन्ह भएको उनले बुझे।

त्यसबेलादेखि उनले परमेश्वरप्रति अगाध प्रेम राख्दै विश्वासमा कुनै प्रश्न नै नगरी स्वच्छ मनले परमेश्वरको सेवा गर्न थाले। इसाई जगत्को निम्ति उनले एउटा लोकप्रिय भक्ति किताब लेखे। त्यसको नाउँ प्राक्टिस अभ द प्रेजेन्स अभ गड (परमेश्वरको समिपमा उहाँप्रतिको व्यजवाहारिकताले भक्तिभाव देखाउनु)। त्यो पुस्तकमा उनको भित्री मनको कथा छ। इसाईहरूलाई जागरुक बनाउने त्यो लोकप्रिय पुस्तकमा दैनिक जीवनका तीतामीठा कुराहरू लेखिएका छन्। आफूले गरेका गल्तीहरूप्रति हाँसो गर्न उनी कहिल्यै पनि डराएनन्। एक दिन मठको निम्ति पेय पदार्थ किन्न एउटा शहरमा पठाइएको थियो। तर त्यो काम कसरी सम्पन्न गर्ने भन्ने कुराको ज्ञान उनलाई थाहा थिएन। किनमेलमा उनको कुनै दक्षता थिएन। लङ्गडो भएका कारणले त्यो पेय पदार्थ राखिएको भाँडामा गुल्टिएर उनी शहरमा गएका थिए। केही फिक्री छैन सबै थोक परमेश्वरको हातमा छ भनेर उनले त्यस पुस्तकमा लेख्दछन्। त्यो काम परमेश्वरको हो उहाँले नै सम्पन्न गर्नुहुनेछ भन्ने विश्वास उनमा थियो। त्यो काम सफलतापूर्वक सम्पन्न भयो भनेर उनी लेख्दछन्।

भान्साघरमा उनी पन्ध्र वर्ष काम गरेका थिए। उनले जे गरेपनि परमेश्वरप्रतिको प्रेममा ध्यान गरेर गर्थे। परमेश्वरको काम राम्रोसित होस् भनेर उहाँको

अनुग्रहको निम्ति सबै कामकाजमा प्रार्थना गर्थे। आफ्नो काममा परमेश्वरप्रति दत्तचित्त भएर गरेकोले जुनसुकै काम पनि उनका निम्ति सजिलो भएको थियो। जुनसुकै समयमा पनि प्रार्थनाको अवस्थामा आफूलाई राख्नुपर्छ भन्ने उनको सल्लाह थियो। प्रार्थनाका निम्ति एकान्त ठाउँमा गएको भन्दा काम गरेको बेलामा उनी परमेश्वरसँग एक भएको अनुभव उनले महसूस गरेका थिए।

येशूभक्तहरूका बारेमा धेरै कथा लेखिएका छन् तर उनका केही कथा उल्लेखनीय छन्। उनी सरल र स्वच्छ मनका थिए भने उनी भद्दा भूतपूर्व सैनिक थिए। लङ्गडो खुट्टाले भान्साघरमा बाङ्गोटिङ्गो तरिकाले हिँड्थे। आफ्नो काम सार्है मन नपरेतापनि सुसेल्दै काम गर्थे। नम्र मिजास भएर पनि हँसी ठट्टा गर्न उनी रुचाउँथे। आफूले गरेका गल्तीहरूप्रति मजाक मनाउँथे। नम्रतापूर्वक परमेश्वरको सेवा गर्न पाएकोमा उनी सन्तुष्ट हुन्थे। जब भान्साघरमा काम गर्न बूढो भएकाले उनी आफूलाई केही न केही उपलब्धिमूलक काम गरेर बस्न चाहेकोले यताउति गएर सघाउने काममा लाग्दथे। त्यो काम उनी एकासी वर्षको उमेरमा नमरुञ्जेल निरन्तर गरिरहे।

उनी लेख्दछन् “तिम्रो हृदय परमेश्वरतिर उठाऊ। खाने बेलामा होस् वा साथीहरूको साथमा होस्

परमेश्वरको उपस्थितिको अनुभव गर्नू। चर्चमा मात्र गएर परमेश्वरको नजिक हुनुपर्छ भन्ने छैन। जुनसुकै बेलामा पनि परमेश्वरको वचनलाई हाम्रो आफ्नै हृदयमा गुनगुनाएर उहाँको नजिक भएको आभास हामी पाउन सक्छौं।"

कर्मठ तथा जाँगरिला सिपाहीँलाई उनले लेख्दछन्: “आफ्नो मन परमेश्वरतिर अलिकति उचाले पुग्छ। उहाँलाई अलिकती सम्झेर भित्री हृदयले उपासना गर्नुपर्छ। तरबारलाई हातमा लिएर हिँड्दा पनि परमेश्वरलाई छोटो प्रार्थना गर्दा त्यो ग्रहण योग्य हुन्छ।" सर्वसाधारण येशूभक्तहरूलाई चुनौती दिँदै उनले लेख्छन् “प्रार्थनाको समय र काम गर्ने समय मलाई फरक छैन। भान्साघरको हल्लीखल्लीमा र जब धेरै मानिसहरूले एकै समयमा खानेकुरा मागिरहेको समयमा परमेश्वरको उपस्थिति भएको वडो शान्तपूर्वक अनुभव गर्दछु मानौं उहाँको आराधना गर्दै उहाँको सामु घुँडा टेकिरहेको छु।"

# ४८ अलेक्जान्दर डफ

**अलेक्जान्दर डफ (सन् १८०६-७८)**

परिश्रमले थकित र बिमार भएका जुत्ता सिउँदै परमेश्वरको सुसमाचार प्रचारप्रसार गर्ने विलियम क्यारीको निम्ति अत्यन्त खुशीको समय थियो जब अलेक्जानदर डफलाई उनले श्रीरामपूरमा स्वागत गर्न पाएका थिए। पहेलो रङ्गको विलियम क्यारी बूढो भएर कुप्रिएका थिए र उनले सेतो ज्याकेट लाएका थिए भने अलेक्जान्दर पहाडमा हुर्केको हृष्टपुष्ट र खस्रा मानिस थिए। कलकत्ताको श्रीरामपूरमा विलियम क्यारीको काम उच्च शिखरमा पुगेको थियो। तर उनी आफ्नो देश बेलायतमा जान अत्यन्त यस्तो आत्तुरी हुन्थे कि त्यस देशको सम्झनाको निम्ति आफ्नो घरको वरिपरि डेजी फूलहरू रोपेका थिए। उनले लेख्दछन् "युरोप छोडेको तीस वर्ष भयो। मेरो देश बेलायतमा फर्कन सक्छु कि सक्दिन मलाई थाहा छैन। तर यो सुन्दर इङ्ग्लिश डेजी फूलहरूलाई हेर्दा मलाई अत्यन्त रमाइलो लाग्दछ र मेरो घरको याद दिलाउँछ।" विलियम क्यारी आफ्नो देश बेलायताबाट निकाला गरिएको थियो। कडा परिश्रम गरी जीवन गुजार्नुपरेको थियो। आफ्नो देशमा फर्कन प्रबल चाहना गरेका थिए। जब ठक ठक गर्दै अलेक्जान्दर

आइपुगे उनको हृदय खुशीले गदगद भएको थियो। उनलाई हात बढाएर विलियम क्यारीले भारतमा स्वागत गरे र उनको भावी कामको निम्ति परमेश्वरसँग प्रार्थना गरे।

स्कटल्यान्डको प्रेसबेटिरियन चर्चले बाहिरी देशमा सुसमाचार प्रचार गर्न पठाउने कार्यक्रममा अलेक्जान्दर प्रथम थिए। बेलायतदेखि भारतसम्म आउन उनलाई चार महिना लागेको थियो। तिनले डुङ्गामा समुद्रको तुफानी मौसममा यात्रा गरेका थिए। यात्राको क्रममा टेबल बे भन्ने ठाउँमा उनको डुङ्गा पल्टियो र उनको सबै श्रीसम्पत्ती पानीले बगाए। त्यसमा उनको पुस्तकहरूको चाङ्ग पनि थियो। अलेक्जान्दर र अरू यात्रुहरू पौडी खेलेर समुद्रको किनारमा आए। पछि डुङ्गा पल्टेर अलपत्र भएका यात्रुहरूले दुईवटा पुस्तकहरू समुद्रको किनारमा भेट्टाए। बाइबल र स्कटिश भाषामा लेखेको भजनको पुस्तक तिनीहरूले भेट्टाएका थिए। बालुवा र पानीले निथ्रुक्क भिजेका ती किताबहरूलाई परमेश्वरको सन्देश भनेर ती डुबेर बचेका यात्रुहरूले आत्मसात गरे। अलेक्जान्दर डफको अगुवाईमा ती यात्रुहरू घुँडा टेके र उनले भजन १०७ पल्ट पढे जसमा यो लेखिएको थियो "जो बुद्धिमानी छ त्यसले यी कुराहरूमा ध्यान देओस्।" त्यसबेलादेखि त्यो भजन उनको मनबाट कहिल्यै पनि हटेन। जब जब तिनी हरेस खाएर निरुत्साह हुन्थे तब

तब त्यो समयको याद उनमा आउँथ्यो जब डुङ्गा पल्टेर आशारहित भएको थियो। त्यसबेला समुद्रको छालले बगाएको पानीले निथ्रुक्क भिजेको बाइबल हातमा पर्दा उनको हृदयमा आशा पलाएको थियो र परमेश्वरमा भरोसा जागेको थियो।

अलेक्जान्दरले भारतमा महान् कामहरू गरेका थिए। उनले कलेज स्थापना गरे। उनी लामो आयुसम्म बाँचे। आफूले गरेका कामहरूको फल उनले हेर्नपाएका थिए। सुरूमा सजिलो थिएन। उनलाई भारतमा पठाउनु पहिले सन् १७९६मा उनको स्कटल्यान्ड चर्चको साधारण सभाले आफ्नै देशका कतिपय मानिसहरूले त येशूलाई ग्रहण नगरेको परिप्रेक्ष्यमा बाहिर देशमा प्रचार गर्न कुनै मानिसलाई पठाउनु अनावश्यक र अनुचित भनेर छलफल गरेको थियो। त्यसबेला एक जना धेरै कुरा गर्ने स्कटले बाइबल मागेर त्यसमा येशूले चेलाहरूलाई सारा संसारमा सुसमाचार सुनाउने आदेश दिनुभएको पढेर सुनाएको थियो। तर त्यसबेला त्यसको कुरालाई चर्चले वास्ता गरेन। त्यसको बीस वर्षपछि मात्र सुसमाचारको काममा मानिसहरूलाई बाहिर देशमा पठाउनुपर्छ भनेर चर्चले अनुमोदन गरेको थियो। त्यसबेला सुसमाचार सुनाउन बाहिर  देशमा कोही जान चाहन्छ कि भनेर आह्वान गरेको  बेलामा अलेक्जान्दरले त्यो बोलावत स्वीकार गरेका थिए।

सन् १८५७मा भारतमा ठूलो सैनिक विद्रोह भएको थियो। अरू विदेशीहरू जस्तै अलेक्जान्दरले पनि ठूलो तनाब र चिन्ता भोग्नु परेको थियो। जब उनी अन्यौल र ठूलो छटपटको अवस्थामा परेका थिए त्यसबेला उनलाई मनपर्ने भजनको पुस्तकमा भएका भजनहरूको याद हुन्थ्यो। "भजनको मिठोपना र अक्षरस अर्थ मैले पहिले कहिल्यै पनि बुझेको थिइन।" उनले लेख्छन्। कठिन परिस्थितिमा गुज्रिनुपरेको बेलामा भजनका लेखकले लेखेको यो भजनले उनलाई ठूलो सान्त्वना मिलेको थियोः "म पल्टेँ र सुतेँ। म बिउँझेँ। परमेश्वरले मलाई सम्हाल्नु भयो। मेरो विरुद्धमा उठ्ने दसौं हजार मानिसहरूदेखि म डराउनेछैन। हे प्रभु उठ्नुहोस्, मलाई उद्धार गर्नुहोस्, हे मेरो परमेश्वर।"

# ४१ भ्यालेन्टाइन

**भ्यालेन्टाइन (ई,सन् २७०) बिशप र सहिद**

“बिशप भ्यालेन्टाइनको जय होस्। आज उनको दिवस हो।" भन्दै फेब्रुअरी १४को दिन डोन भन्ने युवती गाएकले अत्यन्त उल्लाससाथ गाइन्। सन्त भ्यालेन्टाइन दिनको बारेमा लेखक इलियासले उनको मुग्दरूपमा प्रशंसा गर्दै निबन्ध लेखेकी थिइन्। भ्यालेन्टाइन दिनमा शुभकामना कार्डहरू पठाउने जतिसुकै पुरानो चलन भएतापनि त्यो कसरी सुरू भयो भन्ने कुरामा अस्पष्ट छ। गाउँघरमा चलेको लोक विश्वास अनुसार यो चराहरूका जोडी मिल्ने मौसम भनिन्छ। त्यसै अनुसार यस मौसममा साथी वा प्रेमी र प्रेमिकाको बीचमा माया प्रिती सम्बन्ध जोड्ने चलनको विकास भयो। त्यो चलन चिटिक्क परेको र रमाइलो हो। आउने वर्षमा प्रियप्रियसी वा मित्रहरूको सफलता हासिल होस् भन्ने चिताउनु सकारात्मक नै मान्नु पर्छ। पत्रमा आलङ्कारिक चित्रहरू बनाएर र भावनात्मक छन्द लेखेर गोप्य मित्रले आफ्नो मन पर्ने साथीलाई हुलाकबाट पठाइन्थ्यो।

इलियासले एक जना चित्रकारको बारेमा वर्णन गर्छिन्। त्यो चित्रकार एउटा घरमा बस्थ्यो। उसको घरको झ्यालबाट एक जना अपरिचित युवती देख्थ्यो। नचिनेतापनि उनलाई देखेर त्यो चित्रकारलाई रमाइलो

लाग्थ्यो। उनलाई भ्यालेन्टाइन पत्र पठाउन ती चित्रकारले निधो गरे। सरल र हँसिलो देखिने त्यस युवतीले कतैबाट पत्र आयो भने खुशी हुनु स्वभाविकै थियो। त्यस चित्रकारले एकदम चम्किलो कागतमा उनको लागि आकर्षित चित्र कोरे। त्यो चित्र कुनै देखावटी वा हल्कारूपमा कोरेको थिएन तर भित्री हृदयमा माया जागेर कोरेको थियो। त्यो चित्र कोरेर उक्त चित्रकारले हुलाकबाट त्यस युवतीलाई पठायो। भोलीपल्ट उसको अमूल्य उपहार त्यस युवतीले पाएको आफ्नो झ्यालबाट चित्रकारले हेरे। त्यो चित्र भएको खाम रमाइलो मान्दै खोलेको उसले हेरिरहे। जब कसले पठाएको होला भन्दै अचम्म र खुशी भएर त्यो खाम खोलिन् तब उनी अत्यन्त हर्षित भएर थपडी मार्दै नाच्न थालिन्। ती युवतीको कुनै प्रिय थिएन र कसले पठाएको भनेर नाउँ उल्लेख नगरेकोले कुनै परी वा परमेश्वरले पठाएको उपहार भनेर अँगालो मारिन्। यस निबन्धको लेखिका इलियाले भन्छिन् “त्यो उपहारले उनलाई केही खराब गर्दैन। त्यस उपहारले उनलाई सदाको निम्ति असलै हुनेछ। अपरिचित वा अनामिकालाई प्रेम गर्नु राम्रै हो।" त्यसरी नै आफ्नो गोप्य भन्डारबाट परमेश्वरले आफ्नो उपहार हाम्रो निम्ति पठाउनुभयो। येशूका चेला याकुबले लेख्दछन् “प्रत्येक असल र सिद्ध उपहार माथिबाट आउँछ। र त्यो परमेश्वर पिताबाट नै हो।"

तर भ्यालेन्टाइन दिन इसाईसँग सम्बन्धित दिन पनि हो। तर त्यो दिन दुःखलाग्दो दिनको सम्झना गराउँछ। त्यस दिनमा परमेश्वरमा निष्ठावान् व्यक्तिलाई सहिद बनाइएको थियो। सन्त भ्यालेन्टाइन रोममा पादरी काम गर्दथे। त्यसबेला क्रुर रोमी सरकारले हजारौं इसाईहरूलाई सहिद बनाएका थिए। गोप्य रूपमा मारिन लागेका इसाईहरूलाई सघायो भनेर उनलाई पक्रिएको थियो र सिक्रीले बाँधेर झ्यालखानामा राखिएको थियो। शहरको वडा हाकिम कलपुरनियसले उनलाई पक्रेर अस्टेरियसको जिम्मामा लगाइयो। अस्टेरियस शहरको झ्यालखानाको मुख्य हाकिम थियो। उसले भ्यालेन्टाइनलाई एक जना सिपाहीँको मातहतमा झ्यालखानामा राखियो। सन्त पावलले जस्तै जेलको त्यस हाकिम अस्टेरियसलाई येशूको बारेमा प्रचार गरेर उहाँको उपासक बनाए। सारा घराना समेत अस्टेरियसले बप्तिस्मा लिए। भ्यालेन्टाइनको त्यो काम देखेर सम्राट् क्लडियस रिसले चुर भयो र उसलाई झन कठोर सजायँ दिन उर्दी दिए। उनलाई गदाले चुट्न लगाए। त्यसपछि बादशाहले आफ्नो रिस थाम्न भ्यालेन्टाइनको टाउको काट्न लगाए।

येशूभक्त भ्यालेन्टाइनको बारेमा त्यसबाहेक अरू कुनै जानकारी छैन। उनको असली स्वभावलाई बिर्सेर आजका मानिसहरूले उनको नाउँको वरिपरि भावुक

चलनले छोपेको छ र उनकै नाउँमा अनेकौं काल्पनिक चित्रहरू कोरेर प्रिय र प्रियसीको बीचमा सम्बन्ध बढाइरहेको पाउँछौं। यद्यपि सताइको अन्धकारमा भ्यालेन्टाइनको स्मरण उज्वल तारा जस्तो चम्किरहन्छन् किनकि येशूका अनुयायीहरूलाई उनले भरसक आफ्नो ज्यानलाई खतरामा राखेर सहयोग गरेका थिए। रातारात ढुकेर गोप्य सन्देश येशूको नाउँमा आहुती दिने इसाईहरूलाई उनले ल्याउँथे वा अन्धकारको समयमा कसैले थाहा नपाउने गरी पीडामा परेका विश्वासीहरूलाई अँगालो मारेर आशा र सान्त्वना दिन्थे। कालकोठरीमा यातना सहिरहेका र दर्दनाक आत्माले सताइरहेकाहरूलाई उनको उपस्थितिले कस्तो प्रफुल्लता ल्यायो होला, त्यो अकल्पनीय छ। अँध्यारो बादलमा पस्रिरहेका येशूका सहिदहरूलाई भ्यालेन्टाइनले माया र चासो देखाउँदा कस्को मन कृतज्ञपूर्ण थिएन होला? भ्यालेन्टाइन आफ्नो भाऊ नखोज्ने अनजान परोपकारी थिए। सहिदहरूका गोप्य मित्र भएर कतिपयलाई उद्धार गरे भने कतिपयलाई राहत दिएका थिए।

# ५० लर्ड शाफ्टसबरी

**परोपकारी र सामाजिक सुधारक (ई,सन् १८०१-८५)**

आन्थोनी आश्ले कुपर बेलायतका शाफसटसबेरी प्रान्तका सातौं शासक थिए। यदि कोही शासक धर्मपरायण छ भने राष्ट्रको जीवन र काममा कस्तो असर पर्न सक्छ भनेर आश्लेको जीवनबाट थाहा दिन्छ। उनी ग्रोसभेनर स्क्वायर भन्ने ठाउँमा जन्मेका थिए। उनकी आमाले उनलाई बेवास्ता गरेका कारण उनका बाबुको घर रेखदेख गर्न मरिया मिल्सले स्याहार गरेकी थिइ। मरिया नम्र र असल हृदयकी आइमाई थिई। आश्लेको चरित्रलाई ढाल्न उनले प्रमुख भूमिका खेलेकी थिई। आश्ले उप्रति यस्तो कृतज्ञ थिए कि उसले दिएको घडी नमरुञ्जले लाए। जब हारो भन्ने शहरमा स्कुलमा पढ्दै थियो आश्लेले सडकमा एक जना माग्नेको मलामी देखे। त्यो मरेको माग्नेलाई जँडयाहाहरूले बोकेका थिए। अमानवीय चर्तिकला देखेर उनी वाक्क भए। त्यहीँ उनले श्रमिक वर्गहरूको जीवनमा सुधार गर्न सपथ खाए। उनी ठूलो भएपछि सदनको सदस्य बने। त्यहाँ उनले सामाजिक सुधारका निम्ति विभिन्न ऐनकानूनहरू पारित गराए। तिनीहरूमा कलकारखानाको अवस्थालाई सुधार, महिला र केटाकेटीहरूलाई कोइला खानीमा काम गराउन

बन्देज र साना साना केटाहरूलाई चिमनी सफा गराउन रोक लगाए। समाज सुधार गर्ने अभियानमा उनले ठूलो विरोधको सामना गर्नुपरेको थियो। कतिपय समयमा उनको कामलाई असफल बनाइदिएको थियो। तर उनी आफ्नो दृढतामा अडिग रहे। त्यत्ति मात्र होइन जुत्ता पालिस गर्ने, चोर, बहुलाहा आदिका निम्ति पहल पनि गरे। आफूले गरेको कामलाई स्थायित्व दिएको उनले हेर्न पाएका थिए।

जुन क्रुर र अमानवीय अवस्थाको निम्ति उनले संघर्ष गरेका थिए, उनको अथक प्रयासले त्यो अवस्था निर्मूल भएको थियो।त्यस ताका साधारण जीवनशैली हो भनेर त्यस्तो खस्किएको समाजलाई स्वीकार गरेतापनि त्यस्तालाई अहिले सहने छैन। सारा उद्योग संसारमा उनले गरेर नै आमूल परिवर्तन ल्याएका थिए भनेर मानिएको छ। आफ्नो कामले गर्दा उनी आफैं गरिब हुन पुगेका थिए। आफ्नो मनपर्ने कामलाई अगाडि बढाउन आफूसँग भएको केही पनि उनले बाँकी राखेनन्। उनले भनेका थिए "मेरो आस्था केवल एउटै शब्दमा झारिन्छ त्यो शब्द हो येशू।" सुसमाचार प्रसारप्रचार गर्न उनले अग्रज भूमिका खेलेका थिए। येशूमाथि उनको विश्वास अटल थियो। अरूलाई सुसमाचार प्रचार गर्ने जोश उनमा थियो। बाइबलको मत्ती २५ उनको मनपर्ने अध्याय थियो। त्यहाँ खुला पापको होइन तर आफ्नो कर्तव्यलाई

बेवास्ता गर्ने र अवसर गुमाउनेलाई सीधा रूपमा दोषी ठहऱ्याइएको छ।

उनको विशिष्ट र आकर्षिक व्यक्तित्वले गर्दा समाजमा धेरै मानिसहरूबाट सम्मान पाएका थिए। उनका साथीहरूमा महारानी र सडकमा कुचो लाउनेहरू थिए। फूल बेच्ने केटीहरू, तरकारी बेच्ने ठेलावालाहरू र अखबार बेच्ने केटाहरूलाई उनले सहायता गरेका थिए। उनले गरिबहरूका निम्ति निशुल्क स्कुलहरू स्थापना गरे। उनले शाफटसबरी पार्कको जग्गामा गरिबहरूका निम्ति वारसय घरहरू बनाइ दिए। त्यहाँ शरणार्थीहरू र जहाजमा काम गर्न तालिम लिनेहरूको निम्ति पौवाहरू बनाइदिए। उनको उदारताको सिमाना थिएन। आफ्नो धनसम्पत्ति अत्यन्त खुला दिलले अरूको हितको निम्ति प्रयोग गरे। ब्यावहारिक दिमाग र सन्तको स्वभावको बुद्धिज्ञानले उनी परिचालित भएका थिए। कसैले नदेखेको ठाउँमा उनले ख्रीष्टलाई देखेका थिए भनेर भनिन्छ। एक दिन उनी चोरहरूको भान्साघरमा पसे। त्यहाँ लण्डनका नाजुक अपराधीहरू थिए। त्यहाँ उनले प्रार्थनाको बारेमा बोले। "हजुर प्रार्थना गर्नु त राम्रो हो तर त्यसले भोकाएको पेटलाई भर्दैन" एक जना चोरले भन्यो। लर्ड शाफतस्वरीले तिनीहरूको नाउँ टिपे। सयौंको सङ्ख्यामा तिनीहरूलाई काम दिए र धेरैलाई क्यानाडाका खेतहरूमा काम गर्न पठाए।

जब उनको मृत्यु भयो सारा शहर शोकाकूल भएको थियो। उनको मलामी जान सडक सडकमा लामो लाइन लागेको थियो। उनले स्थापना गरेका घर र आश्रय स्थानका प्रतिनिधिहरू, परोपकारी संस्था र सुसमाचार प्रचारप्रसार गर्ने सङ्गठनहरू जसलाई उनले सहायता गरेका थिए, तिनीहरूका प्रतिनिधिहरू उनको मलामीमा भाग लिन आएका थिए। उनको कामलाई दर्शाउने नारा लेखेका ब्यानरहरूलाई प्रत्येक समूहले बोकेर ठूलो जुलुस निकाल्दै सडकपेटीमा हिँडेका थिए। तत्कालीन प्रधानमन्त्री ग्लाडस्टोनलाई उनको चिहानको स्तम्भमा स्मृतिलेख लेख्न अनुरोध गर्दा उनले यसरी जवाफ दिएका थिएः "आफ्नो पदलाई प्रभावित पार्न आफूलाई सुम्पे। उनको हृदयमा ठूलो सहानुभूति थियो। उनको दिमागमा ठूलो शक्ति थियो। आफ्ना मित्रजनहरूलाई सेवा गरेर उनले परमेश्वरको सम्मान गरे।"

# ५१ अनिसमस

**(प्रथम शताब्दी) फिलमनको दास**

प्रेरित पावलले लेखेका पत्रहरूमा फिलमनलाई लेखेको पत्र सबभन्दा छोटो मानिन्छ। त्यस पत्रको विषयवस्तु हो अनिसमस। अनिसमस जमिन्दार फिलमनको भगुवा दास थियो। अनिसमस भन्ने नाउँको अर्थ सहयोगी हो। यस्तो नाउँ ग्रीक सभ्यतामा पैसाबाट किनेर ल्याएका दासहरूलाई दिइने चलन थियो।

फिलमन पावलको अत्यन्त आत्मिक मित्र थिए। उनी रोमी साम्राज्यको कोलोस्सी भन्ने प्रान्तमा बस्थे। जुन प्रकारले फिलमनलाई सम्बोधन गरेर लेखेको पत्र थियो त्यसले पावल र फिलमनको बीचमा कस्तो घनिष्ठ सम्बन्ध थियो भनेर देखाउँछ। फिलमन पावलको कारणले येशूभक्त बनेका थिए। ती मानिस अत्यन्त धनी भएको देखिन्छ। उनी सम्मानित र विशाल हृदय भएका मानिस थिए। उनी अतिथि सत्कारमा पोख्त थिए। आफू बस्नलाई उनको घरमा ठाउँ तयार राख्न पावलले अनुरोध गरेका थिए। प्रभु येशूप्रति फिलमनको अगाध आस्था भएकोले नै उनको घरमा चर्च हुने गर्दथ्यो।

पावलको पत्रको पछाडि अत्यन्त हृदयविदारक कथा लुकेको पाउँछौं। पैसाको मामिलाले गर्दा अनिसमस फिलमेनको घरबाट भागेको थियो। हुनसक्छ अनिसमस

इमान्दारी थिएन वा पैसा हिनामिना गऱ्यो भनेर उसमा शङ्का वा आरोप लागेको थियो। अनिसमसको निम्ति पावलले आफ्नो मित्रलाई यसरी लेख्दछन् “यदि उसले केही गल्ती गरेको छ वा उसबाट पैसा असुल गर्नुछ भने मेरो नाउँमा राखिदिनुहोस्। म पावल आफ्नै हातले सही गरेर यो पत्र पठाउँदैछु। म आफैं तिरिदिनेछु।" यस पत्रले हामीलाई येशूले भन्नुभएको अर्तीकथाका बारेमा सम्झना गराउँछः “एक जना धनी मानिस थियो। उसको खजाञ्ची थियो। उसले पैसा जथाभावी खर्च गरेर उडाएको थियो।"

जे भएतापनि अनिसमस कलङ्कित र अपमानित भएकोले भाग्नु परेको थियो। भाग्दा भाग्दै त्यो पावलको सम्पर्कमा आउन पुग्यो। पावल जेलमा थियो। उनी वयोवृद्ध अवस्थामा थिए। अनिसमस पावलको सेवा गर्न पुगेको थियो। पावललाई सेवा गर्ने दौरानमा त्यो पावलको अभिन्न मित्र बन्न पुग्यो। पावललाई आफ्ना गल्तीहरू भने। पावलको प्यारमा तिनले येशूलाई विश्वास गरे। पावलले तिनलाई आफ्नै छोरा जस्तै बनाए। पावल भन्दछन् कि उनले अनिसमसलाई पाए र तिनी सुसमाचारको सच्चा पुत्र भए। तिनी असाध्ये मिलनसार, सहयोगी र हितकारी भएको पावलले पाएका थिए। पावलले तिनलाई आफूसँग सदाको निम्ति राख्न चाहेका थिए। पावल र अनिसमसको बीचमा यस्तो आत्मियता

भएको थियो कि अनिसमसभन्दा अरू कोही नचाहेको पावलले व्यक्त गरेका थिए। तर आफ्नो नैतिक कर्तव्यबाट पावल वञ्चित हुन चाहेनन्। फिलमनप्रति पावलको ठूलो श्रद्धा थियो। फिलमन र अनिसमसको बीचमा सुमधुर सम्बन्ध भएको पावलले चाहेका थिए। त्यसले गर्दा अनिसमसलाई आफूलाई चाहेतापनि फिलमनकहाँ फिर्ता पठाउन पावलले उचित ठाने। धर्मशङ्कटमा परेको पावलले आफ्नो मित्र फिलमनलाई अत्यन्त संवेदनशील पत्र लेख्न बाध्य भएका थिए।

अनिसमसमा भ्रष्ट आरोप लागेको थियो जसले गर्दा उसले गरेको गल्तीलाई पावलले सजिलैसँग निरपराध घोषणा त गरेका थिएनन्। बरू पावलले उसको कुरालाई खुला रूपमा लेख्दछन्। उनले लेख्छन् “हुनसक्छ तपाईंबाट अनिसमस केही समयको निम्तिमात्र छुटिएको होला ताकि तिनी तपाईंको निम्ति सधैं सेवक बनून्। यद्यपि, तिनी मेरो निम्ति प्रिय भाई भएको हुनाले तपाईंको निम्ति झन बढी मायालु हुन गएका छन्। त्यसकारण तिनलाई नोकर वा दासको रूपमा होइन तर प्रिय भाइको रूपमा त्यसलाई पुन ग्रहण गर्नुहोस्। यदि तपाईं मेरो सहयात्री भएको दावी गर्नुहुन्छ भने अनिसमसलाई मलाई जस्तै गरेर सत्कार गर्नुहोस्।"

पावलको पत्र लिएर अनिसमस फिलमनकहाँ फर्केर गएको थियो। तिनी अब कलङ्कित व्यक्तिमा गनिन

पुगेनन्। पावलले व्यक्तिगत रूपमा लेखेको पत्र केवल फिलमनलाई थियो। त्यस पत्रले प्रेरित पावलको सदाशयता, सहानुभूति, प्रेम, अनुग्रह संवेदनशील स्वभाव देखाउँछ। असजिलो परिस्थितिमा पावलले आफ्नो मित्रप्रति कस्तो भरोसा देखाएका थिए भनेर त्यस पत्रले देखाउँछ। मालिककहाँबाट दास भाग्नु भनेको अपराधी मानिन्थ्यो। त्यस्तो अवस्थामा मालिकले दासलाई मार्न सक्थ्यो र यातना दिन सक्थ्यो। त्यस्तो संवेदशील अवस्थालाई ध्यानमा राखेर पावलले फिलमनलाई बढो समझदारीपूर्वक स्नेह देखाएर पत्र लेखेका थिए। उनले उल्लेख गर्दछन् "तपाईंमाथि भरोसा राखेर नै मैले यो पत्र लेखेको छु। मलाई थाहा छ तपाईंले अनिसमसलाई मैले अपेक्षा गरेको भन्दा भारी माया गर्नुहुनेछ।"

अनिसमसको बारेमा त्यहाँबाट अरू लिखित जानकारी बाइबलमा छैन। तर भनिन्छ फिलमनले अनिसमसलाई फुक्का गरिदिए। उनी सुसमाचारको प्रचारमा संलघ्न भएका थिए र पछि उनी बिशपको पद पनि सम्हाले भनिएको छ। उनी युरोपको स्पेनमा गएर प्रचार गरका थिए। पछि तिनले येशूको निम्ति सहिदको यातना सहनुपरेको थियो। एउटा कुरो त हामीलाई थाहा छ। पावलले कलस्सीहरूलाई लेखेको पत्रमा अनिसमसको बारेमा उल्लेख गरेको थियो। अनिसमसको सराहना गर्दै पावलले आफ्नो मित्र टाईकिकसलाई पत्र पठाउँदै यो

भावना व्यक्त गर्दछन् "अनिसमसलाई पनि म पठाउँदैछु। तिनी विश्वासी र अतिप्रिय भाइ हुन्। उनी तिमीहरूमध्ये एक हुन्।"

(तत्कालीन रोमी साम्राज्यमा दासप्रथा वैध थियो। न त येशूले न त पावलले सामाजिक सुधारक भएर दासप्रथाको उन्मूलनको निम्ति अभियान चलाएका थिए। तर अनिसमस र फिलमनको पत्रले यो देखाउँछकि जब कोही मानिस येशूमा विश्वास गर्छ तब दासप्रथा स्वतः उन्मूलन हुन्छ। पावलले आफूले लेखेका पत्र गलाती ३:२८मा लेख्दछन् "येशूमा कोही पनि मालिक र दास वा श्रमिक वर्ग छैन।" त्यसकारण मानिस र मानिसका बीचमा सच्चा समानता कुनै वादले नदिएर केवल येशूले मात्र दिन सक्छ भनेर देखाउने प्रमाण दिन बाइबल नै धरोहरको रूपमा खडा भएको पाइन्छ)।

# ५२ होरास बुशनेल

**होरास बुशनेल (१८०२-७६) न्यु इङ्गलान्ड (अमेरिका)
प्रचारक र धर्मशास्त्र बाइबलको विद्वान्**

अमेरिकाको न्यु इङ्गलान्ड प्रान्तमा होरास बुशनेल जन्मेर हुर्केका थिए उन्नाइसौं शताब्दीको पहिलो दशकमा उनी रहेका थिए। उनका बुबा मेथोडिस्ट मतका इसाई थिए ने उनकी आमा इपिस्कोपलियन मतको इसाई थिइन् तिनीहरू रहेको गाउँमा कुनै खास चर्च नभएको कारणले होरासको परिवार अरू इसाई मतहरूसँग मिलेर सँगै आराधना गर्न थाले। त्यसरी मिलेर आराधना गर्नेहरूलाई कन्ग्रेशनलिस्ट भनिन्छ। यस मतमा तिनीहरू समर्पित थिए। उन्नाईस बर्षको उमेरमा बुशनेल आफू इसाई भएको प्रकट गरेका थिए। तर दुई वर्षपछि धर्मप्रति उनको मानसिक परिवर्तन भएको थियो। तीक्ष्ण बौद्धिक क्षमता भएकोले बाइबललाई आलोचनात्मक रूपमा हेर्न थाले। उनको जीवनमा आत्मिक तरङ्गमा खिचोलो हुन थालेको थियो। धर्म भनेको कहिल्यै पनि बुझ्न सकिंदैन भनेर उनले व्यक्त गर्न थाले। पछि जब उनी अमेरिकाको प्रसिद्ध याल विश्वविद्यालयमा विद्यार्थी र शिक्षक हुन पुग्दा धर्मका बारेमा आफूले नै निकालेको

निष्कर्ष अभिव्यक्ति चुनौतीका रूपमा खडा भएको उनले पाए।

बेलाबेलामा याल विश्वाविद्यालयमा धार्मिक पुनर्जागरण हुन्थ्यो। त्यस आत्मिक जागरणप्रति बुशनेलले खास चासो देखाएकाहुँदैनथिए। तर उनका विद्यार्थीहरूको कारणले तिनीहरूसँग लहै लहैमा ती आत्मिक जागरणहरूमा जान्थे। समय बित्दै जाँदा विद्यार्थीहरूको निम्ति ती जागरणमा जाने क्रममा धर्मप्रति उनको झुकाब बदलिन थाल्यो र अन्तमा उनको आत्मिक जीवन पूर्ण रूपमा काँचुली फेरियो। परमेश्वरप्रतिको आस्था र उनको हृदयमा भएको तगारो तोडियो। उनको भावना विवेकको स्वतन्त्रताको द्वार बन्यो र उनले इसाई जीवनलाई सहस्र स्वीकार गरे। एक दिन उनले आफ्नो सहअध्यापकलाई यो स्वीकार गरेका थिए "मेरो हृदय छ तर दिमाग पनि छ। मेरो हृदयले परमेश्वर पिता चाहन्छ। मेरो हृदयले उहाँको पुत्र येशूको चाहना गर्दछ। मेरो हृदयले पवित्र आत्माको चाहना गर्दछ। पिता, पुत्र र पवित्र आत्माको मेरो हृदयको माग हो। त्रिएक परमेश्वर छ भनेर बाइबलले भन्दछ। त्यस अवधारणालाई मेरो भित्री हृदयदेखि पक्रिराख्ने मेरो मनशाय छ।"

परमेश्वरप्रति अगाध झुकाबले गर्दा प्रचारक बन्न उनलाई अग्रसर गरायो। याल विश्वविद्यालयमा अध्यापक

हुँदै गरेको बेलामा फेरि उनी विद्यार्थी हुन पुगे। यस बेला उनी धर्मदर्शनको विद्यार्थी हुन गएका थिए। त्यहाँ उनलाई कङ्ग्रिगेशनल इसाई मतको धार्मिक गुरू बन्न अभिषेक गरियो। प्रचारक र स्थानीय नागरिक समाजको अगुवा भएर उनले उल्लेखनीय सफलता हासिल गरे। दुर्भाग्यवश बीस वर्षभित्र रोगको शिकारमा परेर आफ्नो कामबाट उनले राजीनामा दिनु पर्‍यो। उनी क्षयरोगले ग्रस्त भएका थिए। अनि बीस वर्षसम्म आफूसँग भएको बौद्धिक द्रव्यलाई पुस्तकहरूमा र प्रवचनहरू रचेर खन्याए। उनले आफ्नो शरीरलाई भत्किएको कारखाना भनेर सम्बोधन गर्दथे।

उनले रचेका पुस्तकहरू धेरै उपयोगी शिक्षाप्रद छन्। बालकहरूलाई मूल्यवान् बनाइ हुर्काउन परिवारको ठूलो भूमिका हुन्छ। सानैदेखि जुन असल छ त्यसप्रति माया गर्न सिकाउनुपर्छ भनेर उनले लेख्दछन्। जबर्जस्ती वंशको नाउँमा कुनै पनि बालकलाई इसाई बनाउनु हुन्न भनेर उनले व्यक्त गर्दछन्, बरू त्यस्तो इसाई वातावरण बनाउनुपर्दछ जहाँ बालबालिकाहरूले आफ्नै स्वेच्छाले येशूलाई अँगाल्न पुग्दछ। परमेश्वरको राज्यमा पस्न करकापमा होइन आफ्नो विवेकलाई प्रयोग गर्नुपर्छ। यो नै सही र सामान्य इसाईको पहिचान हो भनेर उनले दाबी गरेका थिए। धर्मलाई तर्कबाट होइन बरू नैतिकता र भावनाको परिधिमा राखेर चलाउनुपर्छ भनेर उनले जोड

दिएका थिए। कुनै तर्क वा वादविवादबाट स्वतन्त्र रहेर आत्मिक जीवन हासिल गर्नुपर्छ। त्यस्तो खालको जीवनले आत्मिक ज्ञानको शक्तिको अनुभूति गर्दछ जसले गर्दा मानिसलाई परमेश्वरतिर खिँच्दछ। धर्मका विवादास्पद दर्शनहरूले होइन मानिसलाई परमेश्वरको प्रेमले तान्नुपर्छ भन्ने उनको जोड थियो।

परम्परावादी इसाईहरूको बीचमा उनको धारणा क्रान्तिकारी थियो। पाँच पटक उनको विरुद्धमा धर्म त्याग गर्ने व्यक्ति भनेर मुद्दा चलाइएको थियो। तर ती मुद्दाहरूमा धर्मका खोल ओढ्ने इसाई धर्मगुरूहरूले उनलाई हराउने केही आधार पाएनन्। तर त्यसले उनलाई अनावश्यक रूपमा दुःख र चिन्ता खप्नु परेको थियो। तर आफ्नो गिर्दो शरीरको बाबजुद पनि आफ्नो काममा उनी क्रियाशील भएर बसे। पक्का इसाईपन भनेको कसैको सापटी विचारमा होइन आफ्नै स्वाभाविक विचारमा लाग्नु पर्छ र साथै सृजनात्मक आत्मज्ञानको प्रवाह गर्नु सही येशूभक्तको जीवन हो भनेर सबैले जानून् भनेर उनले अनुरोध गर्दथे। उनको लेख, उनको बहादुरी समर्पित जीवन र परमेश्वरप्रति गहिरो झुकावले धेरै मानिसहरूलाई प्रेरणा मिलेको थियो।

# ५३ मार्टिन लुथर

**मार्टिन लुथर (जन्म नभेम्ब १०, १४८३-१५४६)**

**विश्वविख्यात इसाई धार्मिक सुधारवादी**

मार्टिन लुथर रोमन क्याथोलिक धर्मका विद्वान् भिक्षु थिए। पोपको भक्त भएका कारणले अरू इसाई भिक्षुहरूले जस्तै उनले पनि पोपको आदेशलाई सहस्र स्वीकार गर्दथे। त्यस ताका वर्तमान भ्याटिकनमा रहेको प्रख्यात सेन्ट पिटर चर्चको निर्माण गर्न मानिसहरूलाई एक किसिमको प्रमाणपत्र क्याथोलिक धर्मगुरूहरूले बेच्दथे। यदि कसैले पाप गरे वा स्वर्गमा जान चाहे त्यो प्रमाणपत्र किने पुग्छ भनेर जनमानसमा रोमन क्याथोलिक चर्चले फैलाएको थियो। जतिसुकै अपराध गरेपनि त्यो प्रमाणपत्र किने क्षमा पाइन्छ भनेकोले त्यो प्रमाणपत्र किन्न मानिसलाई बाध्य गराएको थियो। त्यसबाट आर्जन गरेको पैसाले रोममा भव्य चर्चहरू निर्माण गरिन्थे जुन आज पनि छन्।

सेन्ट पिटर्स चर्चको पुनर्निर्माण गर्न उक्त प्रमाणपत्र बेच्ने काममा संलघ्न भइरहेकै बेलामा त्यस कामप्रति उनलाई वाक्क भयो। विशेष गरेर स्वर्गलाई पनि किनेर पाउन सकिन्छ र भन्ने कुरामा सोच्न थालेका थिए। अनेकन् सोचविचारपछि, पोपको कदम गलत

भएको उनले निष्कर्ष निकाले। तर एक दिन उनले जर्मनको चर्च भएको विटनवर्ग दरबारको ढोकामा पोपको कार्यप्रति असहमति जनाउँदै पन्चानब्बे बुँदा भएको प्रस्ताब तयार पारेर सारा संसारले देखून् भनेर टाँगे। रोमन क्याथोलिक चर्चले अपनाउने  सन्त सावल डेको पर्व भएको हुनाले त्यसबेला चर्चमा ठूलो भिड भएको थियो। उनले लेखेको प्रस्ताब केही हदमा नरम भएतापनि सारा मानिसहरूका आँखा त्यहाँ परेका थिए। उनले टाँगेका विषयवस्तुले क्याथोलिक चर्चलाई हल्लाइदियो। चर्चका पदाधिकारीहरूको कमजोर विषयवस्तुलाई उनले पक्रेका थिए। पाप क्षमा पाउने प्रमाणप्रत्र लोकप्रिय थिएन। धेरै बेच्नका निम्ति पैसा घटाएर बेच्दा त्यसको मूल्याङ्कनको स्तर पनि घटेको थियो। परमेश्वरले दिने क्षमालाई मानिसले किनबेच गर्न सक्दैनन् भन्ने लुथरको अभिव्यक्तिले चर्चले उनलाई धर्मविरोधीको आरोप लगाएर अपराधी घोषणा गरे। उनको विरुद्धमा मुद्दा लगाइयो र अदालतमा हाजिर हुन उनलाई बोलाइयो।

तर अत्यन्त अपूर्व साहसले उनलाई निडर गरायो। अदालतको अगाडि आत्मसमर्पण गर्न उनले अस्वीकार गरे। पोपलाई ख्रीष्टको प्रतिनिधिनि मानिन्थ्यो (रोमन क्याथोलिक अनुयायीहरूले अझै पनि त्यस धारणालाई मान्दछन्)। पृथ्वीमा परमेश्वरको आधिकारिक व्यक्ति भएकोले पोपले कहिल्यै पनि गल्ती गर्दैन भन्ने

रोमन क्याथोलिक चर्चको धार्मिक विद्यालाई लुथरले खुलारूपमा विरोध गरे। बाइबल र बाइबलमात्र इसाई धर्मको मूल आधार हुन् भनेर उनले वकालत गरे। रोमन क्याथोलिक चर्चमा धेरै यस्ता शिक्षादीक्षा तथा चाड पर्वहरू छन् जुन बाइबलले अनुमोदन गरेको छैन। रोमन क्याथोलिक चर्चले सिकाएका र दाबी गरेका धेरै दीक्षाहरू देखावटी र गलत छन्, तिनीहरू बाइबल पछि आएका र तिनीहरूलाई मात्र बाइबलमा केही आधार छैन भनेर तत्कालीन विश्वको शक्तिशाली रोमन क्याथोलिक धर्मलाई लुथरले चुनौती दिए।

इसाई भनेर दाबी गरेतापनि क्याथोलिक धर्मको विरुद्धमा जाने इसाईहरूलाई अनेक यातना दिने र जिउँदै जलाउने प्रक्रिया प्रचलित भएको युरोपमा अब लुथरको जीवन अत्यन्त खतरामा परेको थियो। तर आफूप्रति चर्चले लिएको आक्रामक नीतिप्रति उनी खुम्चेनन्। उनका समर्थकहरूले उनलाई राष्ट्रिय वीर पुरुष भनेर घोषणा गरे। रोममा रहेको रोमन क्याथोलिक चर्चबाट अलग भएर जर्मन चर्चमा सुधार ल्याउनुपर्छ भनेर जर्मनका मानिसहरूले आह्वान गर्न थाले।

आफूले गरेका दाबीहरू गलत छन् भनेर स्वीकार गर्न क्योथोलिक चर्चले उनलाई साठी दिनको म्याद दियो। यदि त्यो म्यादभित्र उनी हाजिर भएनन् भने उनलाई धर्मविरोधी भनेर आरोप लगाएर उनलाई मार्ने

निधो गरेका थिए। तर इसाई जगत्मा लुथर परमेश्वरमा अत्यन्त सुरो आस्थावान् साहसिला व्यक्ति भएर जन्मेका थिए। जर्मनका जनताहरूको माझमा र आफ्ना समर्थकहरूको अनुमोदनमा उनले सार्वजनिक रूपमा पोपको हुकुमलाई जलाइदिए। पोपलाई खुशी पार्न शासन गर्ने शासकहरू भएको जर्मनमा विद्रोहको आगो सल्कियो। जर्मनको शहर वर्ममा सम्राट् र सदनको अगाडि स्पष्टीकरण दिन उनलाई उर्दी गरे। त्यस उर्दीको सामना नगर्न उनका मित्रहरूले उनलाई सल्लाह दिए। तर उनले यो जवाफ दिए "वर्म शहरमा रहेका सारा घरहरूको छानाको गन्ती अनुसार शैतानका दूतहरू त्यहाँ भएतापनि म तिनीहरूसँग नडराई त्यस शहरमा पस्छु।" सम्राट्, सांसद, न्यायाधीस तथा धर्मगुरूहरूको वाक् आक्रमण उनले निडर भएर खपे। आफ्नो जीवनको बाजी लगाएर आफ्नो विवेकको स्वतन्त्रतालाई सबैको सामु यसरी घोषणा गरे "मेरो विवेक परमेश्वरको वचनको बन्धनमा छ। यसैमा म उभिन्छु। अरू कुनैमा पनि होइन।" वर्मको अदालतले उनलाई प्रतिगामी र अपराधी घोषित गर्‍यो। उनलाई ज्यानको सजायँ तोकियो तर स्याक्सन अर्थात् जर्मनका उच्चपदस्थ व्यक्तिले उनको रक्षाको निम्ति हस्तक्षेप गरे। उनलाई आफ्नो सुरक्षामा लिए। अनि केही वर्षपछि भएको अगसवर्गको शान्तिसम्झौतामा रोमन क्याथोलिक चर्चको असहमत

जनाउने लुथरका दर्शनहरूलाई राष्ट्रिय मान्यता दिए। लुथरले अपनाएका धर्मदर्शनलाई मानेर जर्मनले लुथरन चर्चलाई राष्ट्रिय चर्च घोषणा गरे।

लुथरले धेरै लेखहरू लेखेका थिए। त्यसबेला बाइबल ल्याटिन भाषामा थिए र सर्वसाधारण मानिसहरूले बुझ्दैनथे। सबै जर्मनहरूले आफ्नै भाषामा बाइबल पढ्न पाउनुपर्छ भनेर उनले बाइबललाई जर्मन भाषामा अनुवाद गरे। त्यस अनुवादमा उनी यस्तो तल्लीन भएका थिए कि ढोका अगाडि शैतान उभिरहेको उनले कल्पना गर्न थाले। उनका अगाडि शैतान उभिरहेको उनले यस्तो प्रत्यक्ष रूपमा देखेको भान यसरी भयो कि आफ्नो टेबुलमा रहेको मसीदानीले त्यस शैतानलाई रिसले चुर भएर हिर्काए। त्यो मसीदानी भित्तामा लाग्यो। अहिले पनि त्यस ठाउँमा त्यसको दाग छ।

युवा अवस्थामा लुथर गरिब थिए। बाटो बाटोमा गीत गाएर उनले जीविका चलाउँथे। एक जना पुरानो नोकरको बारेमा आफ्नी श्रीमतीलाई लेखेको पत्रमा सायद उनले युवाअवस्थाको सम्झना गरेका होलान् "बूढो जोनलाई हामीले सम्मानपूर्वक आफ्नो घरमा फर्काउनुपर्दछ। हामीलाई थाहा छकि उसले सधैं हामीलाई विश्वाससाथ सेवा गरेको छ। त्यस्तो योग्य र इमान्दारी सेवकप्रति हामी छुच्चो हुनुहुँदैन। हामी धनी छैनौं भनेर तिमीले मलाई याद दिलाउनु पर्दैन। यदि

मसँग पैसा भए दस फ्लिरिङ्ग दिने थिएँ (दस सुनको सिक्का)। तर हामीसँग भएको पाँचभन्दा कम भएपनि उसलाई दिएर पठाऔँ। काम गर्दा गर्दा उसको उमेर ढल्किसक्यो।अब उसको काम गर्न नसक्ने अवस्था भएको छ। तिमीले जतिसक्योउति उसलाई सहयोग गर्न म अनुरोध गर्दछु। हाम्रो दराजमा चाँदीको कचौरा छ। त्यसलाई बेचेर उसलाई खर्च दिएपनि हुन्छ।" आफ्नो सानो छोरालाई जहिले पनि क्रिसमसको पर्वमा खुशी पार्न उनी खोज्थे। उनका निम्ति क्रिसमसको गीत रचेर लेखेका थिए "मेरो प्रिय दिल, सुन्, तिम्रो आँखालाई माथि उचाल।"